सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

६ पुस २०८२, आइतबार (21 Dec 2025, Sunday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २४१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

आक्रामक अभियानमा रवि, चितवनबाट दिए चेतावनी

जनविद्रोहलाई नजिस्क्याउनु, संसद् ब्युँताउने दुस्साहस नगर्नु



शनिबार चितवनमा सर्वसाधारण र कार्यकर्तालाई सम्बोधन गर्दै रास्वपा सभापति रवि लामिछाने

■ चितवनमा सर्वसाधारण र कार्यकर्तालाई सम्बोधन गर्दै रवि लामिछानेले भने–

चुनाव र सुशासनमा सरकारलाई समर्थन

तपाईं-हाम्रो भविष्यका लागि अत्यन्तै महत्त्वपूर्ण चुनाव हो । समयमा चिर्वाचन गर्न सरकारलाई हाम्रो साथ छ । मैले प्रधानमन्त्रीको अनुहार अँध्यारो देखिरहेको छु । अनुहारमा हाँसो ल्याउनुस् प्रधानमन्त्रीज्यू । प्रधानमन्त्रीज्यू, तपाईं सुशासनको डन्डा चलाउनुस्, रास्वपा तपाईंको साथमा छ । तपाईं न्यायको मूर्ति हो, धेरैलाई अदालतबाट न्याय दिनुभएको छ । अब देशलाई न्याय गर्ने ठाउँमा आउनुभएको छ । रत्तिभर खुट्टा नकमाउनुस् । एक बारको जुनी हो, धेरै भए नक्खु जेलमा जाने त हो, के चिन्ता गर्नुहुन्छ ।

ओलीको नाम लिएनन्, तर सन्देश दिए

२४ भदौमा केही घुसपैठिया आए होलान् । तर, मुख्यतः अधिल्लो दिन (२३ भदौ) ताकी-ताकी गोली खाएर ढलेका मानिस देखेर आक्रोशित जनताले घरघरबाट विद्रोह गरेका हुन् । त्यो जनताको विद्रोह हो । खबरदार ! त्यो विद्रोहलाई कतै कुनामा पसेर जिस्क्याउने, चलाउने आँट नगर । जनताको विद्रोहलाई चुनौती दिन भन्दै संसद् ब्युँताउने हो कि भनेर आँखा चम्काउने वा नचाउनेहरू, होसियार । सहिदको रगत सुकेको छैन । सहिदकी आमाको आँखा अझै ओभानो भएको छैन । धेरै आँखा नचम्काउनुहोला ।

चितवनमा **पोष्टराज अधिकारी**
काठमाडौंमा **पर्शुराम काफ्ले**

न्यायिक आदेशबाट थुनामुक्त भएलगत्तै राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का अध्यक्ष रवि लामिछानेले तीव्र राजनीतिक अभियान सुरु गरेका छन् । पक्राउ परेको आठ महिनापछि शुक्रबार भैरहवाबाट रिहा भएका उनी शनिबार चितवन र काठमाडौंका राजनीतिक गतिविधिमा सक्रिय बने । पार्टीको मूल नेतृत्वको कमान्ड पुनः सम्हाल्दै उनले संगठनलाई प्रत्यक्ष नेतृत्व गर्दै छन् ।

शुक्रबार रिहा भएलगत्तै चितवन पुगेका उनले

» पृष्ठ २ मा क्रमशः

■ सहिद परिवारलाई भेट्दा भक्कानिए, न्यायका लागि सँगै लड्ने वाचा



काठमाडौं उत्रिएलगत्तै सभापति लामिछानेले जेन-जी आन्दोलनका सहिद परिवारसँग भेट गरेका छन् । बबरमहलस्थित जेन-जी सहिद परिवार कल्याणकारी संस्थाको कार्यालयमा परिवारजनसँगको कुराकानीमा उनले बालबालिकाको हत्या गर्नेलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय अदालतमा उभ्याइने प्रतिबद्धता जनाए ।

'म घुमाउरो ढंगले मिलाएर बोल्न जान्दिनँ, यिनीहरूले मलाई जेसुकै गरून् । यिनीहरू (काग्रेस-एमाले सरकार)ले बच्चा मारेका हुन् । यसलाई मैले भोटको विषय बनाएँ भने पाप लाग्छ । त्यसकारण म कहिल्यै पनि यसो गर्नेछैन,' लामिछानेले भने, 'म नक्खु गए नि जाउँला, सेन्ट्रल जेल गए नि जाउँला । मलाई केही छैन, म न्यायको पक्षमा लड्नेछु । पार्टी सभापतिका रूपमा, व्यक्तिका रूपमा र भोलि निर्वाचित भइसकेपछि जुन अवस्थामा हामी पुग्छौं त्यो अवस्थाबाट अन्तिमसम्म तपाईंहरूका तर्फबाट लड्नेछु ।'

बालबालिकालाई टाउको र छातीमा ताकेर गोली हानिएको भन्दै उनी सम्बोधनका क्रममा भक्कानिएका थिए । 'म जेलबाट निस्केर घरको दैलो टेकेको छैन । म तपाईंहरूकहाँ आएको छु । मेरा ठाउँठाउँमा मुद्दा छन्, के हुन्छ थाहा छैन,' उनले भने, 'तर, मलाई यी भाइबहिनीहरूले न्याय पाउनुपर्छ भन्ने थाहा छ । देशको कुण्डमा तपाईंहरूका छोराछोरी चढेका छन्, यो खेर जाँदैन । हामी खेर जान दिँदैनौं,' उनले भने ।

लामिछानेले २३ भदौको घटनालाई कत्लेआमको संज्ञा दिए र त्यसका विरुद्ध निरन्तर लडिरहने प्रतिबद्धता जनाए । 'त्यस दिन (२३ भदौमा) भएको आमहत्या हो । टाउको-छातीमा हानिएको छ । भिडन्त होइन । कत्लेआम हो । मैले देखेको छु । तर, गर्न सक्ने ठाउँमा म थिइनँ । तपाईंहरूको आँखा पत्रिकामा देखेँ,' भावुक भएर लामिछानेले भने, 'मेरो क्षमता, पार्टीको क्षमता कति हुन्छ थाहा छैन । तपाईंहरूलाई साथ दिन्छौं । नआत्तिनुस् एउटा छोरा गुमाउनुभयो, यहाँ अरू लाखौं छोरा जिउँदै छन् । एक थोपो रगत खेर जान दिँदैनौं, तपाईंहरूको साथमा छौं ।'

■ एकता सभाबाट नेकपाको सन्देश

निर्वाचन सारिए देश गम्भीर राजनीतिक दुर्घटनामा पर्छ

संसद् पुनर्स्थापना गरेर पुरानै सत्ता ब्युँताउने सपना नदेख्न कांग्रेस-एमालेलाई चेतावनी, निर्वाचन धकेल्ने षड्यन्त्र भए सशक्त प्रतिवाद गर्ने शीर्ष नेताहरूको अभिव्यक्ति

प्रेम गौतम/नयाँ पत्रिका

दुई ठुला दल काग्रेस र एमाले संसद् पुनर्स्थापनाको तयारीमा लागिरहेका बेला नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले २१ फागुनमा निर्वाचन नभए देश गम्भीर राजनीतिक संकटमा फस्न सक्ने चेतावनी दिएको छ । शनिबार बागमती प्रदेशस्तरीय एकता सन्देश सभालाई सम्बोधन गर्दै नेकपाका शीर्ष नेताहरूले कसैले निर्वाचन धकेल्ने वा बिथोल्ने षड्यन्त्र गरे त्यसको सशक्त प्रतिवाद गर्ने बताएका छन् ।

नेकपाले सरकार र जनता दुवैसँग शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न गर्न आह्वान गरेको छ । साथै, सभामार्फत नेकपाले राष्ट्रिय स्वाधीनता र सामाजिक एकता कायम गर्नुपर्ने, वामपन्थी एकता अघि बढाउने, सामाजिक न्याय, सुशासन र समृद्धि हुँदै समाजवादतर्फ अघि बढ्ने र युवापुस्तालाई उत्प्रेरित र सम्मान गर्ने सन्देश पनि दिएको छ । नेकपाले सातै प्रदेशमा आयोजना गरेको एकता सन्देश सभा शनिबार बागमती प्रदेशमा समापन भएको छ । सुदूरपश्चिमबाट १२ मंसिरमा सुरु भएको सभाको समापन ५ पुसमा काठमाडौंमा भएको हो ।

नेकपाको बागमती, समन्वय र उपत्यका विशेष प्रदेशको संयुक्त आयोजनामा शनिबार राजधानीको प्रदर्शनीमार्गमा आयोजित सन्देश सभामा संयोजक पुष्पकमल दाहाल प्रचण्डले तोकिएकै मितिमा निर्वाचन हुनुपर्नेमा जोड दिए । प्रचण्डले संसद् पुनर्स्थापना गरेर पुरानै सत्ता ब्युँताउने सपना नदेख्न काग्रेस-एमालेका नेताहरूलाई सचेत गराए ।

» पृष्ठ २ मा क्रमशः



प्रदर्शनीमार्गमा नेकपाले शनिबार आयोजना गरेको बागमती प्रदेशस्तरीय एकता सभा । तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

● प्रचण्डले भने–

सरकारले निर्वाचनको मिति सारे देश फेरि दुर्घटनामा पर्छ । त्यो वेला नेपाली कम्युनिस्ट पार्टी रमिते हुनेछैन । ७७ वटै जिल्लाबाट, सबै पालिकाबाट नयाँ आन्दोलनको, समाजवादी विद्रोहको झन्डा बोकेर आउनेछौं । हामी सरकारलाई भन्न चाहन्छौं- कुनै पनि बहानामा निर्वाचनको मिति सार्ने दुस्साहस नगर्नुहोला । मिति सार्ने, धकेल्ने काम गऱ्यो भने फेरि संविधान मिचिन्छ । त्यसो भए हामी चुप बस्नेछैनौं । सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गरी नै हाल्छ, संसद् पुनर्स्थापनापछि सजिलै फेरि पुरानै सरकार भन्ने कल्पनामा एकथरी मानिसहरू लागेको देखिन्छ । म, ती मानिसहरूलाई त्यो भ्रममा नपर्न अपिल गर्न चाहन्छु ।





● माधव नेपालले भने–

२१ फागुनमा जसरी पनि चुनाव गराउनुपर्छ । जनताले हामीलाई आउने चुनावमा विश्वास गरेर बहुमत दिएको खण्डमा, हाम्रो अग्निपरीक्षा सुरु हुन्छ । हामी जनताको चाहनालाई साकार पार्न इमानदारिताका साथ अगाडि बढेका छौं । हामीलाई एकपटक मौका दिनुपर्ने हुन्छ, हामीले आजसम्म इमानदारिताको राजनीति, देशभक्तिको भावनालाई ध्यानमा राखेर नै भूमिका खेल्दै आइरहेका छौं ।

■ प्रहरीले माग्यो अघिल्लो चुनावको भन्दा धेरै 'निर्वाचन प्रहरी'

एक लाख ४० हजार भर्ती गर्नुपर्ने प्रस्ताव गृहमा

टेकराज थामी/नयाँ पत्रिका

प्रहरीले २१ फागुनमा तोकिएको निर्वाचन सुरक्षार्थ एक लाख ४० हजार 'निर्वाचन प्रहरी' भर्ती गर्नुपर्ने प्रस्ताव गृह मन्त्रालयमा पेस गरेको छ । यो संख्या ०७९ को निर्वाचनको भन्दा चार हजारले धेरै हो । त्यतिबेला एक लाख ३६ हजार 'म्यादी प्रहरी' भर्ना गरिएको थियो । अहिले नाम रूपान्तरण गरेर 'निर्वाचन प्रहरी'का रूपमा भर्ना गर्न लागेको हो ।

यसपटक सुरक्षा चुनौती बढेको र मतदान केन्द्र पनि थपिने भएकाले निर्वाचन प्रहरीको संख्या थप्नुपर्ने नेपाल प्रहरीको निचोड छ । ०७९ को निर्वाचनमा देशभर १० हजार ७५६ मतदानस्थल र २१ हजार ५१२ मतदान केन्द्र रहेकामा यसपालि निर्वाचन आयोगले १० हजार ९२६

» पृष्ठ २ मा क्रमशः



सुरक्षा चुनौती विश्लेषण गरेर निर्वाचन प्रहरीको संख्या निर्धारण गरेका छौं



● **अविनारायण काफ्ले**, प्रवक्ता, प्रहरी

अझै पनि मतदान केन्द्रको संख्या निर्धारण भइसकेको छैन । विगतको भन्दा एक हजारजति केन्द्र थपिने आयोगको कुरा छ । सोहीअनुसार हामीले पनि सुरक्षा चुनौती विश्लेषण गरेर निर्वाचन प्रहरीको संख्या निर्धारण गरेका छौं । हालसम्म एक लाख ४० हजार युवा भर्ना लिनुपर्ने विषयमा छलफल चलिरहेको छ । टुंगिने पनि यही हाराहारीमै होला । विगतमा झैं यसपटक पनि ७७ वटै जिल्लाबाट निर्वाचन प्रहरी भर्ना लिइनेछ । संख्या निर्धारण भएलगत्तै भर्ना लिन सुरु हुनेछ । उनीहरूलाई तालिम दिने काम प्रहरीले नै गर्नेछ ।

भ्युटावरमा डुबेको बाह्रदशी गाउँपालिका




दुई करोड आन्तरिक आम्दानी रहेको झापाको बाह्रदशी गाउँपालिकाले बनाउँदै छ साढे १२ करोडको भ्युटावर

साढे पाँच वर्षमा तीन करोड ३३ लाख खर्च, भौतिक प्रगति ३५.७० प्रतिशत मात्र

(विस्तृत पृष्ठ ३)

ट्रम्पमाथि विश्वास गुमाउन थालेका हुन् अमेरिकीले ?



● डा. मुक्तेदार खान

ट्रम्पको घरेलु नीतिगत निर्णयले असन्तुष्टिलाई बढावा दिइरहेको छ, अहिले मुद्रास्फीति उच्च र बेरोजगारी दर महामारीअघिको स्तरभन्दा माथि छ

(पृष्ठ ५)

तल्ला तहले खर्च गर्न नसकेको वित्तीय हस्तान्तरणको रकम संघले आफैं तान्ने



विगतमा तल्ला तहले फिर्ता गर्नुपर्ने व्यवस्था रहेकामा संघीय सरकारले नियमावली फेरेर राष्ट्र बैंकमार्फत आफैंले रकम खिच्न सक्ने व्यवस्था गरेको छ

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

हाँडीगाउँमा छैन अचेल शनिबारे महोत्सव

सुरक्षाका कारण देखाउँदै सडक महोत्सव बन्द गरिएपछि छैन चहलपहल, चाँडै नै सञ्चालनमा ल्याउने महानगरको योजना

शिवहरि घिमिरे/नयाँ पत्रिका

लिच्छविकालीन ऐतिहासिक बस्ती हाँडीगाउँमा अचेल खासै चहलपहल देखिँदैन । नेवारी खानेकुराका प्रशस्त परिकार पाइने यहाँको बजार हिजोआज सुस्ताएको छ । जेन-जी आन्दोलनभन्दा अघि हरेक शनिबार यहाँ महोत्सव नै हुन्थ्यो । मानिसहरूको अत्यधिक भिड हुन्थ्यो । स्थानीयवासी स्थानीय परिकार बनाउन र बेच्न व्यस्त हुन्थे । काठमाडौं महानगरपालिकाले यस क्षेत्रलाई सडक महोत्सवका रूपमा मनाउन स्थानीयवासीसँग सहजीकरण गरिरहेको थियो । तर, सडक महोत्सवका रूपमा मनाइने कार्यक्रम अहिले स्थगित छ ।

२३ भदौयता बजार सुनसान भएको हो । जेन-जी आन्दोलनपछि हुन सक्ने असुरक्षाका कारण वडाले शनिबारको कार्यक्रम बन्द गरेको छ । 'अहिले व्यापार-व्यवसाय खासै छैन, पहिले निकै राम्रो व्यापार हुन्थ्यो, तर जेन-जी आन्दोलनपछि अराजक गतिविधि हुन्छन् भनेर वडाले रोकेको हो, सुरक्षाको हिसाबले ठिकै हो,' स्थानीय व्यापारी रमेश प्रजापतिले भने, 'चोरी, लुटपाटजन्य गलत क्रियाकलाप हुन सक्छन् भनेर बन्द गर्नु राम्रो हो, तर अब सुरक्षित वातावरण निर्माण गरेर बजारलाई चलायमान बनाउनुपर्छ ।'

हाँडीगाउँको मौलिक परम्परा र परिकारको जगेर्ना गर्न ०८१ असारदेखि यो नियम लागू गरिएको थियो ।

» पृष्ठ २ मा क्रमशः





नेवारी खानेकुराका प्रशस्त परिकार पाइने काठमाडौं महानगरपालिका- ५ हाँडीगाउँको शनिबारे बजार हिजोआज बन्द छ । वडाध्यक्ष वीरेन्द्र प्रजापतिले जेन-जी आन्दोलनपछिको सुरक्षा संवेदनशीलताका कारण महोत्सव तत्कालका लागि बन्द गरिएको बताए । 'जेन-जी आन्दोलनपछि असुरक्षित महसुस भएकाले टोलवासीकै आग्रहमा बन्द गरेका छौं, अब थप व्यवस्थित गरेर एक महिनापछि महोत्सव सञ्चालन गर्छौं,' उनले भने, 'यस्तो महोत्सवले हाँडीगाउँको विकासमा निकै फाइदा गरेको छ, स्थानीयवासीलाई रोजगार पनि मिलेको छ, त्यसकारण यो छिट्टै सञ्चालन हुन्छ ।' प्रजापतिका अनुसार सवारीसाधन निषेध गरिएका कारण हाँडीगाउँका गल्लीमा बालबालिका विभिन्न खेलमा रमाइरहेका हुन्थे । नेपाली र विदेशी पर्यटकले यहाँका सडक र फल्चाहरू भरिभराउ हुन्थ्यो । शनिबार नेवारी परिकारको स्वाद लिन आउनेको घुइँचो लाग्थ्यो । तर, अहिले महोत्सव बन्द गरिएकाले यो क्षेत्र सुनसानजस्तै छ । स्थानीयले हाँडीगाउँको पुरानो चहलपहल फर्काउन काठमाडौं महानगरपालिकासँग पहल गरिरहेका छन् । महानगरपालिकाले जीवन्त हाँडीगाउँको ऐतिहासिक मौलिकता दिन वडामार्फत यस्तो गतिविधिमा सहयोग गर्दै आइरहेको छ ।



वडाध्यक्ष प्रजापति

जनविद्रोहलाई...

पृष्ठ १ बाट क्रमशः

शनिबार कार्यकर्तासहितको ठुलो जनसमूहलाई सम्बोधन गरे। त्यसपछि काठमाडौं फर्केर उनले जेन-जी आन्दोलनका घाइते तथा सहिद परिवारसँग छुट्टाछुट्टै भेटवार्ता गरे। चितवन र काठमाडौंमा भएका बेग्लाबेग्लै सम्बोधनमा लामिछानेले सहिदको रगत खेर जान नदिने प्रतिबद्धता व्यक्त गर्दै तोकिएको समयमा नै निर्वाचन हुनुपर्नेमा जोड दिए।

चितवनमा कार्यकर्ता र जनसमूहलाई सम्बोधन गर्दै लामिछानेले सरकार, नयाँ दलहरूसँगको एकता र जेन-जी आन्दोलनबारे बोलेका थिए। लामिछानेले आगामी चुनाव नेपालको भविष्यका लागि महत्त्वपूर्ण रहेको बताए। 'तपाईं-हाम्रो भविष्यका लागि अत्यन्तै महत्त्वपूर्ण चुनाव हो। समयमा चिर्वाचन गर्न सरकारलाई हाम्रो साथ छ। मैले प्रधानमन्त्रीको अनुहार अँध्यारो देखिरहेको छु। अनुहारमा हाँसो ल्याउनुस् प्रधानमन्त्रीज्यू,' उनले भने।

लामिछानेले प्रधानमन्त्री सुशीला कार्कीलाई सुशासनको डन्डा चलाउन र निर्वाचनका लागि प्रतिबद्ध रहन अनुरोध गरेका छन्। 'प्रधानमन्त्रीज्यू, तपाईं सुशासनको डन्डा चलाउनुस्, रास्वपा तपाईंको साथमा छ। तपाईं न्यायको मूर्ति हो, धेरैलाई अदालतबाट न्याय दिनुभएको छ,' उनले भने, 'अब देशलाई न्याय गर्ने ठाउँमा आउनुभएको छ। रत्तिभर खुट्टा नकमाउनुस्। एक बारको जुनी हो, धेरै भए नक्खु जेलमा जाने त हो, के चिन्ता गर्नुहुन्छ।'

नयाँ दलहरू मिल्नुपर्ने सर्वसाधारणको सुझावबारे सम्बोधन गर्दै उनले चुनावकेन्द्रित एकता भने गर्न नसकिने स्पष्ट पारे। 'मिल्नुपर्नेहरू जो-जो हो, हामी मिलेरै छाड्छौं, चिन्ता नगर्नुहोस्। सबै साथीहरू संवादमा हुनुहुन्छ, देश बन्नुपर्‍यो,' उनले भने, 'तर, मिल्ने भनेको टाउको ठोकेर मित लगाएजस्तो होइन। एउटा चुनावका लागि मिल्ने होइन। सिंगो पुस्ताको भविष्यका लागि मिलिरहने हो भने मिलौं। यसका लागि पहिलो त्याग रवि लामिछानेले गर्छ। एउटा चुनावका लागि हो भने-आई एम सरी।'

काठमाडौंमा सहिद परिवारसँगको भेटमा पनि लामिछानेले यी विषय उठाएका थिए। 'तपाईंहरूले पनि नयाँ साथीहरू मिल्नुपर्छ भन्नुभएको छ। हामी मिल्न तयार छौं। तर, चुनावमा जाने विषय उठाएर, चुनावी मुद्दाका लागि होइन, तपाईंको परिवारलाई न्याय गर्नका लागि मिल्नेछौं,' लामिछानेले भने।

रास्वपाले जेन-जी पुस्ताको साथ लिएर देश निर्माणको नेतृत्व गर्ने उनले बताए। ०८४ को निर्वाचनको तयारीमा जुट्दा जेन-जी पुस्ताले नयाँ अवसर प्रदान गरेको लामिछानेले बताए। 'हामी चुनावको पर्खाइमा थियौं। तर, जेन-जीले बिचमै सरकारलाई तागत देखाइदियो,' उनले भने।

देशको वर्तमान संरचना जलेको जस्तै भएको टिप्पणी गर्दै लामिछानेले राज्यले नागरिकका सपना खोसिरहेको आरोप लगाए। 'सिंहदरबार बनाउँला, न्यायालय बनाउँला, तर वर्षौंदेखि खोसिएको हाम्रो सपना कसले बनाउँछ ?' उनले प्रश्न गर्दै भने, 'हामी बनाउँछौं। जेन-जीको साथ बोकेर अब देश बनाउने काममा लाग्छौं।'

प्रतिनिधिसभा निर्वाचनमा विजयी भए पनि मन्त्री नबन्ने प्रश्न उठेको उल्लेख गर्दै उनले भ्रष्टाचारविरुद्ध सधैँ उभिने प्रतिबद्धता व्यक्त गरे। 'सांसद भए पनि मन्त्री बन्न पाउने-नपाउने महत्त्वपूर्ण छैन। मान्छे भएर बाँच्दा पनि म भ्रष्टाचारीविरुद्ध सधैँ उभिनेछु,' उनले भने।

जेन–जी विद्रोहलाई नजिस्क्याइयोस्

लामिछानेले २३-२४ भदौको जेन-जी विद्रोहलाई अवमूल्यन नगर्न चेतावनी दिए। '२४ भदौमा केही घुसपैठिया आए होलान्। तर, मुख्यतः अघिल्लो दिन (२३ भदौ) ताकी-ताकी गोली खाएर ढलेका मानिस देखेर आक्रोशित जनताले घरघरबाट विद्रोह गरेका हुन्। त्यो जनताको विद्रोह हो। खबरदार ! त्यो विद्रोहलाई कतै कुनामा पसेर जिस्क्याउने, चलाउने आँट नगर,' एमाले अध्यक्ष केपी ओलीको नामै नलिई लामिछानेले भने। उनले आफूलाई मुद्दा लगाएर फसाउने सरकारको भागाभाग भएको पनि बताए। 'प्रतिशोध साध्ने सरकार हेलिकोप्टरमा झुन्डिएर भाग्नुपर्‍यो,' उनले भने।

संसद् पुनर्स्थापनाको कडा विरोध

कांग्रेस-एमालेले संसद् पुनर्स्थापनाका लागि प्रयास गरिरहेका वेला सभापति लामिछानेले संसद् ब्युँताउने प्रयास नगर्न चेतावनी दिए। 'जनताको विद्रोहलाई चुनौती दिन भन्दै संसद ब्युँताउने हो कि भनेर आँखा चम्काउने वा नचाउनेहरू, होसियार। सहिदको रगत सुकेको छैन। सहिदकी आमाको आँखा अझै ओभानो भएको छैन। धेरै आँखा नचम्काउनुहोला,' सभापति लामिछानेले भने।

नक्खुबाट निकालेर मिडियाबाजी गरियो

सभापति लामिछानेले आफूलाई २४ भदौमा नक्खु प्रशासनले हात जोडेर बाहिर निकालेको, तर पछि मिडियाबाजी गरेको टिप्पणी गरे। 'नक्खुमा एउटा परिस्थिति बन्यो। मलाई हात जोडेर तपाईं गइदिनुपर्‍यो भनेर निकालियो। पछि मिडियाबाजी गरे,' उनले भने, 'ठिक छ, केही छैन, म सहन्छु। मलाई कालकुट विष खाने बानी परिसकेको छ। अरू दुई थोपा विष हालेर म मर्दिनँ।'

निर्वाचन सारिए...

पृष्ठ १ बाट क्रमशः

प्रचण्डले सरकारले निर्वाचनको मिति सारे देश दुर्घटनामा पर्ने चेतावनी दिए। 'सरकारले निर्वाचनको मिति सारे देश फेरि दुर्घटनामा पर्छ। त्यो वेला नेपाली कम्युनिस्ट पार्टी रमिते हुनेछैन। ७७ वटै जिल्लाबाट, सबै पालिकाबाट नयाँ आन्दोलनको, समाजवादी विद्रोहको झन्डा बोकेर आउनेछौं। हामी चाहन्छौं- तोकिएकै समयमा शान्तिपूर्ण रूपमा निर्वाचन सम्पन्न होस्,' उनले भने, 'र, सरकारलाई भन्न चाहन्छौं- कुनै पनि बहानामा निर्वाचनको मिति सार्ने दुस्साहस नगर्नुहोला। सरकारले निर्वाचनको मिति सार्ने, धकेल्ने काम गर्‍यो भने फेरि संविधान मिचिन्छ। यदि, त्यसो गरियो भने हामी चुप बस्नेछैनौं। यो त्यस्तो शक्ति हो, जसले हिजो जनयुद्ध गर्‍यो र अढाई सय वर्ष पुरानो राजतन्त्रलाई धराशयी बनायो। जनआन्दोलनको बलमा राजतन्त्रको अन्त्य गर्‍यो, गणतन्त्र स्थापना गर्‍यो। मूल शक्ति यही नै हो, यसलाई खेलाँची नठानियोस्।'

घोषित निर्वाचन नै देशका लागि अबको सहज बाटो भएको उनले बताए। निर्वाचनका लागि सरकारलाई सहयोग गरिरहेको पनि उनले बताए। संसद् पुनर्स्थापना गरेर पुरानै सत्ता ब्युँताउने सपना नदेख्न उनले सचेत गराए। 'एकथरी मानिसहरू निर्वाचनभन्दा संसद् पुनर्स्थापनाको कुरालाई लिएर सर्वोच्च अदालततिर गइराख्नुभएको छ। र, मानिसहरूको मनमा संसद् पुनर्स्थापना होला कि निर्वाचन होला भन्नेजस्ता प्रश्न जन्मिराखेका छन्। सर्वोच्च अदालतले संसद् पुनर्स्थापना गरी नै हाल्छ, संसद् पुनर्स्थापनापछि सजिलै फेरि पुरानै सरकार भन्ने कल्पनामा एकथरी मानिसहरू लागेको देखिन्छ। म, ती मानिसहरूलाई त्यो भ्रममा नपर्न अपिल गर्न चाहन्छु। सजिलो छैन। त्यसकारण, अहिले घोषणा भइसकेको निर्वाचन नै सबैभन्दा सहज विकल्प हो। जनता बिस्तारै निर्वाचनका लागि तयार भइरहेका छन्। कांग्रेसले निर्वाचनमा जाने संस्थागत निर्णय गरिसकेको छ। एमालेले बाहिर जेसुकै बोले पनि भित्री तयारी निर्वाचनतिरै छ भन्ने देखिसकेको छ,' उनले भने

राष्ट्रिय स्वाधीनताको रक्षा, संकट समाधान

राष्ट्र असहज स्थितिबाट अगाडि बढिरहेको भन्दै प्रचण्डले राष्ट्रमा आइपरेको संकट समाधान गर्न, राष्ट्रिय एकताको शक्ति निर्माण गर्ने उद्देश्यका साथ अगाडि बढेको बताए। आमजनतालाई एकत्रित गर्न देशव्यापी रूपमा सन्देश सभा गरिएको पनि उनले बताए। 'हामी अहिले असहज परिस्थितिबाट अगाडि बढिरहेका छौं। २४ भदौमा भएको विध्वंसका कारण नेपालमा केही समय त राज्यविहीनताको जस्तो अवस्था देखापर्‍यो। राष्ट्र निकै ठुलो संकटमा देखियो। हाम्रो राष्ट्रिय स्वाधीनता, नेपाली जनताको आत्मनिर्णयको अधिकार, जनताको सार्वभौमसत्ता नै खतरामा परेको देख्यौं। संविधान न्यूनतम रूपमा बचोस् भन्नका निम्ति र राष्ट्रलाई बचाउने प्रक्रिया अगाडि बढाउने वातावरण बनाउन सकियोस् भनेर केही न केही सहजीकरण गर्ने अवसर प्राप्त गर्‍यौं। हामीलाई गर्व छ, त्यो अवसरको अधिकतम सदुपयोग गर्‍यौं। राष्ट्रमा आइपरेको संकट समाधान गर्न, राष्ट्रिय एकताको शक्ति निर्माण गर्ने उद्देश्यका साथ आयोजित सभा पनि हो,' उनले भने।

जेन–जीको असली अभिभावक र प्रतिनिधि नेकपा

नेकपाले जेन-जी पुस्तालाई उत्प्रेरित गर्दै अघि बढ्ने पनि जनाएको छ। जेन-जी कुनै विचार, संस्था र संगठन भएको भन्दै प्रचण्डले जेन-जीको असली अभिभावक र प्रतिनिधि नेकपा भएको दाबी गरे। 'कसैले जेन-जी हाम्रै पेवा हो भन्ने ठानेको छ भने त्यो भ्रम हटाइदिए हुन्छ। हामी हौं जेन-जीका प्रतिनिधि भनेर कसैले स्टन्ट नदिए हुन्छ। को सक्कली प्रतिनिधि हो भन्ने कुरा उसको विचार र राजनीतिक एजेन्डामा भर पर्छ। नेपाली कम्युनिस्ट पार्टी मात्रै जसले भ्रष्टाचारविरुद्ध अभियान चलायो, जसले सुशासनको पक्षमा लडाइँ लड्यो, जसले यो देशका उत्पीडित वर्ग, जाति, क्षेत्र, समुदायको पहिचान र अधिकारका निम्ति कुर्बानी गर्‍यो, त्यो नै जेन-जी पुस्ताको सही अभिभावक र सही प्रनिनिधि हो,' उनले भने।

नेकपाले विगतदेखि उठाउँदै आएको सामाजिक न्याय, सुशासन र समृद्धिको एजेन्डा जेन-जीले उठाएको भन्दै प्रचण्डले धन्यवाद दिए। उनले युवा, प्रौढ र वृद्ध सबै मिलेर देश निर्माण गर्नुपर्नेमा जोड दिए। 'युवाहरूले पनि विचार सही ल्याउन सक्छन्, प्रौढहरूले पनि सही विचार ल्याउन सक्छन्, वृद्धहरूले पनि सही विचार ल्याउन सक्छन्। त्यसकारण सही को हो, गलत को हो भन्ने कुराको फैसला उसले अघि सार्ने विचार र एजेन्डामा निर्भर गर्दछ, उमेरमा होइन। समाज युवा, प्रौढ र वृद्धहरूको एकतामा, संयोजनमा चलेको हुन्छ। बुढैबुढा भएर पनि समाज अगाडि बढ्ने होइन, प्रौढ नै प्रौढ भएर पनि समाज अगाडि बढ्ने होइन र युवा मात्रै भएर पनि होइन। त्यसकारण कम्युनिस्टहरूले भन्ने गर्छन्- थ्री इन वान।'

स्टन्टको राजनीति टिक्दैन

प्रचण्डले सामाजिक सञ्जालमा स्टन्ट गरेकै भरमा कुनै इतिहास नभएका मानिसहरूले जनतालाई भ्रममा पारिरहेको पनि बताए। नेपाली कम्युनिस्ट पार्टी स्टन्टबाजी नभई राष्ट्रको समस्यालाई केन्द्रमा राखेर अघि बढ्ने संकल्पसाथ अघि बढेको बताए। 'विचारको महत्त्वलाई, त्याग र तपस्याको भूमिकालाई, इतिहास, निष्ठालाई कम महत्त्व दिने र त्यस्ता विचार, प्रवृत्ति र तत्त्वहरू हाबी हुने, त्यस्ता तत्त्वहरू स्टन्टबाजी गरेकै भरमा न कुनै इतिहास छ, न कुनै सुविचार छ, न कुनै त्याग, तपस्या र बलिदानको इतिहास छ। त्यस्ता मान्छे सोसल मिडियामा स्टन्ट गरेकै भरमा जनतालाई भ्रमित पार्ने एक खालको रोगजस्तै लागेको छ। नेपाली कम्युनिस्ट पार्टी स्टन्टमा होइन, सही विचारको आधारमा अगाडि बढ्ने र राष्ट्रको अघि देखापरेको समस्या र संकटलाई समाधान गर्ने संकल्पसहित अगाडि बढेको छ,' प्रचण्डले भने। उनले काठमाडौं महानगरपालिकाका मेयर बालेन शाह र धरान उपमहानगरपालिकाका मेयरलाई आफूले लोकतन्त्रमा फुकेको फूल भनेको स्मरण पनि गरे। तर, आफूले फूल भने पनि बिस्तारै काँडा बन्दै गइरहेको उनको टिप्पणी छ।

खुलामञ्च खुला गरियोस्

नेकपाले खुलामञ्च खुला गर्न पनि माग गरेको छ। सभा गर्न ठाउँको अभाव भएको भन्दै नेकपाले लोतकतन्त्रमा खुलामञ्च खुला हुनुपर्ने बताएको हो। 'नेपाल सरकार र महानगरपालिकालाई यो खुलामञ्च खुला गर्न आग्रह गर्न चाहन्छु। किनकि यो नेपाल राज्यकै निम्ति अपमान र लज्जाको विषय हो। एउटा ५०-६० हजार, एक लाख मान्छे जम्मा भएर बस्ने एउटा पनि मञ्च, चौर हामीमाझ नहुनु नेपाल देशकै निम्ति लज्जाको विषय भएको छ,' प्रचण्डले भने, 'म नेपाल सरकार र अहिले महानगरपालिकाको जिम्मेवारी लिएका प्रतिनिधिलाई पनि यो स्थितिको अन्त्य गर्नका लागि पनि जोडदार अपिल गर्न चाहन्छु। राजनीतिक दल, सामाजिक संस्था र सबैका लागि एउटा खुलामञ्च, समारोह, सभा गर्ने स्थल अनिवार्य छ। यसमा सबैको ध्यान जाओस्।'

सच्चिएर अगाडि बढ्ने प्रण

विगतका कमीकमजोरी सच्याउँदै अघि बढ्ने प्रतिबद्धता नेकपाले जनाएको छ। आफैं बदलिने संकल्प, आँट गरेर अघि बढेको प्रचण्डले बताए। 'यो एकता विगतमा हामी आफैंबाट भए-गरेका कमीकमजोरीको समीक्षा गरेर जनताको अगाडि प्रस्तुत हुने संकल्प सभा पनि हो। हामी विगतभन्दा फरक ढंगले अघि बढ्न चाहन्छौं। नेपालको इतिहासमा पहिलोपटक एकैसाथ १६ वटा कम्युनिस्ट घटकलाई एकताबद्ध गरेका छौं। र, हामी चाहन्छौं, बाँकी रहेका देशभक्त, वामपन्थी र कम्युनिस्ट पनि एकताबद्ध होऊन्। राष्ट्रप्रतिको प्रेम, जनताप्रतिको निष्ठा र जिम्मेवारीका कारणले हामी आफैं बदलिने संकल्प, आँट गरेर तपाईंहरूको अगाडि उपस्थित भएका छौं,' उनले भने।

नेपाली कम्युनिस्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले विश्वास गरेर आगामी निर्वाचनमा नेकपालाई बहुमत दिन आह्वान गरे। 'जनताले हामीलाई आउने चुनावमा विश्वास गरेर बहुमत दिएको खण्डमा, हाम्रो अग्निपरीक्षा सुरु हुन्छ। हामी जनताको चाहनालाई साकार पार्न इमानदारिताका साथ अगाडि बढेका छौं। हामीलाई एकपटक मौका दिनुपर्ने हुन्छ, हामीले आजसम्म इमानदारिताको राजनीति, देशभक्तिको भावनालाई ध्यानमा राखेर नै भूमिका खेल्दै आइरहेका छौं,' उनले भने। नेपालले नेकपामा जेन-जी पुस्ताको प्रवेशको लहर चलेको पनि दाबी गरे।

देशव्यापी सन्देश सभा

राष्ट्रिय स्वाधीनताको रक्षा गर्ने, जनजीविकाका विषय स्थापित गर्ने, संविधान, व्यवस्था र लोकतन्त्र र राष्ट्रियतामाथिको संकटको निकासका निम्ति आमनिर्वाचनको वातावरण तयार पार्ने, विभिन्न कालखण्डमा विभाजित भएको कम्युनिस्ट आन्दोलनलाई एकताबद्ध गर्ने उद्देश्यसहित नेकपाले देशव्यापी सन्देश सभा सम्पन्न गरेको छ। शनिबार प्रदर्शनीमार्गमा सभा सुरु हुनुअघि माइतीघर मण्डला, सुन्धारा र रत्नपार्कबाट र्‍याली निकालिएको थियो। गत १२ मंसिरमा सुदूरपश्चिमबाट नेकपाले सन्देश सभा सुरु गरेको हो। १३ मंसिरमा लुम्बिनी, १४ मंसिरमा गण्डकी, १५ मंसिरमा कोशी, २० मंसिरमा मधेश, २१ मंसिरमा प्रवास (भर्चुअल) र २७ मंसिरमा कर्णालीमा सन्देश सभा सम्पन्न भएको थियो। माओवादी, एकीकृत समाजवादीसहित १७ दल र समूह मिलेर नेपाली कम्युनिस्ट पार्टी नेकपा बनेको हो। नेकपाले देशव्यापी सन्देश सभासँगै जिल्ला एकता सन्देश सभा पनि गर्दै आएको छ। तल्लो तहसम्मै एकता गर्ने र जनसंगठनहरूको एकता पनि अघि बढाउने तयारी गरेको छ।

Yuga Ventures Pvt. Ltd.
Bagmati Province, Nepal
Vat : 621197934

अधिकतम खुद्रा बिक्रि मूल्य (MRP) प्रकाशनको सूचना

यस युग भेन्चर्स प्रा लि भ्याट : ६२११९७९३४, बाट आपूर्ति हुने आधारभूत स्वास्थ्य संस्थाहरूका लागि निशुल्क औषधि तथा सर्जिकल सामाग्रीहरूको निम्नानुसारको बजार दररेट तथा बिक्रिमुल्य निर्धारण गरि यो राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। यदि नेपाल सरकार अन्तर्गतका कार्यालय वा विभिन्न संघसंस्थाहरूले उक्त सामाग्रीहरू खरिद वा मुल्य निर्धारण गर्नुपरेमा युग भेन्चर्स प्रा लिमा सम्पर्क गर्नुहुन अनुरोध छ।

नोट : निम्न सामाग्रीहरू नेपाल सरकारद्वारा WHO-GMP CERTIFIED मान्यताप्राप्त विभिन्न उत्पादक कम्पनीहरूको आधिकारिक बिक्रेतापत्र र आवश्यक कागजातका साथ उपलब्ध गराइनेछ।

सम्पर्क: ९८५१२२६६८७ इमेल : yugaventure@gmail.com

S. N.	Drug name	Dosage form	Strength	Price(MRP)	Sales Price
1.	Acetylsalicylic acid (aspirin)	Tablet	75mg	0.8	0.64
2.	Adrenaline (epinephrine)	Injection	1mg in 1ml	21.6	17.28
3.	Albendazole	Chewable Tablets	400mg	10	8.00
		Suspension	200mg/ 5ml	18	14.40
4.	"Dried aluminium hydroxide gel + Magnesium hydroxide"	Tablet	250mg+ 250mg	3	2.40
5.	Amitriptyline	Tablet	10mg	3	2.40
			25mg	4	3.20
6.	Amlodipine	Tablet	5mg	5	4.00
7.	Amoxicillin	Oral Tablet	500mg	8	6.40
		Powder for oral Suspension	125mg	80	64.00
		Dispersible Tablets	125mg	3	2.40
		Dispersible Tablets	250mg	5	4.00
8.	Ampiciiline		500mg vial	25.53	20.42
9.	Atropine	Injection	0.6mg in 1 ml ampoule	15	12.00
10.	Azithromycin	Tablets	250mg	17.45	13.96
			500mg	30	24.00
11.	Benzoic Acid+ Salicylic Acid	Ointment	30g	65	52.00
12.	Calamine	Lotion	155 w/v,30ml	45	36.00
13.	Calcium	Tablets	500mg	6	4.80
14.	Calcium gluconate	Injection	1gm per 10ml	40	32.00
15.	Carbamazepine	Tablets	100mg	1.6	1.28
			200mg	2.8	2.24
		Oral Liquid	100mg/ 5ml	35	28.00
16.	Cefixime	Tablets	200mg	20	16.00
17.	Ceftriaxone	Dry powder for dilution injection	250mg/vial	50	40.00
			500mg/vial	60	48.00
			1gm/vial	90	72.00
18.	Cetirizine	Tablet	10mg	4	3.20
		syrup	5mg/5ml	55	44.00
19.	Charcoal, activated	Powder in sachet	10mg	60	48.00
20.	Chlorhexidine (CHX)	Solution	Solution, 0.2% oral 50ml	100	80.00
		ointment	4%, 5gm	20	16.00
21.	Chloroquine (CQ)	Tablet	150mg	3.5	2.80
22.	Ciprofloxacin	Tablets	250mg	6	4.80
			500mg	8	6.40
		Eye/Ear Drops	0.3% w/v 5ml	30	24.00
		Eye ointment	0.3%	25	20.00
		Injection	200mg/ 100ml	80	64.00
23.	Clotrimazole	Skin Cream	1%,15gm	70	56.00
		Vaginal Tablets	100mg	10	8.00
		Mouth paint	1%w/v	75	60.00
24.	Clove oil	Liquid	5ml	33	26.40
25.	Cloxacillin	Capsules	250mg	5	4.00
		Capsules	500mg	13	10.40
		Powder for oral liquid	500mg	130	104.00
26.	Cotrimoxazole (SMX and TMP)	Tablets	400mg+ 80mg	4	3.20
			800mg+ 160mg	6	4.80
		Syrup	200mg+ 40mg/ 5ml, 50ml	70	56.00
27.	Dexamethasone	Injection	4mg in 1 ml vial	28	22.40
28.	Dextrose (glucose)	Infusion	5% -500ml	45	36.00
		Solution	25% - 50ml	30	24.00
29.	Diazepam	Injection	2ml amp (5mg/ ml)	35	28.00
		Tablet	5mg	3	2.40
30.	Diclofenac sodium	Injection	3ml ampoule (25mg/ml)	30	24.00
		Tablet	50mg	4	3.20
31.	DNS	Solution	Infusion solution, 500ml	45	36.00
32.	Doxycycline	Capsule	100mg	7	5.60
33.	Ferrous sulphate and folic acid	Tablet	60mg elemental iron plus 400mcg folic acid	3	2.40
34.	Fluconazole	Capsule	150mg	24	19.20
35.	Fluoxetine	Capsule	20mg	5	4.00
36.	Folic acid	Tablets	5mg	2	1.60
37.	Furosemide	Tablet	40mg	1.5	1.20
38.	Gentamicin	Injection	(40mg/ml)/2ml	23	18.40
39.	Gentian Violet	Aqueous solution	1%	18	14.40
40.	Glimepiride	Tablet	1mg	4	3.20
			2mg	6	4.80
41.	Hydrocortisone	Powder for Injection	100mg in vial	120	96.00
42.	Hyoscine butylbromide	Injection	20mg/ml	33	26.40
		Tablet	10mg	12	9.60
43.	Ibuprofen	Tablet	200mg	2	1.60
			400mg	4	3.20
		Syrup	100mg/5ml	30	24.00
44.	Lignocaine	Injection	2% in vial	50	40.00
45.	Lignocaine with adrenaline 1:10,000	Injection	2% plus Adrenalin 1:10,000	60	48.00
46.	Losartan	Tablets	25mg	4.4	3.52
			50mg	6	4.80
47.	Magnesium sulphate	Injection	500mg in 2 ml ampoule	21	16.80
48.	Metformin	Tablets	500mg	2	1.60
			1000mg	5.6	4.48
49.	Methyldopa	Tablets	250mg	19	15.20
50.	Metoclopramide	Tablet	10mg	3	2.40
		Solution	5mg/ml	30	24.00
		Injection	5mg/ml in 2 ml ampoule	18	14.40
51.	Metronidazole	Tablets	200mg	2	1.60
			400mg	3	2.40
		Oral Liquid	200mg/ml	65	52.00
		Injection	500mg/ 100ml	40	32.00
52.	Mifepristone	tablet	"200mg Combipack (1 tab mifepristone-200mg and 1 tab misoprostol is 200 mcg)"	650	520.00
53.	Misoprostol	Tablets	200mcg	38	30.40
54.	Neomycin	Ointment	15gm	55	44.00
55.	Nifedipine	Tablet	10mg	3	2.40
56.	Nitrofurantion	Tablet	100mg	10	8.00
57.	Normal Saline (NS) (0.9%)	Solution	Infusion solution, 500ml	45	36.00
58.	Oral Rehydration Salts (ORS)	Powder	WHO formula sachet/lts	10	8.00
59.	Oxymetazoline	Nasal drops	0.025%, 10ml	60	48.00
			0.05% 10ml	70	56.00
60.	Oxytocin	Injection	10 IU/ml	32	25.60
61.	Paracetamol	Injection	150mg/ml in 2 ml	20	16.00
		Tablet	500mg	1	0.80
		Syrup	125mg/ml	30	24.00
62.	Permethrin	Lotion	1%	120	96.00
		Cream	5% w/v	90	72.00
63.	Pheniramine	Injection	22.75mg/ml 2ml	11	8.80
64.	Phenobarbital	Tablet	30mg	3	2.40
		Injection	100mg/ml	35	28.00
65.	Povidone iodine	Solution	5% w/v	300	240.00
66.	Pralidoxim sodium	Injection	500mg ,20ml	200	160.00
67.	Prednisolone	Tablets	5mg	3	2.40
			10mg	4	3.20
			20mg	4.5	3.60
69.	Pyridoxine	Tablets	10mg	2	1.60
70.	Ranitidine	Tablets	150mg	3	2.40
		Injection	25mg/ml in 2 ml ampoule	11	8.80
71.	Ringer's Lactate (RL)	Injectable solution	500ml	55	44.00
72.	Risperidone	Tablets	1mg	4	3.20
			2mg	5	4.00
73.	Salbutamol	Tablets	4mg	2	1.60
		Solution	For nebulisation	12	9.60
		Oral liquid	2mg/ml	55	44.00
		MDI	100mcg	200	160.00
74.	Silver sulfadiazine	Cream	0.2% w/v 15g	75	60.00
75.	Tetanus Toxoid (TT)	Injection	0.5ml	20	16.00
76.	Tetracycline	Eye ointment	1%	40	32.00
77.	Tinidazole	Tablets	500mg	5	4.00
78.	Sodium valporate	Tablet	200mg	10	8.00
79.	Vitamin A	Capsule	200,000IU	6	4.80
			50,000 IU	6	4.80
80.	Vitamin B complex	Tablet	Therapeutic dose a/c to DDA	5	4.00
81.	Vitamin K1	Injection	10mg/ml 1ml	70	56.00
82.	Zinc sulphate	Dispersible Tablets	10mg	3	2.40
			20mg	5	4.00

MEDICAL AND SURGICAL SUPPORTIVE DEVICES

S. N	Name of Product	Pack	Size	Price(MRP)	Sales Price
1	Absorbent Cotton	Roll	Net 400g	300	240.00
2	Adhesive Tape	rolls	4"	300	240.00
3	Bandage	Than	18m*90cm	450	360.00
4	Catgut	Pkt	catgut 2.0	120	96.00
5	Chlorine Powder	Pkt	200g/shachet	70	56.00
6	Condom (Male)	pkt	-	100	80.00
7	Disposable syrings	Pcs	3ml,5ml	5	4.00
8	Gauze	Than	18m*90cm	450	360.00
9	I and D set	pkt	-	2500	2000.00
10	IV cannula	Pcs	18/20/24 gaz	40	32.00
11	Iv Set	Pcs	Different Size	40	32.00
12	Phenol	Bottles	500ml	80	64.00
13	Rectified Spirit	Bottle	500ml	240	192.00
14	Rubber Catheter	Pcs	Different Size	40	32.00
15	Silk	pkt	silk 2.0	100	80.00
16	surgical Blade	Pcs	Different Size	10	8.00
17	SurgicalGloves (Disposal)	Pairs	6.5/7	50	40.00
18	Suture Set	Pkt	-	3000	2400.00

Note: 13% VAT will be added on VATABLE items.

एक लाख...

पृष्ठ १ बाट क्रमशः

मतदानस्थल र २२ हजार २२७ मतदान केन्द्र रहने आँकडा गृह मन्त्रालयमा पेस गरेको छ। तर, यसमा थपघट हुन सक्ने भएकाले अन्तिम सूची भने होइन। तर, विगतभन्दा मतदानस्थल र केन्द्र थपिने आयोगको आकलनअनुसार प्रहरीले एक लाख ४० हजार 'निर्वाचन प्रहरी' भर्नाको प्रस्ताव गृहमा लगेको हो।

'अझै पनि मतदान केन्द्रको संख्या निर्धारण भइसकेको छैन। विगतको भन्दा एक हजारजति केन्द्र थपिने आयोगको कुरा छ। सोहीअनुसार हामीले पनि सुरक्षा चुनौती विश्लेषण गरेर निर्वाचन प्रहरीको संख्या निर्धारण गरेका छौं,' नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता डिआइजी अविनारायण काफ्लेले भने, 'हालसम्म एक लाख ४० हजार युवा भर्ना लिनुपर्ने विषयमा छलफल चलिरहेको छ। टुंगिने पनि यही हाराहारीमै होला।'

प्रहरीका अनुसार मुलुकभरका निर्वाचनस्थललाई सुरक्षा चुनौती विश्लेषणका आधारमा 'क', 'ख' र 'ग' गरी तीन तहमा विभाजन गरिएको छ। 'क' अन्तर्गतका अतिसंवेदनशील, 'ख'मा संवेदनशील र 'ग'मा सामान्य पर्छन्। प्रहरीले 'क'मा १०, 'ख'मा ६ र 'ग'मा ५ निर्वाचन प्रहरी खटिनुपर्ने प्रस्ताव गरेको प्रवक्ता काफ्लेले बताए।

निर्वाचन प्रहरीलाई प्रहरीका जवानले प्राप्त गरेसरह सेवा सुविधा उपलब्ध गराइनेछ। ४० दिनका लागि भर्ना लिइने उनीहरूलाई तलबसहित पोसाक र रासन भत्ता पनि उपलब्ध गराइनेछ। ०७९ को निर्वाचन म्यादी प्रहरीलाई ४० दिन खटाएबापत झन्डै ५० हजार रुपैयाँ उपलब्ध गराइएको थियो। त्यसवेला उनीहरूका लागि पाँच अर्ब ८६ करोड ३९ लाख ५० हजार बजेट निकासा भएको थियो। यसपटक खटिने निर्वाचन प्रहरीका लागि विगतको भन्दा धेरै बजेट आवश्यक पर्ने डिआइजी काफ्लेले बताए।

'निर्वाचन प्रहरीलाई जवानसरहको सेवा-सुविधा दिने कुरा छ। कति भर्ना लिने हो अझै टुंगिएको छैन। उनीहरूका लागि विनियोजन हुने बजेट पनि भर्ना संख्याका आधारमा निर्धारण हुने हो, त्यसैले यो विषयमा अन्तिम निर्णय भइसकेको छैन। तर, सत्य के भने यसपटक भर्ना गरिने निर्वाचन प्रहरीलाई विगतको भन्दा धेरै बजेट आवश्यक पर्छ। किनकि यसपटक निर्वाचनस्थल र केन्द्र बढेका छन्,' उनले भने।

विगत निर्वाचनदेखि नै निर्वाचन प्रयोजनका लागि थप आवश्यक सुरक्षा दस्ताको भर्ना नेपाल प्रहरीले नै लिँदै आएको छ। भर्ना लिने र उनीहरूका लागि आवश्यक तालिम पनि नेपाल प्रहरीले नै दिने गरेको छ। नेपाल प्रहरीका अनुसार संख्या निर्धारण भएलगत्तै तोकिएकै समयमा ७७ वटै जिल्लाबाट निर्वाचन प्रहरी भर्ना लिइनेछ।

डिआइजी काफ्लेले भने, 'विगतमा झैं यसपटक पनि ७७ वटै जिल्लाबाट निर्वाचन प्रहरी भर्ना लिइनेछ। तोकिएकै समयमा भर्ना खुल्नेछ। उनीहरूलाई तालिम दिने काम प्रहरीले नै गर्नेछ। संख्या निर्धारण भएलगत्तै भर्ना लिन सुरु हुनेछ।'

आयोगले गृहलाई उपलब्ध गराएको १० हजार ९२६ मतदानस्थलको सुरक्षा विश्लेषण गर्दै प्रहरीले तीन हजार ५१८ लाई अतिसंवेदनशील, चार हजार ५२९ लाई संवेदनशील र दुई हजार ८७९ लाई सामान्यको सूचीमा राखेको छ। जेन-जी आन्दोलनका क्रममा जेलबाट फरार भएका कैदीबन्दी र प्रहरीबाट लुटिएका हतियारलाई प्रहरीले निर्वाचनको मुख्य चुनौतीका रूपमा हेरेको छ।

गृहको तथ्यांकअनुसार सबैभन्दा धेरै संवेदनशील मतदानस्थल मधेश प्रदेशमा छन्। मधेशमा कुल दुई हजार १५७ मतदानस्थलमध्ये एक हजार १६८ स्थललाई अतिसंवेदनशील क्षेत्रको सूचीमा राखिएको छ। त्यस्तै, ८२९ मतदानस्थललाई संवेदनशील र १६० लाई मात्रै सामान्य स्थलको सूचीमा राखिएको छ। त्यस्तै, कोशी प्रदेशका मतदानस्थल पनि सुरक्षा संवेदनशीलताका आधारमा अघिल्लो सूचीमा राखिएका छन्। उक्त प्रदेशमा सबै गरी एक हजार ८९३ मतदानस्थल निर्धारण भएका छन्। जसमध्ये ४३१ मतदानस्थल अतिसंवेदनशील र ८२२ स्थल संवेदनशील सूचीमा राखिएका छन्। बाँकी ६४० स्थलमा भने सुरक्षा चुनौती छैन।

सुदूरपश्चिम प्रदेशमा एक हजार १६३ मतदानस्थल निर्धारण भएका छन्। जसमध्ये ४४३ मतदानस्थल अतिसंवेदनशील र ४१० स्थल संवेदनशील मानिएका छन्। त्यस्तै, लुम्बिनी प्रदेशमा पनि सुरक्षा चुनौतीका आधारमा धेरै निर्वाचनस्थल छन्। तथ्यांकअनुसार यस प्रदेशमा तोकिएका एक हजार ६५५ निर्वाचनस्थलमध्ये ४२९ अतिसंवेदनशील र ७४३ संवेदनशील छन्। बागमती प्रदेशमा एक हजार ८१२ मतदानस्थल तोकिएका छन्। जसमा ३५८ अतिसंवेदनशील र ५५७ संवेदनशील मतदानस्थल छन्।

कर्णाली प्रदेशका मतदानस्थल पनि सुरक्षाका दृष्टिले संवेदनशील मानिएका छन्। उक्त प्रदेशमा ९६१ मतदान तोकिएका छन्। जसमध्ये ३६३ स्थल अतिसंवेदनशील र ४२९ संवेदनशील छन्। गण्डकी प्रदेशमा भने अन्यको तुलनामा कम सुरक्षा चुनौती छन्। उक्त प्रदेशमा रहेका एक हजार २८५ मतदानस्थलमध्ये अतिसंवेदनशील ३२६ र संवेदनशील ५५७ मात्रै छन्।

NEPAL CANCER HOSPITAL & Research Center Ltd.
"Care with Excellence"

मिति:२०८२।९।६
प्रथम पटक प्रकाशित

quality austria SYSTEM CERTIFIED ISO 9001:2015 No. 23808/0

नेपाल क्यान्सर हस्पिटल एण्ड रिसर्च सेन्टर लिमिटेड
हरिसिद्धि ललितपुर

चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

मिति २०८२।९।४ गते बसेको संचालक समितिको ९९ औ बैठकको निर्णय बमोजिम यस कम्पनीको चौथो वार्षिक साधारण सभा निम्न लिखित मिति, समयमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सभा बस्ने मिति स्थान र समयः
मिति : २०८२ साल पुष महिना २६ गते शनिबार (जनवरी १०, २०२६)
समयः विहान ११ बजे
स्थानः अस्पतालको सभा कक्ष

छलफलको विषयहरुः
(क) सामान्य प्रस्तावहरुः
१. आ.व ०८१।०८२ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।
२.लेखापरीक्षण प्रतिवेदन सहितको आ.व ०८१।०८२ को वासलात,नाफा नोक्सान हिसाव पारित गर्ने।
३.आ.व ०८२।०८३ को लागि लेखापरीक्षक नियुक्त गरी पारिश्रमीक तोक्ने।
४.आ.व ०८१।०८२ को नाफाबाट शेयर धनीहरुलाई कर सहित २० प्रतिशतका दरले नगद लाभांश प्रदान गर्ने।

ख. विविध

संचालक समितिको आज्ञाले
प्रकाश कोइराला
कम्पनी सचिव

द्रष्टव्यः
१. साधारण सभामा जो जस्को नाउँमा शेयर रहेको छ सोही व्यक्तिमात्र सहभागी हुन पाउँने छ।
२. साधारण सभामा उपस्थित हुन असमर्थ शेयर धनीहरुले कम्पनीको शेयर धनीहरुलाई मात्र प्रतिनिधि(प्रोक्सी) नियुक्ति गरी पठाउन सक्नेछन।
३. प्रतिनिधि(प्रोक्सी) नियुक्ति गरेको विषय साधारण सभा हुनु भन्दा २४ घण्टा अगाडि कम्पनीको कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ।
४. साधारण सभा पश्चात मात्र कम्पनीको शेयर खरिद विक्री कार्य गर्न सकिनेछ।
५. सभामा भाग लिन आउने शेयर धनीले आफ्नो परिचय खुल्ने प्रमाण ल्याउनु पर्ने छ।

यस सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा कम्पनी सचिवलाई
(फोन नं ९८४१२५५०७१, ९८०१२२९९४२) सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ।

हाँडीगाउँमा...

पृष्ठ १ बाट क्रमशः

शनिबार कार फ्री डे हुँदा विद्यार्थीहरू सडकमा खेलकुदका गतिविधि गर्दथे। हरेक शनिबार करिब डेढ किमि सडकमा दिउँसो २ देखि राति ८ बजेसम्म सवारीसाधन निषेध गर्दै खाना महोत्सव, बुढापाकाले बालबालिकालाई पुराना खेल सिकाउँथे। कंक्रिट सहरको घेराबन्दीमा परेर पनि केही समययता सांस्कृतिक गतिविधिले गुञ्जायमान बनिरहेको हाँडीगाउँ अचेल सुनसान बनेको हो।


काठमाडौं महानगरपालिका- ५ का वडाध्यक्ष वीरेन्द्र प्रजापतिले जेन-जी आन्दोलनका कारण महोत्सव बन्द गरिएको बताए। प्रजापतिका अनुसार सवारीसाधन निषेध गरिएका कारण हाँडीगाउँका गल्लीमा बालबालिका विभिन्न खेलमा रमाइरहेका हुन्थे। नेपाली र विदेशी पर्यटकहरूले यहाँका सडक र फल्चाहरू भरिभराउ हुन्थ्यो। स्थानीयले हाँडीगाउँको पुरानो चहलपहल फर्काउन काठमाडौं महानगरपालिकासँग पहल गरिरहेका छन्। महानगरपालिकाले जीवन्त हाँडीगाउँको ऐतिहासिक मौलिकता दिन वडामार्फत यस्तो गतिविधिमा सहयोग गर्दै आइरहेको छ। कार फ्री डे र सडक महोत्सव यसको पहिलो प्रयास भएकाले यसलाई मूर्तता दिने महानगरको योजना छ।

भ्युटावरमा डुबेको बाह्रदशी गाउँपालिका

दुई करोड आन्तरिक आम्दानी रहेको झापाको बाह्रदशी गाउँपालिकाले बनाउँदै छ साढे १२ करोडको भ्युटावर, साढे पाँच वर्षमा तीन करोड ३३ लाख खर्च, भौतिक प्रगति ३५.७० प्रतिशत मात्र

■ भ्युटावर निर्माण गर्ने योजना बनाउने तत्कालीन गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशी भन्छन्-


बाह्रदशीको पहिचानका लागि भ्युटावर निर्माण गरेका हौं



बाह्रदशीको पहिचानका लागि भ्युटावर निर्माण गरेका हौं। यहाँ पर्यटकीय सम्भावना पनि छ। भौगोलिक बनोटले पनि पहाडजस्तो ठाउँ छ, वरिपरि जंगल छ। भारतीय पर्यटक पनि आउन सक्छन्। यसले बाह्रदशीको आन्तरिक आम्दानी पनि वृद्धि गर्छ। भोलि संघ र प्रदेशले बजेट रोक्दा गाउँपालिकाले के गर्ने ? भ्युटावर सजाउन सकियो भने सम्भावना धेरै छ।

■ गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चौलागाईं भन्छन्-

यो भ्युटावर बनाउन हुँदैनथ्यो, अघिल्लो कार्यकालमा गल्ती गरे



यो भ्युटावर बनाउन हुँदैनथ्यो। अघिल्लो कार्यकालमा गल्ती गरे। यद्यपि, बनेको संरचना पूरा गर्नु हाम्रो दायित्व हो। कार्यपालिकाले नै अब रडरोगन गरेर चलाउने निर्णय गरेको छ। बजेट पनि विनियोजन भएको हो। तर, जेन-जी आन्दोलनपछि काम हुन सकेको छैन। दक्षिणी भेगको पहाडले चिनिएकाले यहाँ पर्यटकचाहिँ भित्र्याउन सकिन्छ।



झापाको बाह्रदशी- ६ मा अलपत्र परेको भ्युटावर। तस्बिर : नयाँ पत्रिका

झापामा **चिरञ्जीवी घिमिरे**

शिक्षा, स्वास्थ्य, कृषि, रोजगार र सामाजिक कल्याणका कार्यक्रम बनाएर स्थानीय तहमा नमुना सरकार बनाउन सकिने सम्भावना हुँदाहुँदै कतिपय पालिका उल्टो दिशामा दौडिरहेका छन्। यसको एक ज्वलन्त उदाहरण हो- झापाको बाह्रदशी गाउँपालिका र यसले निर्माण गरिरहेको भ्युटावर।

देशभर लहड चलेका वेला बाह्रदशीले पनि साढे पाँच वर्षअघि निर्माण थालेको भ्युटावर अहिले अलपत्र छ। वर्षभरको आफ्नै आम्दानीभन्दा धेरै खर्च गरेर पालिकाले भ्युटावर बनाउने निर्णय लिएको थियो।

बाह्रदशीको आन्तरिक आय वार्षिक दुई करोड मात्र छ, तर आन्तरिक स्रोतबाटै बेहोर्ने गरी साढे १२ करोड लागतको भ्युटावर बनिरहेको हो। अझ भ्युटावर निर्माण सुरु गर्दा बाह्रदशीको आन्तरिक राजस्व एक करोड ३६ लाख मात्र थियो, जुन अहिले दुई करोड ६६ लाख पुगेको छ। ३५.१० मिटर उचाइको यो ११ तले भ्युटावरका लागि गाउँपालिकाले हालसम्म तीन करोड ३३ लाख ७९२ रुपैयाँ खर्च गरिसकेको छ। तर, यति खर्च गर्दा पनि साढे पाँच वर्षदेखि भ्युटावर अलपत्र छ।

१२ करोड ५२ लाख लागत अनुमान गरी डिपिआर तयार गरिएको यो भ्युटावरको काम हालसम्म ३५.७० प्रतिशत सम्पन्न भएको प्रमुख प्रशासकीय अधिकृत गजेन्द्र थपलियाले बताए। उनका अनुसार भ्युटावरका लागि चालू आर्थिक वर्षमा ५० लाख विनियोजन भए पनि जेन-जी आन्दोलनका कारण ठेक्का प्रक्रिया सुरु हुन सकेको छैन। बाह्रदशी- ६ को बाह्रदशी डाँडामा निर्माणाधीन भ्युटावरलाई गाउँपालिकाले बाह्रदशी कञ्चन धरहरा नाम दिएको छ। तराईको पहाड नामले चिनिएको बाह्रदशी डाँडामा वरिपरि जंगल छ भने यो भाग केही उच्च छ। यो डाँडा समुद्री सतहदेखि १४५ मिटर उचाइमा रहेको गाउँपालिकाले जनाएको छ।

आर्थिक वर्ष ०७६/७७ को गाउँसभाले निर्णय गरेपछि यो भ्युटावर निर्माण ०७७ जेठदेखि सुरु भएको थियो। भ्युटावरका लागि चालू आर्थिक वर्षमा ५० लाख विनियोजन भए पनि जेन-जी आन्दोलनका कारण ठेक्का प्रक्रिया सुरु हुन नसकेको उनले बताए। जेन-जी आन्दोलनको क्षतिले हुने बजेट कटौतीमा यो योजना नपरे गाउँपालिकाको हिउँदे अधिवेशनपछि योजना अघि बढ्ने उनको भनाइ छ।

भ्युटावर निर्माण आवश्यकतालाई लिएर जनप्रतिनिधि र स्थानीय नै प्रश्न उठाउँछन्। बाह्रदशी- ६ की मीना उप्रेती गौतमले भ्युटावर बनाउनु आवश्यक नरहेको बताउँछिन्। 'भोलि गएर राम्रो भयो भने ठिकै हो। तर, अहिले नै यसै भन्न सक्ने अवस्था छैन,' उनले भनिन्।

यस्तै, गाउँपालिका अध्यक्ष देविन्द्रप्रसाद चौलागाईं पनि भ्युटावर अनावश्यक रूपमा निर्माण भएको बताउँछन्। 'यो भ्युटावर हामी आउनुअघिको कार्यकालमै बनेको हो। तर, पछिल्लो समयमा काम भएको छैन। यो भ्युटावर बनाउन थाल्न हुँदैन थियो,' अध्यक्ष चौलागाईंले भने, 'अघिल्लो कार्यकालमा गल्ती गरे।' यद्यपि, बनेको संरचना पूरा गर्नु दायित्व भएको उनले बताए। 'कार्यपालिकाले नै अब रडरोगन गरेर चलाउने निर्णय गरेको छ। बजेट पनि विनियोजन भएको हो। तर, जेन-जी आन्दोलनपछि काम हुन सकेको छैन। दक्षिणी भेगको पहाडले चिनिएकाले यहाँ पर्यटकचाहिँ भित्र्याउन सकिन्छ। राजमार्गदेखि सात-आठ किलोमिटर दक्षिणमा छ। सडक पनि छ। त्यही भएर पर्यटक आउने अपेक्षा गरेका छौं।'

भ्युटावर निर्माण गर्ने योजना बनाउने तत्कालीन गाउँपालिका अध्यक्ष खड्गप्रसाद राजवंशीले भने पर्यटकीय सम्भावना भएका कारण निर्माण गरिएको बताए। यसले बाह्रदशीको दिगो आम्दानी गर्न सक्ने उनको तर्क छ। यद्यपि, अहिलेका जनप्रतिनिधिले पूरा नगरेको उनको भनाइ छ। 'बाह्रदशीको पहिचानका लागि भ्युटावर निर्माण गरेका हौं। यहाँ पर्यटकीय सम्भावना पनि छ। भौगोलिक बनोटले पनि पहाडजस्तो ठाउँ छ, वरिपरि जंगल छ। भारतीय पर्यटक पनि आउन सक्छन्,' उनले भने, 'यसले बाह्रदशीको आन्तरिक आम्दानी पनि वृद्धि गर्छ। भोलि संघ र प्रदेशले बजेट रोक्दा गाउँपालिकाले के गर्ने ? भ्युटावर सजाउन सकियो भने सम्भावना धेरै छ।'

ईश्वर पक्षले एजेन्डा नछाड्ने, देश दौडाहमा जाने



● ओलीप्रति लक्षित गर्दै **ईश्वर पोखरेल**ले भने- हामी विभाजन अस्वीकार गर्छौं, तर आत्मसमर्पण पनि मञ्जुर छैन। 'म जे बोल्छु त्यही हो एमाले' सुन्दा पनि आङ सिरिंग हुन्छ। 'म भइनँ भने एमाले हुन्' यो के भनेको हो ?

नयाँ पत्रिका

हालै सम्पन्न एमालेको ११औं महाधिवेशनमा अध्यक्ष पराजित ईश्वर पोखरेल समूहले आफ्ना एजेन्डा पार्टीको आन्तरिक बैठक र बाहिर दुवैतिर निरन्तर उठाउने भएको छ। शनिबार कार्की बैंक्वेटमा आयोजित पोखरेल समूहका नेता-कार्यकर्ता तथा प्रतिनिधिहरूको महाधिवेशन समीक्षा भेलाले त्यस्तो निष्कर्ष निकालेको हो।

पार्टीको पुनर्गठन, नेतृत्व हस्तान्तरण, जबजका आधारमा पार्टी निर्माण, आन्तरिक लोकतान्त्रीकरणलगायतका मुद्दालाई विधिसम्मत ढंगले पार्टीका फोरममा निरन्तर उठाउने निष्कर्ष निकालिएको नेताहरूको भनाइ छ।

संगठित सदस्यता वितरण र प्रतिनिधि छनोट प्रक्रियादेखि नै धाँधली सुरु गरिएको तथा मोर्चा फाँट, विशेष प्रदेश र क्षेत्र, मनोनीत प्रतिनिधिमा एकलौटी गरिएकाले पनि उल्लेख्य नतिजा आउन नसकेको समीक्षा

भेलामा पोखरेलसहित महासचिवमा पराजित सुरेन्द्र पाण्डे, पूर्वउपाध्यक्षहरू युवराज ज्ञवाली, अष्टलक्ष्मी शाक्य, केन्द्रीय अनुशासन आयोगका अध्यक्ष अमृतकुमार बोहोरा, उपाध्यक्ष गोकर्ण विष्ट, उपमहासचिव योगेश भट्टराई, उपमहासचिवका उम्मेदवार आनन्दप्रसाद पोखरेल, सचिवका उम्मेदवार गोकुल बाँस्कोटासहित ६१ जिल्लाको प्रतिनिधित्व गर्ने नेता-कार्यकर्ता सहभागी थिए।

नेता पोखरेलले अध्यक्ष केपी ओलीले अहिलेसम्मका कमजोरी स्विकार्दै सुधारेर पार्टीलाई रूपान्तरणको बाटोमा लैजानुपर्ने बताए। उनले जितको बलमा आत्मसमर्पण गराउन खोजिए स्वीकार्य नहुने चेतावनी पनि दिए। 'हामी विभाजन अस्वीकार गर्छौं, तर आत्मसमर्पण पनि मञ्जुर छैन,' उनले भने, 'म जे बोल्छु त्यही हो एमाले, सुन्दा पनि आङ सिरिंग हुन्छ। म भएन भने एमाले हुन्न यो के भनेको हो ?'

महासचिवका उम्मेदवार पाण्डेले महाधिवेशनमा उठाइएका एजेन्डा लिएर कार्यकर्तामाझ पुग्ने र उनीहरूको सल्लाह, सुझाब सुनेर निरन्तर पार्टीलाई शुद्धीकरण र रूपान्तरणको बाटोमा अगाडि बढ्ने बताए। उनले देशैभर जनताको बहुदलीय जनवादको उपदेयताबारे विमर्शको कार्यक्रम लगिनेसमेत प्रस्टयाए। पार्टीभित्र टिमबाट नेताहरूले आन्तरिक फोरममा पार्टीलाई रूपान्तरणमा लैजान आवाज उठाउने र आफूहरू भने कार्यकर्ताहरूको बिचमा पुगेर एमालेलाई अझ सशक्त, बलियो र एकताबद्ध बनाउन जुट्ने पाण्डेको भनाइ थियो।

नेताहरूले ओलीलाई पार्टी अध्यक्षमा निर्वाचित भएकोमा बधाई दिएका थिए। भेलामा लोकतान्त्रिक प्रतिस्पर्धा भनिए पनि संगठित सदस्यता वितरण, प्रतिनिधि छनोट प्रक्रियादेखि नै धाँधली सुरु गरिएको, मोर्चा फाँट, विशेष प्रदेश र क्षेत्र, मनोनीत प्रतिनिधिमा एकलौटी गरिएकाले पनि उल्लेख्य नतिजा आउन नसकेको समीक्षा गरेका थिए। पार्टीलाई निरंकुश ढंगले कब्जा गर्ने, फरक मत सुन्दै नसुन्ने, पूर्वाग्रह राखेर कुनै जिम्मेवारी नदिने, काखापाखा गर्ने व्यापक विकृति देखिएकाले त्यसका विरुद्ध निरन्तर संघर्ष गर्नुपर्ने नेताहरूले निष्कर्ष निकालेका छन्।

संक्षेप

तमोर नदीमा ६० मिटर अन्डरपास निर्माण गरिने

धनकुटा/ कोशी लोकमार्गको धरान-धनकुटा सडकखण्डअन्तर्गत धनकुटा नगरपालिका- ९ मूलघाटस्थित तमोर नदीमा अन्डरपास निर्माण सुरु गरिएको छ। संखुवासभामा निर्माणाधीन अरुण तेस्रो जलविद्युत् आयोजनाको भारवहन सामान निर्माणस्थलतर्फ लैजान अन्डरपास निर्माण थालिएको हो। मूलघाटको तमोर नदीमा लगाएको पुलबाट भारवहन सामान बोकेको गाडी लैजान जोखिम हुने भएकाले अन्डरपास निर्माण गर्न लागिएको हो। अरुण तेस्रो जलविद्युत् आयोजनाले तमोर नदीमा करिब ६० मिटर लम्बाइको अन्डरपास निर्माण गर्नेछ। धनकुटाको मूलघाटमा निर्माण गरिएको पक्की पुलको अधिकतम भारवहन क्षमता ७० टनको छ। तर, निर्माणाधीन आयोजनामा लगिने ट्रान्सफर्मर, टर्बाइनलगायतका उपकरणसहित एक सय ४० टनसम्मको सामग्री आउने आयोजनाका डिजिएम पंकज आनन्दले बताए। सडक विभागको स्वीकृति र नेपाल सरकारको अनुमतिमा मूलघाटमा अन्डरपास बनाउन लागिएको आयोजनाले जनाएको छ। भारी तौलको सामग्री लोड गरिएको गाडी पुलबाट तार्दा पुलमा क्षति हुने भएकाले विकल्पको रूपमा अन्डरपास निर्माण गर्न थालिएको आयोजना कार्यालयले जनाएको छ। हिउँदको समयमा तमोर नदीमा पानीको सतह कम हुन्छ। पानीको सतह बढ्नुअघि नै आयोजनाको भारी सामग्री ओसारिसक्ने आयोजनाले जनाएको छ। राष्ट्रिय गौरवको आयोजना भएकाले सहमतिमा माथिबाटै सहजीकरण हुने प्रमुख जिल्ला अधिकारी विनोदकुमार खड्काले बताए। आयोजनाले सडक सञ्जालले छोएका सबै पालिकासँग पनि भारवहन सामान लैजान आवश्यक भूमिका निर्वाह गरेको पनि खड्काले बताए।

दुई मुद्दाका तीन फरार प्रतिवादी पक्राउ

लहान/ प्रहरीले सिराहाको विभिन्न स्थानबाट दुई मुद्दाका तीन फरार प्रतिवादीलाई पक्राउ गरी अदालतमा बुझाएको छ। जिल्ला प्रहरी कार्यालय सिराहाका अनुसार अर्नमा गाउँपालिका र सुखीपुर तथा कल्याणपुर नगरपालिकाबाट सवारी ज्यान, लागुऔषध मुद्दाका तीन फरार प्रतिवादीलाई पक्राउ गरी सिराहा जिल्ला अदालतमा बुझाइएको हो। सिराहा जिल्ला अदालतको गत १ मंसिरको पत्रअनुसार सवारी ज्यानसम्बन्धी मुद्दाका फरार प्रतिवादी सुखीपुर-८ का करिब ४३ वर्षीय दीपेन्द्रकुमार सिंहलाई पक्राउ गरी शुक्रबार जिल्ला अदालतमा पेस गरिएको सिराहा प्रहरीका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक ओमप्रकाश पण्डितले जानकारी दिए। त्यस्तै, लागुऔषध मुद्दामा एक महिना कैद फैसला तोकिएका अर्नमा- ५ का करिब २९ वर्षीय कृष्ण साहलाई पनि खोजतलासको क्रममा पक्राउ गरी अदालतमा बुझाइएको उनले बताए। पण्डितका अनुसार कल्याणपुर- २ चतरीबाट चालू सवारी ज्यान मुद्दाका स्थानीय करिब ६८ वर्षीय सकुन मुखियालाई लुकिछिपी बसिरहेको अवस्थामा पक्राउ गरी थप अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ।

चोरी तथा डाँकासम्बन्धी कसुरमा पाँचजना समातिए

कास्की/ चोरी तथा डाँकासम्बन्धी कसुरमा प्रहरीले पाँचजनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा कास्कीको मादी गाउँपालिका- ६ तप्राङ घर भई हाल पोखरा महानगरपालिका- १ भीमकाली पाटन बस्ने सुशील नेपाली, आशिष नेपाली सुनार, विजय पराजुली, अस्मिता नेपाली र मुस्ताङको थासाङ गाउँपालिका- २ का तुलबहादुर विश्वकर्मा रहेको जिल्ला प्रहरी कार्यालय कास्कीका प्रवक्ता हरिबहादुर बस्नेतले बताए। बस्नेतका अनुसार १ पुसमा माछापुच्छ्रे गाउँपालिका- ६ ठुलोकुनामा ८२ वर्षीया एक महिलालाई अपरिचित व्यक्तिहरू आई उनलाई लछारपछार गरी दुवै कानमा लगाएको सुनको रिङ चोरी गरी फरार रहेको र सोही दिन पोखरा- १९ पुरनचौरमा ६५ वर्षीया एक महिलालाई तीनजना अपरिचित व्यक्तिहरू आई उनले दुवै कानमा लगाएको सुनको रिङ चोरी गरी फरार रहेको भन्ने सूचनापछि खटिएको प्रहरी टोलीले अनुसन्धानपछि उनीहरूलाई पक्राउ गरेको हो। पक्राउ परेका उनीहरूबाट प्रहरीले २४ लाल नौ प्वाइन्ट तौलको डल्लो एक थान, एक तोला पाँच लाल तौलको हातमा लगाउने बाला दुई थान, ४५ लाल पाँच प्वाइन्ट तौलको कानमा लगाउने रिङ दुई थान, नगद ६० हजार, मोबाइल तीन थान, ग६प ५१८२ नम्बरको स्कुटर थान बरामद गरेको प्रहरीले जनाएको छ। चोरी गरिएका गहनामध्ये आशिष र उनकी श्रीमती अस्मिताले एकजोर रिङ मुक्तिनाथ सुनचाँदी पसलमा लगी बिक्री गरेको अनुसन्धानको क्रममा फेला परेको बस्नेतले बताए। प्रहरीले मुक्तिनाथ सुनचाँदी पसलमा खानतलासी गर्दा खरिद गरेको एकजोर कानमा लगाउने रिङ खरिद गरी पगालेर डल्लो पारी प्लास्टिकमा राखेको भेटिएको थियो।

सभामुखका लागि मधेशमा जसपा नेपाल र एमालेको उम्मेदवारी दर्ता

जनकपुरधाममा **हदिश खुद्दार**

मधेशको सभामुख पदका लागि सत्तारूढ गठबन्धन र प्रमुख प्रतिपक्ष एमालेबाट छुट्टाछुट्टै उम्मेदवारी दर्ता भएको छ। सातदलीय गठबन्धनबाट जनता समाजवादी पार्टी नेपालका प्रमुख सचेतक रामआशिष यादव र एमालेबाट त्रिलोकी प्रसादले उम्मेदवारी दर्ता गराएका हुन्।



रामआशिष यादव
जसपा नेपाल



त्रिलोकी प्रसाद
एमाले

सातदलीय गठबन्धनका साझा उम्मेदवार यादवले प्रदेश सभा सचिवालयमा दिउँसो करिब १ बजे उम्मेदवारी दर्ता गराए। यादवको उम्मेदवारीमा काग्रेस प्रदेश सभा सदस्य वीरेन्द्रकुमार सिंह प्रस्तावक तथा माओवादीका फकिरा महतो समर्थक छन्। उम्मेदवारी दर्ताअघि बसेको गठबन्धनको बैठकले सर्वसम्मत रूपमा यादवलाई साझा उम्मेदवार बनाउने निर्णय गरेको थियो। गठबन्धनले प्रदेश सभामा स्थायित्व, सहकार्य र निष्पक्ष संसदीय अभ्यासलाई सुदृढ बनाउने उद्देश्यले अनुभवी नेतालाई अघि सारिएको जनाएको छ। एमालेबाट त्रिलोकी प्रसादले दिउँसो करिब ३ बजे सभामुख पदका लागि उम्मेदवारी दर्ता गराएका थिए। उनको उम्मेदवारीमा एमालेकी प्रदेश सभा सदस्य शारदादेवी थापा प्रस्तावक तथा जयचन्द्रप्रसाद पटेल समर्थक छन्। प्रस्तावक र समर्थक दुवै एमालेका प्रदेश सांसद हुन्। उम्मेदवारी दर्ताअघि बसेको एमाले संसदीय दलको बैठकले प्रसादलाई आधिकारिक उम्मेदवार बनाउने निर्णय गरेको थियो। एमालेले संसदीय प्रक्रिया, विधि र विधानको पालना गर्दै प्रदेश सभालाई प्रभावकारी रूपमा सञ्चालन गर्न सक्ने क्षमताका आधारमा प्रसादलाई उम्मेदवार बनाइएको जनाएको छ। प्रदेश सभा सचिवालयका अनुसार सभामुख चयनका लागि आइतबार दिउँसो १ बजे मतदान हुनेछ।

यसअघि २६ कात्तिकमा सभामुख रहेका रामचन्द्र मण्डललाई काग्रेससहित सात दलका ७६ सांसदको समर्थनमा पदअनुसारको आचरण नगरेको भन्दै पदमुक्त गरिएको थियो। सभामुख पद रिक्त भएपछि जनमतबाट उपसभामुख रहेकी रहँदा बबिताकुमारी राउत इसरले प्रदेश सभाको बैठक सञ्चालन गर्दै आएकी हुन्। प्रदेश सभामा सातदलीय गठबन्धनको स्पष्ट बहुमत छ।

संसद् पुनर्स्थापनाको मागसहित काग्रेस सांसदहरूको हस्ताक्षर अदालतमा बुझाउने तयारी

काठमाडौं/ काग्रेस संस्थापन पक्षले प्रतिनिधिसभा पुनर्स्थापनाका लागि पूर्वसांसदहरूको हस्ताक्षरसहितको पूरक रिट सोमबारसम्म दर्ता गर्ने तयारी गरेको छ। कम्तीमा ६५ जनाको हस्ताक्षर पुऱ्याएर सर्वोच्च अदालतमा बुझाउन लागिएको हो। 'पार्टीले संसद् विघटन असंवैधानिक हो भनिसकेको छ। यसको निरूपण अदालतबाट हुने हुनाले पार्टी निर्णयकै स्पिरिटका आधारमा हामीले हस्ताक्षर संकलन गरेर बुझाउन लागेका हौं,' काग्रेस निवर्तमान प्रमुख सचेतक श्याम घिमिरेले भने, 'हस्ताक्षर संकलन गरेर वकिलहरूलाई दिन्छौं, उहाँहरूले मिलाउनुहुनेछ।'

काग्रेसमा निर्वाचन कि संसद् पुनर्स्थापनामा जाने भन्नेमा विवाद छ। महामन्त्री गगन थापा र विश्वप्रकाश शर्मा पक्षले निर्वाचनको विकल्प नभएको बताउँदै आएको छ। तर, सभापति शेरबहादुर देउवा संसद् पुनर्स्थापनाका पक्षमा छन्। उनले संसद् विघटनको आन्तरिक रूपमा विरोध गर्दै त्यसविरुद्ध बोल्न पार्टी नेताहरूलाई भन्दै आएका छन्। पछिल्लोपटक सभापति देउवा र एमाले अध्यक्ष केपी ओलीबिच भेटवार्ता भएपछि काग्रेसका निवर्तमान प्रमुख सचेतक घिमिरेको सक्रियता बढेको छ। 'काग्रेस र एमालेका बहुमत सांसदहरूको हस्ताक्षर बुझाउँछौं, त्यसपछि न्यायालयको फैसलाको प्रतीक्षा गर्नुको विकल्प छैन,' उनले भने। महामन्त्री थापा पक्षीय केन्द्रीय सदस्य अजयबाबु सिवाकोटीले संसद् पुनर्स्थापनाको विषय पार्टीको प्राथमिकतामा नभएको बताए। 'यो पार्टीको प्राथमिकताको कुरा होइन, सर्वोच्चको क्षेत्राधिकारमा प्रवेश गरिसकेको छ,' उनले भने, 'काग्रेस निर्वाचनका लागि तयारी गरिरहेको छ।'

पुनः अंश र पैसा माग्दै आमालाई कुटपिट, विरोध गरेको भन्दै भाइको हत्या

उदयपुरमा **विदुर कटुवाल**



छोराको कुटपिटबाट घाइते रूपमाया राई

● **मनोजकुमार चौधरी**, वडाध्यक्ष



आमालाई कुटपिट गरी पैसा र जग्गा दिने कबुल गराउँदा विरोध गरेको भन्दै उदयपुरको त्रियुगा नगरपालिका- २ जोगीदहका ४३ वर्षीय युवराज राईले आफ्नै कान्छो भाइको हत्या गरेका छन्। उनले शुक्रबार राति खुकुरी प्रहार गरी ३० वर्षीय धर्मराज राईको हत्या गरेको त्रियुगा नगरपालिका- १ का वडाध्यक्ष मनोजकुमार चौधरीले बताए। भाइको हत्या गरेर फरार भएका युवराजलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय उदयपुरका डिएसपी केदारमान दोडले शनिबार साँझ ७:१० बजे जोगीदहको जंगलबाट उनलाई पक्राउ गरेको जानकारी दिए।

युवराजको कुटपिटबाट ५७ वर्षीया आमा रूपमाया राई गम्भीर घाइते भएकी छिन्। 'स्वर्गीय मदन राईका दुई श्रीमतीमध्ये रूपमाया कान्छी हुन्। कान्छीपट्टिका तीन छोरा र एक छोरी छन्। सबैको बिहेबारी र अंशबन्डा भइसकेको छ। युवराजले आफूले पाएको सम्पत्ति सबै बेचेर खाए। चार-पाँच महिनादेखि उनी आमा र भाइसँगै बस्दै आएका थिए। शुक्रबार राति आमालाई कुटपिट गरी पैसा मागेछन्। आमालाई पैसा नदिए मारिदिने धम्की दिँदै खोलातिर रगताम्य बनाएर लगेछन्। आमाले पैसा पनि दिने र पुनः अंश पनि दिने कबुल गरिछन्। गाउँलेहरूले रूपमायालाई देखेर प्रहरीलाई खबर गरेछन्। त्यसपछि आमालाई उपचारमा लगियो। आमालाई उपचार गरेर ल्याउँदा राति घर फर्केका युवराजले विरोध गरेको भन्दै भाइलाई खुकुरी प्रहार गरी हत्या गरेछन्,' चौधरीले भने।

भाइले आमालाई किन कुटपिट गरी पैसा र अंश मागिस् भनेर सोध्दा उल्टै भाइ धर्मराज राईलाई कुखुरी प्रहार गरी हत्या गरेको देखिएको उनको भनाइ छ। युवराज तीन वर्ष मलेसिया बसेर आएका हुन्। उनको श्रीमतीसँग सम्बन्धविच्छेद भइसकेको छ।

युवराजले शुक्रबार राति आमालाई कुटपिट गरी पैसा र पुनः अंश मागेछन्। नदिए मारिदिने धम्की दिँदै खोलातिर रगताम्य बनाएर लगेछन्। आमाले पैसा पनि दिने र पुनः अंश पनि दिने कबुल गरिछन्। गाउँलेले प्रहरीलाई खबर गरेछन्। त्यसपछि आमालाई उपचारमा लगियो। विरोध गरेको भन्दै भाइलाई खुकुरी प्रहार गरी हत्या गरेछन्।

छोराको कुटपिटबाट घाइते रूपमायाले दिनदिनै जेठो छोराले पैसा र अंश माग्ने गरेको र कान्छो छोराले विरोध गर्दै आएको बताइन्। 'शुक्रबार राति पनि सुरुमा जेठोले पैसा र पुनः अंश मागेको थियो। मैले हुँदैन भनेकी थिएँ। सुरुमा मलाई नै आक्रमण गरी मार्न खोज्यो। त्यसपछि खोलातिर लिएर गयो। पैसा र अंश दिन्छु भनेपछि पुनः फर्काएर ल्यायो। म घर आउँदा बेहोस भएकी रहेछु। त्यहीवेला कान्छो आइपुग्यो। गाउँले पनि जम्मा भएका थिए। मलाई उपचार गर्न लगियो। युवराजले राति आएर भाइको हत्या गऱ्यो। निहुँ बाबुको पेन्सन र अंश बन्यो। पेन्सन मेरै नाममा आउने गर्दथ्यो,' उनले भनिन्।

रूपमायाले हत्याको घटना श्रीमान् मदन राईको ब्रिटिस सेनाबाट पाउने पेन्सन बनेको बताइन्। 'मैले त्यही पैसा कान्छोलाई घरखर्च चलाउन आवश्यक पर्दा दिने गरेकी थिएँ। उसलाई पनि कहिलेकाहीं दिन्थें। यसपालि ज्याकेट किन्न मागेको थियो। त्यही दिन नमान्दा मलाई पनि झन्डै मार्‍यो। भाइको हत्या नै गऱ्यो,' उनले भनिन्। रूपमायाका तीन छोरामध्ये माइलो विदेशमै छन्।

झगडा सुरु भएको थाहा पाएलगत्तै स्थानीयले प्रहरीलाई खबर गरेका थिए। तर, युवराज भागेपछि पक्राउ गर्न असम्भव भएको थियो। पछि लुकेर आई भाइको हत्या गरेको प्रहरीको भनाइ छ। जिल्ला प्रहरी कार्यालय उदयपुरका सूचना अधिकारी डिएसपी केदारमान दोडले हत्याको कारण पैतृक सम्पत्ति रहेको बताए। 'पुनः अंश र ज्याकेट किन्ने पैसा मागेको रहेछ। आमाले विरोध गर्दा कुटपिट गरेछन्। त्यसपछि पैसा र अंश दिने आमाले कबुल गरेपछि छाडेर घर ल्याएका रहेछन्। मादक पदार्थ पनि सेवन गरेको भन्ने बुझिएको छ। भाइले विरोध गरेपछि भाइको हत्या भएको प्रारम्भिक अनुसन्धानमा खुलेको छ,' उनले भने। भाइको हत्या गरेपछि फरार युवराजको खोजतलास जारी राखेको उनले बताए।

अर्धन्यायिक निकायको सुदृढीकरणको खाँचो

अर्धन्यायिक निकायको विद्यमान कमजोर कार्यविधि र आवश्यक विधि व्यवस्थाको अभावले यी निकायको सेवा सन्तोषप्रद छैन



● अजयकुमार झा

अग्रलेख

राज्यको न्यायिक व्यवस्थाको दृष्टिमा अदालतजस्तो पूर्ण न्यायिक निकायझैँ विशेष उद्देश्य बोकेका अर्धन्यायिक निकायहरूको पनि महत्त्व कम छैन। यद्यपि, अर्धन्यायिक निकायको विद्यमान कमजोर कार्यविधि र आवश्यक विधि व्यवस्थाको अभावले अर्धन्यायिक सेवा सन्तोषप्रद छैन। त्यसैले, अर्धन्यायिक निकाय सुदृढीकरणको विकल्प छैन।

नेपालको संविधान, २०७२ को धारा १२६ ले न्यायसम्बन्धी अधिकार संविधान, कानुन र न्यायिक सिद्धान्तबमोजिम अदालत तथा न्यायिक निकायबाट प्रयोग गरिने व्यवस्था गरेको छ। नेपालमा न्यायसम्पादन गर्ने निकायलाई सामान्य अदालत, विशेष प्रकृतिका अदालत-न्यायाधीकरण तथा अर्धन्यायिक निकायका रूपमा वर्गीकरण गरिएको छ।

संविधानबमोजिम सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालत नेपालका सामान्य अदालत हुन्। सामान्य अदालतबाहेक कुनै खास किसिमका मुद्दाहरू हेर्ने प्रयोजनका लागि विशेष प्रकृतिका अदालत वा न्यायाधीकरण स्थापना गर्न सकिने व्यवस्था संविधानले गरेको छ। यो व्यवस्थाबमोजिम खासखास प्रकृतिका मुद्दाका लागि मात्र विशेष अदालत गठन गर्न सकिन्छ। हाल नेपालमा विशेष अदालत, राजस्व न्यायाधीकरण, श्रम अदालत, प्रशासकीय अदालत, उपभोक्ता अदालत, बाल अदालत आदि विशेष प्रकृतिका अदालत अस्तित्वमा छन्।

कार्यपालिकामातहतका निकायलाई नै अर्धन्यायिक निकाय भनिएको हो। यी निकायलाई प्रशासकीय अधिकारका अतिरिक्त सम्बन्धित क्षेत्रका विवादको निरूपणका लागि अधिकारसम्पन्न गराउनु नै अर्धन्यायिक निकायको औचित्य हो। न्यायिक भूमिकाको दृष्टिकोणले अर्धन्यायिक निकायको महत्त्वमा प्रश्न उठाउन सकिन्न। तर, यस्ता निकायले न्यायसम्पादन गर्दा अपनाउने ऐन र कार्यविधिको कमीले गर्दा कतिपय अवस्थामा पक्षलाई अन्याय पर्न गएको अवस्थालाई नकार्न सकिँदैन।

अर्धन्यायिक निकाय नामबाटै पूर्ण न्यायिक नभएको प्रस्ट हुन्छ। यसमा न्यायिक निर्णय दिने व्यक्ति प्रशासनिक अधिकारी हुन्छन्, जसले तोकिएको प्रशासनिक जिम्मेवारी पूरा गर्दैगर्दा परिआएको न्यायिक कार्यसमेत सम्पादन गर्छन्। अर्धन्यायिक निकायको अवधारणा शक्ति पृथकीकरणको सिद्धान्तविपरीत छ। किनभने यसमा मुद्दाको दायरी र सुनुवाइ एकै अधिकारीले गर्छन्। आफ्नो मुद्दामा आफैँ न्यायाधीश नहुने भन्ने सिद्धान्तविपरीत सुनुवाइ गरिन्छ। अदालतले जस्तो यसले आफ्नो अवहेलनामा कारबाही चलाउन सक्दैन। न्यायपालिकाले न्यायिक पुनरावलोकन, अनुगमन एवं पुनरावेदनका माध्यमद्वारा अर्धन्यायिक निकायको न्यायिक कार्यको परीक्षण गर्छ। सामान्य अदालतमा कार्यबोझका कारण न्यायसम्पादन लम्बिनु र अदालती कार्यविधि जटिल हुनुका कारण अर्धन्यायिक निकाय आवश्यक ठानिएको हो। अर्धन्यायिक निकायले न्याय छिटो, छरितो, सस्तो र सुलभ बनाउँछ।

तर, हाम्रो देशको अर्धन्यायिक निकायको पछिल्लो लामो अभ्यास हेर्दा ती निकायमा निर्णयकर्ताले कानुनको प्रयोग, प्राकृतिक न्यायको सिद्धान्त, प्राक्न्यायको सिद्धान्त, बिबन्धनको सिद्धान्त, नजिरको पालना एवं कानुनको व्याख्या, न्यायिक मन, हदम्याद, हकदैया, लिखतको ढाँचा, सुनुवाइको मौका, साक्षी प्रमाण संकलन एवं मूल्यांकन, मुद्दाको गहन अध्ययन, कानुन व्यवसायीको सेवा, निर्णय कार्यान्वयन, पुनरावेदनको मौका, प्राप्त अधिकारको सदाशयतापूर्वक प्रयोग आदि कानुनका अनिवार्य आधारभूत सर्त पालना समुचित ढंगबाट भएको छैन।

अर्धन्यायिक निकायमा दक्ष जनशक्तिको अभावमा न्यायिक कार्यलाई सहायक कामका रूपमा लिई कानुनसँग बाझिने विभागीय परिपत्र, निर्देशन एवं कानुनको सिद्धान्तभन्दा प्रशासनिक सिद्धान्त प्रयोग गरी इजलास नै खडा नगरी अभियुक्तलाई कानुन व्यवसायी राख्ने मौका नै नदिई, अभियुक्तलाई सफाइको प्रशस्त मौका नदिई टिप्पणी प्रथाबाट निर्णय गर्ने गरिएको पाइन्छ। अर्धन्यायिक अधिकारीका रूपमा कानुनमा जानकार सक्षम व्यक्तिलाई मात्र नियुक्त गर्नुपर्छ। अर्धन्यायिक निकायका न्यायकर्ता एवं अन्य कर्मचारीलाई न्यायिक काम कारबाहीका लागि आवश्यक प्रशिक्षण दिनुपर्छ, सम्बन्धित कानुन, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त नजिर, न्यायका अनिवार्य सिद्धान्त, न्यायिक मनको प्रयोग भएको स्पष्ट देखिनुपर्छ।

अर्धन्यायिक अधिकारीको कामको सुपरिवेक्षण प्रभावकारी रूपमा गरी मूल्यांकन गरेर सो आधारमा दण्ड र पुरस्कार दिनुपर्छ। न्यायिक अधिकार प्रयोग गर्दै आएको प्रशासनिक निकायको क्षेत्राधिकारमा पुनर्विचार गरी योग्य व्यक्तिलाई न्यायिक अधिकार दिन सर्वोच्च अदालतका न्यायाधीशत्रय कल्याण श्रेष्ठ, गिरिषचन्द्र लाल र सुशीला कार्कीको विशेष इजलासले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र गृह मन्त्रालयको नाममा मिति २०६८/०६/०५ मा परमादेशको आदेश जारी गऱ्यो। प्रमुख जिल्ला अधिकारीलगायत विभिन्न अर्धन्यायिक निकायका प्रमुखलाई प्रदत्त फौजदारी न्यायिक अधिकारसम्बन्धी कानुनी प्रावधान संविधान र अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको मूल्यमान्यता र मापदण्डअनुरूप नरहेको इजलासको उक्त आदेशमार्फत भनियो।

कानुन एवं न्यायिक प्रक्रियाको ज्ञानविनै त्यस्तो जिम्मेवारी सुम्पिइँदा तत्कालीन अन्तरिम संविधानको धारा २४ को न्याय सम्बन्धित हक तथा धारा १०० र धारा १०१ लगायतका प्रावधानको भावनाविपरीत कार्य निरन्तर भइरहने अवस्था हुने भई त्यस्तो स्थितिलाई तत्काल रोकी व्यावहारिक रूपमा नै प्रभावकारी, निष्पक्ष र सक्षम न्यायसम्पादनको पूर्वाधार सिर्जना गर्न जारी भएको सो आदेशमा उल्लेख छ। कानुनमा स्नातकका साथै सम्बन्धित विषयको कम्तीमा स्नातकस्तरको उपाधिसहितको ज्ञान, पाँच वर्षको अनुभव, कानुनमा स्नातक नभएकाहरूको



हकमा कानुन एवं न्यायिक प्रक्रियासम्बन्धी कम्तीमा तीन महिनाको प्रशिक्षण प्राप्त गरेको व्यक्तिमध्येबाट छनोट गरी योग्य व्यक्तिलाई जिम्मेवारी दिने आदेश जारी गरियो।

एक वर्षभित्र जो चाहिने आवश्यक व्यवस्था गरी अनिवार्य रूपमा कार्यान्वयन गर्नु गराउनु भन्दै नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र गृह मन्त्रालयका नाउँमा परमादेशको आदेश जारी गर्दा प्रशासकीय न्यायको अधिकार क्षेत्रलाई सम्मानित मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, नेपालको अन्तरिम संविधान र न्यायका मान्य सिद्धान्तअनुकूल मिलान नगरी नहुने स्थिति देखिन आएको भन्दै त्यसका लागि कानुनमा सुधार तथा परिमार्जन गर्नुपर्ने र त्यसो नहुँदासम्म फौजदारी मुद्दा हेर्ने क्षेत्राधिकारमा पुनर्विचार गर्न निर्देशन दिइयो।

कानुनमा स्नातकका साथै सम्बन्धित विषयको कम्तीमा स्नातकस्तरको उपाधिसहितको ज्ञान पाँच वर्षको अनुभव कानुनमा स्नातक नभएकाहरूको हकमा कानुन एवं न्यायिक प्रक्रियासम्बन्धी कम्तीमा तीन महिनाको प्रशिक्षण प्राप्त गरेको व्यक्तिमध्येबाट छनोट गरी योग्य व्यक्तिलाई अर्धन्यायिक निकायको निर्णयकर्ताको जिम्मेवारी दिन सर्वोच्च अदालतले आदेश दिए तापनि के उपयुक्त योग्यता पुगेका योग्य व्यक्तिलाई मात्र न्यायिक अधिकार दिइएको छ त? केही यस्ता अर्धन्यायिक निकाय छन्, जहाँ निर्णयकर्ता सर्वोच्च अदालतको मिति २०६८/०६/०५ को आदेशमा उल्लेख भएबमोजिमको योग्यता नपुगेको अवस्था विद्यमान छ। यो अवस्थाले सर्वोच्च अदालतको आदेशको अवहेलना गरेको छ। नेपालको संविधान, २०७२ ले स्थानीय तहलाई समेत संघीय एकाइ मानिएको छ।

> कानुनी राज्यको व्यवस्था तथा लोकतान्त्रिक कार्य सञ्चालन गर्न अर्धन्यायिक निकायहरूलाई सक्षम मिनी अदालत बनाएर सामाजिक न्याय स्थापना गर्नुको विकल्प छैन

सिद्धान्ततः स्थानीय तहलाई विधायिकी, कार्यपालिकी तथा न्यायपालिकी अधिकारबाट सुसम्पन्न गर्नु आवश्यक छ। संविधानको अनुसूची ८ अनुसार विवादमा मेलमिलाप र मध्यस्थताको व्यवस्थापन गर्ने अधिकार स्थानीय तहलाई सुम्पेको पाइन्छ। स्पष्ट रूपमा यो स्थानीय तहको न्यायिक अधिकार हो। आगामी दिनमा संघीय कानुनद्वारा यसलाई व्यवस्थित गर्ने काम हुने नै छ। तर, त्यतिखेर यो न्यायिक अधिकार प्रयोग गर्ने अधिकारीको योग्यता र सक्षमताको सवाल मुखरित हुन सकेन भने त्यसले नराम्रो अनुभव मात्र छाडेर जानेछैन। अपितु, एउटा खास सिद्धान्त सदाका लागि निष्क्रिय तुल्याउने काम पनि हुनेछ।

विगतमा विकेन्द्रीकरण कानुन र स्थानीय स्वायत्त शासन कानुनले स्थानीय निकायलाई न्यायिक अधिकार नसुम्पेको होइन, तर त्यो संस्थागत हुन सकेन। सरकारले अर्धन्यायिक निकायमा निर्णयकर्ताको अयोग्यता र अक्षमता हटाउनुमा शीघ्रता अपनाउनुपर्छ। कानुनी राज्यको व्यवस्था तथा लोकतान्त्रिक कार्यसञ्चालन गर्न अर्धन्यायिक निकायहरूलाई सक्षम मिनी अदालत बनाएर सामाजिक न्याय स्थापना गर्नुको विकल्प छैन।

वस्तुतः अर्धन्यायिक प्रक्रिया त्यस्तो प्रक्रिया हो, जो अदालतसमान नै हुन्छ, तर यो एक प्रशासनिक वा कार्यकारी अधिकारी वा निकायद्वारा सम्पादन गरिन्छ। यी निकाय पारम्परिक न्यायिक व्यवस्थाका हिस्सा हुँदैनन्, तर विवाद सल्टाउने र न्यायिक निर्णय लिनका लागि अदालतकै केही शक्ति प्राप्त गरेका हुन्छन्। यसको उद्देश्य विवादलाई छिटो र कम खर्चमा समाधान गर्नु हो।

नेपालमा संघीय संविधानले स्थानीय निकायलाई पनि न्यायिक अधिकारसम्पन्न बनाएको छ। नेपालको संविधानको धारा २१७ अनुसार कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरूपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा गाउँसभा वा नगरसभाबाट आफूमध्येबाट निर्वाचित गरेका दुई सदस्यसहित गठन हुने तीनसदस्यीय समिति नै न्यायिक समिति हो।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार न्यायिक समितिले सकेसम्म मेलमिलापको माध्यमबाट मात्र विवाद समाधान गर्ने गरी केही तोकिएका विवादको निरूपण (कारबाही र किनारा) गर्ने अधिकार प्राप्त गरेका छन्। यसको अर्थ स्थानीय तहको न्यायिक समितिले मेलमिलापलाई पहिलो प्राथमिकता दिनुपर्छ। न्यायिक समितिले विवाद निरूपण गर्दा आफैँ कारबाही र किनारा गर्ने विवादमा सम्भव भएसम्म मेलमिलाप गराउन प्रोत्साहित गरी दुवै पक्षको सहमतिमा मिलापत्र गराउनुपर्छ। मेलमिलाप हुन नसकेमा मात्र तोकिएको विवादको विषयमा निर्णय गर्नुपर्छ। न्यायिक समितिले ती तोकिएका विषयका विवाद समाधान पनि मेलमिलापकै माध्यमबाट मात्र गर्नुपर्छ। मेलमिलाप हुन नसके सोही व्यहोरा उल्लेख गरी विवाद समाधानका लागि जिल्ला अदालत जानु भनी विवादका पक्षहरूलाई सुनाइदिनुपर्छ। यसैगरी, घरेलु हिंसा (कसुर तथा सजाय) ऐन, ज्येष्ठ नागरिक ऐन, २०६३, बालबालिकासम्बन्धी ऐन, २०७५, जातीय भेदभाव (कसुर तथा सजाय) ऐन, २०७५ ले पनि स्थानीय तह न्यायिक समितिलाई केही अधिकार सुम्पेको छ। स्थानीय तह न्यायिक समितिको पछिल्लो अनुभवले स्थानीय सरकार सञ्चालन ऐनले तोकेका विवादको निरूपण कम र मेलमिलापका माध्यमबाट समाधान भएको धेरै देखिएका छन्। विवाद समाधानका लागि मेलमिलापकर्ताको प्रयोग कम र प्रायः न्यायिक समितिका पदाधिकारी आफैँले मेलमिलापकर्ताका रूपमा काम गरेको पाइएको छ।

निर्धारित कार्यविधिको पालनाभन्दा विवादको समाधानमा बढी केन्द्रित रहेको पाइन्छ। सूचना दिने, मेलमिलाप प्रक्रिया सञ्चालन गर्नेजस्ता कार्य मौखिक रूपमा गरिएका पनि देखिन्छन्। विवादलाई औपचारिक प्रक्रियामातहत ल्याइनुको सट्टा अध्यक्ष वा प्रमुख एक्लैले समाधान गरेको पनि पाइएको छ। निर्णयको अभिलेखीकरण पनि समुचित रूपमा गरिएको कमै पाइन्छ।

निर्वाचित पदाधिकारीदेखि भिन्न राजनीतिक आस्था भएका सेवाग्राही न्यायिक समितिमा आउन डराएका भन्ने टिप्पणी पनि यदाकदा सुनिन्छ। त्यस्तै, केही विवादमा राजनीतिक दबाब अनुभव गरेको तथा भिन्न राजनीतिक आस्था भएका व्यक्तिले ल्याएका विवाद समाधान गर्न अप्ठ्यारो भएका अनुभव सुनिएका छन्। जे भए पनि न्यायपालिकाको कार्यभार कम गर्न, विशेष मामिला छिटो एवं लागत-प्रभावी रूपमा समाधान गर्न र विशिष्ट क्षेत्रका विज्ञहरूद्वारा प्राकृतिक न्यायको सिद्धान्तमा आधारित परम्परागत अदालतको झन्झटिलो प्रक्रियालाई न्यूनीकरण गर्दै जनतालाई छिटो र सस्तो न्याय प्रदान गर्न अर्धन्यायिक निकाय आवश्यक मात्र छैनन्, यिनलाई सक्षम र जिम्मेवार बनाउनु पनि आवश्यक छ र यस मानेमा सर्वोच्च अदालतको निर्देशनबमोजिम अर्धन्यायिक निकायहरूको समुचित सुदृढीकरण गर्नु पनि अत्यन्त आवश्यक छ।

(झा इतिहास, संस्कृति र समसामयिक विषयका जानकार हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **राजेन्द्र महर्जन**लाई



■ एमालेको भर्खरै सम्पन्न महाधिवेशनलाई कसरी हेर्नुभएको छ ?

एमालेको भर्खरै सम्पन्न महाधिवेशनले जेन-जी आन्दोलनले उठाएका सुशासन र भ्रष्टाचारविरोधी मुद्दा र मागलाई पूरै बेवास्ता गरेको छ। जेन-जी आन्दोलनपछि पार्टीहरूमा आन्तरिक लोकतन्त्र, रूपान्तरण, नेतृत्व परिवर्तन तथा एक हदसम्म पुनर्गठनकै आवाज उठिरहको समयमा त्यसलाई पनि पूर्णतः बेवास्ता गरेको छ। महाधिवेशनले अध्यक्ष केपी शर्मा ओलीलाई नै जबर्जस्त रूपमा पुनर्स्थापित गराएको छ। महाधिवेशनमार्फत एमालेले हामी कुनै हालतमा सच्चिनेवाला छैनौँ भन्ने प्रस्ट सन्देश दिएको छ।

■ महाधिवेशनपछि एमाले अध्यक्ष केपी ओलीमा रूपान्तरणको सम्भावना कति देख्नुहुन्छ ?

पटक-पटकको परीक्षा तथा अवसरबाट के देखिएको छ भने केपी ओलीमा रूपान्तरण सम्भव छैन। पार्टीभित्र उहाँले जसरी आफूलाई एक अधिनायकवादी नेताका रूपमा प्रस्तुत गर्दै आउनुभएको छ, त्यसैले थप निरन्तरता पाउने देखिन्छ। महाधिवेशनपछि उहाँ सच्चिने या रूपान्तरित हुने सम्भावना पटक्कै देखिन्न। पार्टीभित्र र बाहिरका विपक्षीलाई पेलेरै जानुपर्छ भन्ने अहंकार र प्रभुत्व झनै बढ्ने प्रस्ट संकेत देखिएको छ।

■ यसले नेपाली राष्ट्रिय राजनीतिमा कस्तो प्रभाव पार्ला ?

अध्यक्षमा विजयी भइसकेपछि ओलीले आफ्नो सम्बोधनमार्फत सरकारलाई जुन धम्की दिनुभएको छ, त्यसले फेरि पनि कुनै न कुनै रूपमा देश द्वन्द्वतिर जान सक्ने संकेत गरेको छ। सरकारले कानुनी रूपमा आयोगमार्फत बयानमा बोलाएमा देशै ठप्प पार्ने उहाँले कार्यकर्ताहरूलाई निर्देशन दिइसक्नुभएको छ। यो एक धम्की मात्रै पनि हुन सक्छ अथवा आफूमाथिको छानबिन र देशका नियम, कानुन मान्दैनौँ भन्ने संकेत पनि हुन सक्छ। यसबाट अब एमाले र उसका कार्यकर्तासामु देशको संविधान, ऐन, कानुन मान्ने कि नमान्ने भन्ने प्रश्न उठ्नेछ।

प्रेरक प्रसंग

को हो पापको गुरु ?

एक पण्डित वर्षौंसम्म बनारसमा शास्त्रको अध्ययन गरी गाउँ फर्किए। गाउँमा एक किसानले उनलाई प्रश्न गरे- पण्डितजी, पापको गुरु को हो? किसानको प्रश्नले पण्डित रन्थनिए। पापको पनि कोही गुरु हुन्छ भन्ने उनलाई थाहै थिएन। पण्डितलाई आफ्नो अध्ययन अधुरै रहेको महसुस भयो। उनी पुनः बनारस फर्किए र गुरुहरूसित सोही प्रश्न गरे। तर, उत्तर कतैबाट पनि पाएनन्।



एक दिन अचानक उनको भेट एक यौनकर्मी युवतीसित भयो। उनले पण्डितसित चिन्ताको कारण सोधिन्। पण्डितले आफ्नो समस्या बताए। युवतीले भनिन्- यसको उत्तर सरल छ, तर त्यसका लागि हजुरले केही दिन मेरो घरमा बस्नुपर्छ। पण्डितजी तयार भए। ती युवतीले आफ्नो घरको एक कोठामा पण्डितलाई बस्ने व्यवस्था मिलाइदिइन्। पण्डित अरूले छोएको खाँदैनथे, आफैँ पकाएर खान्थे। युवतीले त्यसको पनि व्यवस्था गरिदिइन्। पण्डित आफैँ पकाएर खान थाले।

केही दिनपछि युवतीले भनिन्- पण्डितजी, हजुरलाई आफैँ पकाएर खान सारै अप्ठ्यारो भइरहेको छ। आखिर यहाँ हजुर र मबाहेक अर्को कोही छैन। कसैले देख्ने पनि होइन। हजुर मान्नुहुन्छ भने म नुहाइधुवाइ गरेर हजुरलाई पनि खाना बनाउँछु। मलाई यो सेवाको अवसर दिनुभयो भने हरेक दिन दक्षिणास्वरूप हजुरलाई पाँच स्वर्ण मुद्रा पनि दिनेछु।

स्वर्ण मुद्राको नाम सुन्नासाथ पण्डितले मनमनै सोचे- आहा! बनिबनाउ खानाका साथमा दैनिक पाँच स्वर्ण मुद्रा पाइन्छ भने मौका किन गुमाउनु? उनले आफ्नो नियम, आचरण, धर्म सबै बिर्सिए। उनले भने- तिमी त्यसो भन्छ्यौ भने ठिक छ। तर, मैले तिमीसित बसेर खाएको कसैले थाहा नपाओस् नि! युवती हर्षित भइन्। उनले अनेक मिष्ठान्न तयार गरी पण्डितसामु अर्पण गरिन्। जब पण्डित खान तयार भए तब युवतीले खानाको थाल आफूतिर तानिन्। पण्डितले रिसाउँदै प्रश्न गरे- यो सब के मजाक हो? युवतीले हाँस्दै भनिन्- यो कुनै मजाक होइन पण्डितजी, हजुरको प्रश्नको उत्तर हो। हजुर पहिले अरूको हातको पानीसम्म पिउनुहुन्नथ्यो। तर, स्वर्ण मुद्राको लोभले तपाईं मैले बनाएको खाना खान तयार हुनुभयो। त्यसैले, यही लोभ नै पापको गुरु हो, पण्डितजी!

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

पूर्वमन्त्रीले नियुक्त गर्न पाउँछन् ?

जेन-जी आन्दोलनपछि विस्थापित सरकारका वनमन्त्री ऐनबहादुर शाहीले पदबाट हटेको यति लामो समय भइसक्दा पनि अझै मन्त्रीकै हैसियतमा वन मन्त्रालयमातहतका निकायमा पदाधिकारी नियुक्त गरिरहेको सुन्दा अचम्म लाग्यो। उनले आफू मन्त्री हुँदाजसरी नै नेपाल प्रकृति संरक्षण कोषका अध्यक्षका रूपमा कोषका सदस्यसचिव डा. नरेश सुवेदीलाई पुनः अर्को कार्यकालका लागि पनि सदस्यसचिवमा निरन्तरता दिने गरी नियुक्ति दिएको समाचार पढियो। वर्तमान सरकारमा वनमन्त्री हुँदाहुँदै यसरी पदमुक्त पूर्वमन्त्रीले नियुक्ति दिँदै हिँड्न मिल्छ हो? होइन, पूर्वमन्त्रीलाई यस्तो अधिकार नेपालको कुन कानुनले दिँदो रहेछ हँ? के वर्तमान सरकारसित पूर्वमन्त्रीलाई रोक्न सक्ने हैसियत पनि छैन हो?

● **सरिता सिंह**, कालधारा, काठमाडौं

कानुन मान्दिनँ भन्न पाइन्छ र ?

सरकारले जेन-जी आन्दोलनमा भएको बलप्रयोग र तोडफोडबारे छानबिन गरी राय-सुझाव दिन गठन गरेको आयोगको म्याद सकिएर पुनः एक महिनाका लागि म्याद थप भइसकेको छ। तर, तत्कालीन सरकारका प्रधानमन्त्री केपी ओलीले भने आफू आयोगमा बयान दिन नजाने भन्दै आएका छन्। उनले आफू पुनः अध्यक्षमा निर्वाचित भइसकेपछि आफूलाई चलाएमा देशै ठप्प पार्न तयार हुन कार्यकर्तालाई निर्देशन दिइसकेका छन्। यसरी देशको नियम, कानुन मान्दिनँ भन्न पनि पाइन्छ र?

● **सुवेक्षा कक्षपति**
नैकाप, काठमाडौं

हाम्रो सरकार व्यापारी हो ?

इम्बोस्ड नम्बर प्लेट जडान अनिवार्य गरेको सरकारले नै मनग्ये नाफा लिएर जनतालाई प्लेट बेचिरहेको समाचार पढियो। के हाम्रो सरकार व्यापारी हो? नत्र, शुल्क लिएर सेवा दिन बसेको सरकारले लागतभन्दा बढी आकर्षक नाफा लिएर सवारीधनीलाई इम्बोस्ड नम्बर प्लेट बिक्री गर्दा यो निकै महँगो हुन पुगेको सरकारकै अध्ययनले देखाएको रहेछ। के सरकार निजी क्षेत्रको व्यापारीजस्तो नाफामुखी व्यवसायमा लागेको हो? नत्र उसले कसरी उपभोक्ताबाट नाफा असुल्न मिल्छ?

● **पूर्ण चौधरी**
सामाखुसी, काठमाडौं

दम्भ त्यागेर अघि बढौं

एमालेको महाधिवेशनबाट केन्द्रीय सदस्यदेखि पदाधिकारीसम्म केपी ओली प्यानलले एकलौटी जितेको छ। उनीसितको प्रतिस्पर्धामा रहेका ईश्वर पोखरेल समूहका दुईजनाले मात्र जितेका छन् भने केन्द्रीय कमिटी र पदाधिकारीमा केपी ओलीको वर्चस्व बनेको छ। हुन त ओलीसँग प्रतिस्पर्धा गरेर चुनाव लड्नु चानचुने कुरा होइन। ईश्वर पोखरेलको यो साहसलाई मान्नैपर्छ। निर्वाचनमा हारजित स्वाभाविक हो। हार्दैमा मेरो सर्वस्व गयो भन्ने सोच्नुपर्दैन र जित्नेले पनि मैले संसार नै जितेँ भन्ने नसोचे हुन्छ। पार्टी अध्यक्ष छाड्न चौतर्फी दबाब परे पनि ओलीले नै पार्टी अध्यक्ष पदमा जित हासिल गरेका छन्। ओलीले जितपछिकै मन्तव्यमा सरकारलाई धम्क्याउने काम गरेका छन्। तर, उनमा यसरी हिजोको जस्तो घमन्ड नबढोस्। सबैलाई समेटेर पार्टीलाई मजबुत बनाएर अघि बढ्नेतिर ध्यान जाओस्। बाइपासको राजनीतिले कसैलाई फाइदा गर्दैन। यसलाई स्मरण गर्दै अघि बढ्न सके बेस होला। गल्ती कमजोरी कहिल्यै नस्विकार्ने ओलीको जेन-जी आन्दोलनले शिथिल बनाएको राजनीतिक यात्रा फेरी चलायमान भएको छ। अरूलाई गाली गरेर र अन्य दललाई होच्याएर आफू महान् बनिन्छ भन्ने सोच त्याग्न सके भने स्वयं उनकै लागि पनि बेस हुनेछ।

● **पुरुषोत्तम घिमिरे**, जोरपाटी, काठमाडौं
ghimirepuru@gmail.com

नयाँदिल्लीमा स्वच्छ वायुको लक्ष्य तय गरियोस्

प्रस्ट तीनवर्षे योजना, मापनयोग्य लक्ष्य, बलियो कार्यान्वयन र नागरिक सहभागिताबाट भारतले आफ्नो प्रदूषण नियन्त्रणको कथा पुनः लेख्न सक्छ

देश / विदेश


● पवन मुलुकुटला र श्री कुमार कुमारास्वामी

तीव्र गतिमा बिग्रँदै गएको वायु गुणस्तरबिच दिल्ली सरकारले हालै २०२६ का लागि वायु प्रदूषण नियन्त्रण योजनालाई अन्तिम रूप दिने जिम्मेवारी पाएको उच्चस्तरीय समितिको गठनसहित आपत्कालीन उपायको शृंखला घोषणा गरेको छ। एक गम्भीर स्वास्थ्य जोखिमसहित विषाक्त हावाले भारतको आर्थिक सम्भावनालाई त गहिरो रूपमा असर गरेको छ नै, त्यसबाहेक वायु प्रदूषणकै कारण श्रम उत्पादकत्व घटेको छ, व्यवसायमा ह्रास ल्याएको छ र स्वास्थ्य सेवा खर्च अस्वाभाविक रूपमा बढाएको छ।

वायु प्रदूषणले प्रशासनिक सीमाहरूको सम्मान गर्दैन। दिल्ली-एनसिआर (राष्ट्रिय राजधानी क्षेत्र) र आसपासका क्षेत्रलाई हेर्ने वायु गुणस्तर व्यवस्थापन आयोग (सिएक्युएम)को गठन सही दिशामा एउटा कदम थियो। यो दृष्टिकोणलाई विभिन्न विभाग (यातायात, सहरी विकास, कृषि, उद्योग र नगरपालिका निकाय)मा समन्वित कार्यका साथ विस्तार गर्न आवश्यक छ जसमा स्पष्ट भूमिका, उदार प्रोत्साहन र कडा दण्ड समावेश छन्।

आगामी तीन वर्षमा राष्ट्रिय राजधानी क्षेत्रभर हावामा पिएम-२.५ को मात्रामा ३० प्रतिशत कटौतीलाई क्षेत्रीय लक्ष्यका रूपमा तय गरिनुपर्छ ताकि प्रणालीलाई सुस्त, तर निरन्तरको सुधारभन्दा बाहिर जान मद्दत मिलोस्। विभागहरूमा कार्य मापन गर्ने एकीकृत 'क्रस-सेक्टरल' (एउटाभन्दा बढी समूह, क्षेत्र वा खण्डसँग सम्बन्धित) अनुगमन ढाँचाले एजेन्सीबिच समन्वय र नीति तथा कार्यको पंक्तिबद्धतालाई बलियो बनाउन सक्छ। यी लक्ष्य प्राप्त गर्नका लागि सम्बन्धित विभागमा नक्सांकन गरिएको र राजधानीमा बलियो राजनीतिक सहमतिद्वारा समर्थित वार्षिक मापनयोग्य जिम्मेवारीको आवश्यकता पर्छ। समग्र अनुगमनले बलियो जवाफदेहिता सुनिश्चित गर्न सक्छ तर लक्षित, स्थानीयस्तरको कार्यान्वयनको संस्थागतीकरण पनि आवश्यक छ। सानो समुदाय वा भौगोलिक क्षेत्रमा वायु गुणस्तर तथ्यांकका साथ, अधिकारीहरूले वास्तविक समयमा प्रदूषणका मुख्य स्थल पहिचान गर्न र द्रुत सुधारात्मक कारबाही गर्न सक्छन्।

यातायात क्षेत्रबाट उत्पन्न हुने उत्सर्जन कम गर्न सरकारले विद्युतीय बस, पैदल यात्रा र साइकल चलाउनेजस्ता आमयातायात प्रणाली विस्तार गर्नुपर्छ। साथै, स्वच्छ यातायात विकल्पलाई अझ किफायती र पहुँचयोग्य बनाउनुपर्छ। शून्य-उत्सर्जन सवारीसाधनका लागि विशेष निर्देशनले विभिन्न प्रकारका सवारीसाधनले फरक-फरक प्राविधिक र आर्थिक चुनौती सामना गर्छन् भन्ने कुरालाई स्विकार्छ। विभिन्न वर्गका सवारीसाधनका लागि विशिष्ट लक्ष्य तय गर्नाले त्यसले स्वच्छ गतिशीलतामा परिवर्तनलाई तीव्र बनाउनेछ। राजधानीलाई प्रदूषण स्रोतहरूको निगरानी र लेखापरीक्षण गर्ने एकीकृत डेटा प्रणाली चाहिन्छ। निर्माणस्थलमा सेन्सरबाट तथ्यांक एकत्रित गर्न एकल मार्गले जानकारीलाई एकैसाथ सम्बन्धित विभागमा पठाइएको सुनिश्चित गर्न सक्छ। राजधानीभर मानकीकृत



लेखापरीक्षण प्रक्रियाले क्षेत्रभरि समान जवाफदेहिता र छिटो प्रतिक्रिया पनि सुनिश्चित गर्नेछ। प्राविधिक नवप्रवर्तनमार्फत हावामा धुलोका कण प्रवाह हुने गतिविधिलाई सम्बोधन गर्न पनि आवश्यक छ। प्रिफ्याब (खण्ड-खण्डमा निर्मित वातावरणमैत्री भवन)लाई प्रवर्द्धन गर्न र स्वच्छ निर्माण विधिलाई अझ किफायती र व्यापक बनाउनाले पदार्थमा हुने कणको प्रदूषण घटाउन सकिन्छ।

वायु प्रदूषणको अर्को कारण नगरपालिकाको ठोस फोहोरलाई खुला रूपमा जलाउनु हो। पर्याप्त फोहोर प्रशोधन पूर्वाधारको अभाव एउटा ठुलो खाडल हो। त्यसैले, सहरहरूले विकेन्द्रीकृत फोहोर व्यवस्थापन र कम्पोस्ट प्रणालीको सञ्जाल निर्माण गर्न लगानी गर्नुपर्छ। वायु प्रदूषणलाई सम्बोधन गर्न व्यवहार परिवर्तन महत्त्वपूर्ण छ- चाहे त्यो फोहोर जलाउन निरुत्साहित गर्ने होस्, व्यक्तिगत सवारीसाधनको प्रयोग सीमित गर्ने होस् वा औद्योगिक स्थानमा उत्तम अभ्यास अपनाउने तरिका होस्। यो सरकारको मिसन लाइफ (वातावरणका लागि जीवनशैली)सँग मिल्दोजुल्दो छ।

सरकारहरूले यथार्थपरक व्यवहारकेन्द्रित लक्ष्य तय गर्नुपर्छ र लक्षित कार्यको रोलक्रममार्फत तिनलाई पछ्याउनुपर्छ : सार्वजनिक अपिल, दिगो संलग्नता, स्पष्ट लक्ष्य, पूर्वाधार सक्षम पार्ने, निरन्तर अनुगमन गर्ने र सकारात्मक परिणामका लागि मान्यता। कम्पनीहरूले सञ्चालन र आपूर्ति शृंखलाभित्र उत्सर्जन स्रोतलाई सक्रिय रूपमा पहिचान गर्नुपर्छ, प्रदूषण घटाउने र न्यूनीकरण उपाय कार्यान्वयन गर्ने व्यावसायिक फाइदाको मूल्यांकन गर्नुपर्छ। विश्वसनीयता निर्माण गर्न र सुधार बढाउन नियमित अनुगमन र पारदर्शी रिपोर्टिङ महत्त्वपूर्ण छ। स्पष्ट तीनवर्षे योजना, मापनयोग्य लक्ष्य, बलियो कार्यान्वयन र नागरिक सहभागिताका साथ भारतले आफ्नो प्रदूषणको कथा पुनः लेख्न सक्छ।

(मुलुकुटला एकीकृत यातायात, स्वच्छ वायु र हाइड्रोजनका कार्यकारी कार्यक्रम निर्देशक हुन् भने कुमारास्वामी क्लिन एयर एक्सनका कार्यक्रम निर्देशक हुन्)

हिन्दुस्तान टाइम्सबाट

ट्रम्पमाथि विश्वास गुमाउन थालेका हुन् अमेरिकीले ?

ट्रम्पको घरेलु नीतिगत निर्णयले असन्तुष्टिलाई बढावा दिइरहेको छ, अहिले मुद्रास्फीति उच्च र बेरोजगारी दर महामारीअघिको स्तरभन्दा माथि छ

नोभेम्बर महिना अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका लागि कठिन साबित भएको छ। राजनीतिक, कानुनी र कूटनीतिक धक्काको शृंखलाले उनको सत्तामा पकड तनावपूर्ण रहेको संकेत गर्छ। नोभेम्बर ४ मा डेमोक्र्याटहरूले राज्य र स्थानीय चुनावमा निर्णायक विजय हासिल गरे। धेरैले स्थानीय प्रतिस्पर्धालाई राष्ट्रपतिको जनमत संग्रहको रूपमा लिएका छन्।

डेमोक्र्याटहरूले न्यू जर्सी र भर्जिनियामा दुई गभर्नर पद जितेका थिए। दुवैमा महिला उम्मेदवार थिए। र, असामान्य रूपमा ठुलो अन्तरले जिते। यी नतिजाको निर्णायक प्रकृतिले पक्षपातपूर्ण झुकावभन्दा बढी संकेत गर्छ। यसले ट्रम्पको नेतृत्वमा जिओपी ब्रान्डको कमजोरीलाई औंल्याउँछ। प्रमुख सहरमा डेमोक्र्याटहरूले प्रमुख मेयर पदमा सहज विजय हासिल गरे। यसमा न्युयोर्क सहरमा जोहरान ममदानीको निराशाजनक विजय पनि समावेश छ, जुन युवा प्रगतिशील उम्मेदवार र ट्रम्प आफैंबिचको वास्तविक प्रतिस्पर्धा बन्यो। राष्ट्रपतिले सक्रिय रूपमा ममदानीविरुद्ध अभियान चलाएका थिए र आफ्नो प्रतिद्वन्द्वीलाई समर्थन गरेका थिए। क्यालिफोर्नियाको नतिजाले डेमोक्र्याटहरूको पक्षमा लहर आएको संकेत गरेको छ।



● डा. मुक्तेदार खान

(खान डेलावेयर विश्वविद्यालयमा अन्तर्राष्ट्रिय सम्बन्धका प्राध्यापक हुन्)

सहरी र उपनगरीय क्षेत्रमा केन्द्रित यी विजयले ट्रम्पको नेतृत्वमा रिपब्लिकन नेतृत्वप्रति बढ्दो निराशाको संकेत गर्न सक्छन्, विशेषगरी युवा मतदाता र रंगीन समुदायमाझ। नतिजाले यो पनि सुझाव दिन्छ कि मतदाताले उम्मेदवारलाई पार्टी बफादारीको सट्टा क्षमता, दृष्टिकोण र प्रदर्शनको आधारमा बढ्दो रूपमा मूल्यांकन गरिरहेका छन्।

अल्पसंख्यकको उदय

नोभेम्बर महिनाले अल्पसंख्यक र आप्रवासी समुदायका लागि ऐतिहासिक विजय पनि देखाएको छ। भारतको हैदराबादमा जन्मिएकी गजाला हासमीको भर्जिनियाको पहिलो मुस्लिम उपराज्यपालमा विजय र न्युयोर्कको मेयरमा ममदानीको जितले सहरी राजनीतिमा युवा, आप्रवासी र मुस्लिम मतदाताको बढ्दो प्रभावलाई प्रकाश पारेको छ। विशेषगरी, वर्तमान राजनीतिक वातावरणलाई मनन गर्दा यी नतिजा महत्त्वपूर्ण छन्, जहाँ राष्ट्रिय बहसमा आप्रवासीविरोधी र इस्लामोफोबिक बयानबाजी व्याप्त छ।



> शुल्कवृद्धिले सञ्चालित औद्योगिक रणनीतिबाट संघीय राजस्व त वृद्धि गरेको छ, तर उपभोक्ता र अमेरिकी व्यवसायीले यसको मूल्य चुकाउनुपरेको छ। युरोप, जापान, दक्षिण कोरिया र भारतजस्ता प्रमुख सहयोगीले निराशा व्यक्त गरेका छन्, जसले कूटनीतिक र आर्थिक सम्बन्धलाई जटिल बनाएको छ।

यी विजयले मतदाताको पहिचान वा धर्मभन्दा दृष्टिकोण, नेतृत्व र चरित्रलाई प्राथमिकता दिने, यस्ता विभाजनकारी बयानबाजीविरुद्ध धकेल्ने इच्छाशक्ति प्रदर्शन गर्छन्। डेमोक्र्याटका लागि यी सफलता केवल प्रतीकात्मक छैनन्। यसले मतदाताको नयाँ पुस्तालाई प्रतिनिधित्व गर्छ, जसले आगामी वर्षमा राजनीतिक परिणामलाई आकार दिन सक्छन्, युवा मतदातालाई ऊर्जावान् बनाउन सक्छन् र भविष्यको राजनीतिक सहभागितालाई प्रेरित गर्न सक्छन्।

बढ्दो मुद्रास्फीति, घट्दो रोजगारी

ट्रम्पको घरेलु नीतिगत निर्णयले असन्तुष्टिलाई बढावा दिइरहेको छ। मुद्रास्फीति उच्च छ, बेरोजगारी महामारीअघिको स्तरभन्दा माथि छ र ज्याला वृद्धिले बढ्दो लागतसँग तालमेल मिलाउन संघर्ष गरिरहेको छ। धेरै अमेरिकीलाई यो पनि डर छ कि ओबामाकेयर अनुदान विस्तार गर्न रिपब्लिकनले अस्वीकार गर्दा विशेषगरी मध्यम र निम्न आय भएका घरपरिवारका लागि आर्थिक कठिनाइ बढ्नेछ।

ट्रम्पको शुल्कवृद्धिले सञ्चालित औद्योगिक रणनीतिले संघीय राजस्व त वृद्धि गरेको छ, तर उपभोक्ता र अमेरिकी व्यवसायीले यसको मूल्य चुकाउनुपरेको छ। युरोप, जापान, दक्षिण कोरिया र भारतजस्त प्रमुख सहयोगीले निराशा व्यक्त गरेका छन्, जसले कूटनीतिक र आर्थिक सम्बन्धलाई जटिल बनाएको छ। सोही समयमा उनको कट्टर आप्रवासन नीति (जसमा परिवार छुट्टिनु र सामूहिक निर्वासन समावेश छ) ले व्यापक आलोचना निम्त्याएको छ। ल्याटिन अमेरिकी र आप्रवासी समुदायको प्रतिक्रियाले महत्त्वपूर्ण अल्पसंख्यक जनसंख्या भएका सहर र राज्यमा प्रजातान्त्रिक लाभमा योगदान पुऱ्यायो।

यसका साथै ट्रम्पको विदेश नीतिमा निरन्तर ध्यान केन्द्रित (विशेषगरी, मध्यपूर्व कूटनीति र इजरायलसँगको संलग्नता) गर्ने स्वभावले घरेलु मुद्दाबाट उनी डाइभर्ट भएको संकेत गर्छ। उनका समर्थकले यी कदमले अमेरिकाको विश्वव्यापी प्रभावलाई बलियो बनाउने तर्क गरे पनि मतदाता घरेलु प्राथमिकतालाई बेवास्ता गरिँदै छ भन्ने कुरामा बढ्दो रूपमा चिन्तित देखिन्छन्।

ट्रम्पलाई धक्का

टेक्सासमा रिपब्लिकन उम्मेदवारहरूलाई समर्थन गर्न चुनावी नक्सा पुनः कोर्ने ट्रम्पको प्रयासलाई संघीय अदालतले खारेज गरे। न्यायाधीशले नक्सालाई असंवैधानिक भएको फैसला सुनाए, जसले गर्दा थप पाँच जिओपीमैत्री कंग्रेसनल सिट सुरक्षित गर्ने उनको प्रयासलाई कमजोर बनायो। यो कानुनी हारले प्रशासनको रणनीतिक महत्त्वाकांक्षालाई मात्र निराश पार्दैन, बरु ठुलो मात्रामा उल्टो परिणाम पनि आउन सक्छ।

यसैबिच, एपस्टाइनसँग सम्बन्धित फाइल जारी गर्न उनको निरन्तर प्रतिरोध र त्यसपछि अचानक आएको मोडले जेफ्री एपस्टाइनको पुनः छानबिनलाई निम्त्याएको छ। एपस्टाइनको आपराधिक गतिविधि, यौन भ्रष्टता र इजरायलसँगको सम्बन्धसहित कथित राजनीतिक सम्बन्ध लामो समयदेखि सार्वजनिक चिन्ताको विषय बनेका छन्।

घट्दै अमेरिकी प्रभाव

ट्रम्पको विदेश नीतिसम्बन्धी निर्णयले विदेशमा पनि चिन्ता उत्पन्न गरेको छ। दक्षिण अफ्रिकामा भएको जी २० शिखर सम्मेलन बहिष्कार गर्ने उनको निर्णयले महत्त्वपूर्ण अन्तर्राष्ट्रिय मञ्चमा संयुक्त राज्य अमेरिकाको प्रभावलाई कम गरेको छ। विशेषगरी, जलवायु संकटलाई रेखांकित गर्दै शिखर सम्मेलनले ट्रम्पको एजेन्डाविपरीत मुद्दाहरूलाई जोड दिने प्रस्ताव पारित गऱ्यो। यसबाहेक, अमेरिकी सहयोगीले ट्रम्पको युक्रेन शान्ति योजनाका प्रमुख तत्त्वलाई पनि अस्वीकार गरे।

अमेरिकी बहिष्कारले ट्रम्पको विदेश नीतिमा अप्रत्याशित र असंगत धारणालाई जोड दिन्छ। विद्वान् र कूटनीतिज्ञहरूले चिन्ता व्यक्त गरेका छन् कि अमेरिका स्थिरीकरण गर्ने शक्तिको रूपमा अविश्वसनीय हुँदै गइरहेको छ। उसले उदाउँदो शक्तिलाई आफ्नो प्रभाव विस्तार गर्न उल्टै स्थान दिँदै छ। विशेषगरी, चीन र सिआरआइएनके गठबन्धन (चीन, रुस, इरान, उत्तर कोरिया) लाई उसले अप्रत्यक्ष रूपमा स्थान दिँदै छ।

चिन्तित छन् रिपब्लिकन

आन्तरिक रूपमा नोभेम्बरको नतिजाले रिपब्लिकन पार्टीभित्र द्वन्द्व निम्त्याउन सक्छ। ट्रम्पको एकतर्फी दृष्टिकोण र आक्रामक मिडिया उपस्थितिले पार्टी नेताहरूलाई चिन्तित बनाइरहेको छ। यसले केही धक्का निम्त्याउन सक्छ। २०२६ को मध्यावधि चुनाव नजिकिँदै गर्दा कडा प्रतिस्पर्धामा धेरै रिपब्लिकन थप क्षय हुनबाट रोक्न उनलाई घरेलु अर्थशास्त्र, आप्रवासन र विदेशी सम्बन्धमा नीति समायोजन गर्न दबाब बढ्न सक्छ।

यसैबिच, डेमोक्र्याटहरूले यसको फाइदा उठाइरहेका छन्। ममदानी र हासमीजस्ता उम्मेदवारले नयाँ मतदाताको आवाजलाई प्रतिबिम्बित गर्छन्, विशेषगरी युवा, आप्रवासी र अल्पसंख्यक जनसंख्यामा। ह्वाइट हाउसमा ममदानी-ट्रम्प प्रेम उत्सवले : एमएजिए रिपब्लिकन र डेमोक्र्याटको संस्थापन दुवैलाई विडम्बनापूर्ण रूपमा झट्का दिएको छ। ट्रम्पको खुला प्रशंसा र ममदानी र उनको एजेन्डाको समर्थनको घोषणाले दुवै पक्षलाई अचम्मित बनाएको छ। अब रिपब्लिकनले डेमोक्र्याटलाई आक्रमण गर्न सक्दैनन्। किनकि, कम्युनिस्टहरू र डेमोक्र्याटहरू आफ्ना अर्बपति र इजरायल पहिलो राजनीतिबाट काम गर्ने अमेरिकीको चिन्तालाई केन्द्रमा राख्न बाध्य हुनेछन्।

ट्रम्पले गल्तीबाट पाठ सिक्लान् ?

ट्रम्पका लागि मुख्य चुनौती भनेको विगतका गल्तीबाट पाठ सिक्छन् कि सिक्दैनन् भन्ने हो। के उनले मतदाताको प्राथमिकतालाई बुझ्न कर, स्वास्थ्य सेवा र आप्रवासनसम्बन्धी घरेलु नीति समायोजन गर्लान् ? के उनी अन्तर्राष्ट्रिय संस्थासँग पुनः संलग्न हुनेछन् वा जी २० जस्ता कूटनीतिक क्षेत्रबाट निरन्तर पछि हट्लान् ? ट्रम्पको कानुनी असफलता, एपस्टाइनमाथिको विवाद र नोभेम्बरको नतिजाले अमेरिकीहरूले रिपब्लिकन पार्टीसँग मात्र नभई व्यक्तिगत रूपमा ट्रम्पसँग असन्तुष्टिको संकेत गरिरहेका छन् भन्ने सुझाव दिन्छ। उनले कसरी प्रतिक्रिया दिन्छन् भन्ने कुराले उनको राजनीतिक करिअर र पार्टीको मार्ग निर्धारण गर्नेछ।

-एनडिटिभीबाट

ठगी मुद्दामा इमरान र बिबी खानलाई थप सजाय

इस्लामाबाद / पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान र उनकी श्रीमती बुसरा बिबी खानलाई राज्य उपहारसम्बन्धी ठगी मुद्दामा थप जेल सजाय सुनाइएको छ। २०२१ को राज्य भ्रमणको क्रममा साउदी अरेबियाका मोहम्मद बिन सलमानले बिबीलाई विलासी गहना दिएपछि उपहारसम्बन्धी पाकिस्तानको नियम तोडेको आरोपमा उनीहरूलाई दोषी ठहराइएको थियो। यी जोडी पहिले नै जेलमा सजाय भोगिरहेका थिए। विश्वासको आपराधिक उल्लंघनका लागि थप १० वर्ष कैद सजाय सुनाइएको हो। यो सजाय उनीहरूको पहिलेको सजायसँगै लागू हुने बताइएको छ।

खानले आरोप राजनीतिक रूपमा प्रेरित भएको बताएका छन् र उनका वकिलले बिबिसी न्युजलाई बताएअनुसार उनको टोलीले फैसलालाई चुनौती दिने योजना बनाएको छ। सुनुवाइपछि बिबिसीसँग कुरा गर्दै पूर्वप्रधानमन्त्रीका वकिल सलमान सफदरले खानको कानुनी टोलीलाई शुक्रबार राति अबेर मात्र सजायका बारेमा जानकारी गराइएको बताए।

यो मुद्दा क्रिकेट स्टारबाट राजनीतिज्ञ बनेका उनीविरुद्ध लगाइएका आरोपहरूको शृंखलामा पछिल्लो हो, जसलाई अगस्ट २०२३ देखि हिरासतमा राखिएको छ। जनवरीमा उनलाई छुट्टै भ्रष्टाचार मुद्दामा १४ वर्षको जेल सजाय सुनाइएको थियो। उनले राज्यका गोप्य कुरा चुहावट गर्नेदेखि राज्यका उपहार बेच्नेसम्मका १०० भन्दा बढी मुद्दाहरूमा आरोपहरूको सामना गरेका छन्। अदालतका कागजात अनुसार पाकिस्तानमा तोसाखाना २ भनेर चिनिने गहना मुद्दा, २०२१ मा साउदी अरेबियाका युवराज मोहम्मद बिन सलमानले बुसरा बिबीलाई दिएको बुल्गारी गहना सेटसँग सम्बन्धित छ। राज्य उपहारसम्बन्धी पाकिस्तानको नियमअन्तर्गत यी वस्तु पाकिस्तानको तोसाकाना विभाग (राज्यकोष)मा जान्छन्, तर राजनीतिज्ञहरूले ती वस्तु फिर्ता किन्न सक्छन्। खानमाथि एक निजी फर्मलाई गहना सेटलाई कम मूल्यांकन गर्न आग्रह गरेको आरोप छ।

> इमरान र बिबी खानले पहिले नै जेलमा सजाय भोगिरहेका थिए। विश्वासको आपराधिक उल्लंघनका लागि थप १० वर्ष कैद सजाय सुनाइएको हो।



जेल सजायको अतिरिक्त जोडीलाई एक करोड ६० लाख पाकिस्तानी रुपैयाँभन्दा बढी जरिवाना सुनाइएको थियो। खानलाई पहिलेको, फरक तोसाखाना मुद्दामा पनि दोषी ठहराइएको थियो। तर, उनले त्यो सजायलाई चुनौती दिएका थिए, जसको अर्थ उनको पुनरावेदनको नतिजा नआएसम्म उनको सजाय निलम्बित गरिएको छ। उनीविरुद्ध अन्य मुद्दा पनि बाँकी छन्। यसमा ९ मे २०२३ मा भएको हिंसात्मक विरोध प्रदर्शनसँग सम्बन्धित आतंकवादको आरोप समावेश छन्। खान अप्रिल २०२२ सम्म पाकिस्तानका प्रधानमन्त्री थिए। उनलाई अविश्वासको प्रस्तावमा पदच्युत गरिएको थियो। यद्यपि, उनी सार्वजनिक रूपमा देखिएका छैनन्, तर उनको सामाजिक सञ्जाल खाताबाट उनको नाममा लेखिएका सन्देशमा राजनीतिक रूपमा शक्तिशाली सेना प्रमुख फिल्ड मार्सल असिम मुनिरको अत्यधिक आलोचना गरेको देखिन्छ।

सन् १२३७ : आक्रमणकारी मंगोलियन फौजले पाँच दिन लामो नाकाबन्दीपछि रुसी सहर च्याजानलाई कब्जामा लियो।


सन् १९२३ : भारतीय उपमहाद्वीपको ठुलो हिस्सामा शासन गरिरहेको औपनिवेशिक शक्ति बेलायतले नेपाललाई औपचारिक रूपमा स्वतन्त्र राष्ट्रको मान्यता प्रदान गऱ्यो।

सन् १९५८ : फ्रान्सको नयाँ संविधानअनुरूप भएको चुनावमा चार्ल्स डी गाल पहिलो राष्ट्रपति बने।

सन् १९६२ : 'बे अफ पिग्स'अभियानका क्रममा क्युवाली हिरासतमा परेकालाई छुटाउन अमेरिका र क्युवाबिच वार्ता सुरु, ती कैदीबापत क्युवालाई २.३ करोड डलरको औषधि र बच्चाको खाना दिनुपर्ने विषयमा चर्चा भएको थियो।

इतिहासमा आज

डिसेम्बर २१



सन् १८९८ : म्यारी क्युरी र उनका पति पियरे क्युरीले रेडियम पत्ता लगाए।

सन् १९७१ : संयुक्त राष्ट्र संघको सुरक्षा परिषद्ले कुर्त बाल्डहाइमलाई चौथो महासचिवका रूपमा चुन्यो।

सन् १९९१ : सोभियत संघका ११ गणराज्यले 'कमनवेल्थ अफ इन्डिपेन्डेन्ट स्टेट्स' गठन गर्ने सहमतिमा हस्ताक्षर गरेसँगै संघ विघटन भयो।

सन् १९९५ : बेथलेहेम नगर इजरायलीबाट प्यालेस्टिनी नियन्त्रणमा गयो।

सन् २०१२ : पिएसवाईले गाएको 'ग्याङनम स्टाइल' युट्युबमा एक अर्ब भ्युज पाउने पहिलो भिडियो बन्यो।

सन् २०१७ : संयुक्त राष्ट्र संघको महासभाले १२८ मतसहित अमेरिकाले जेरुसेलमलाई इजरायलको राजधानी मान्ने निर्णयको विरोध गऱ्यो।

सन् २०२० : अमेरिकामा कोभिड- १९ को मोर्डेना खोप लगाउन सुरु।

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

Irrigation And Water Resources Management Project

Pokhara, Kaski

Request for Expressions of Interest

Date of Publication: 21-12-2025

The Irrigation and Water Resources Management Project, Kaski, invites Expressions of Interest (EOI) from eligible consulting firms ("Consultant") to provide the following consulting services. Interested eligible consulting firms may obtain further information by visiting the e-gp system at www.bolpatra.gov.np/egp or the client's website at www.rcidp.gov.np/.

S. No	Contract No	Description of Work	Deadline for EOI Submission & Opening
1	IWRMP-KASKI/ DFSR/EOI/01/082-083	Consulting Services for Detailed Feasibility Study and Report Preparation of jaljala Multipurposed Dam, Jaljala Ga.pa.-06, Hampal, Parbat	EOI Submission: 05-01-2026,12:00Hrs EOI Opening: 05-01-2026,13:00Hrs

स्थानीय सरकार
नीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धादिङबेशी, धादिङ
बागमती प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति : २०८२/०९/०६)

यस कार्यालयको विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित सुचना अनुसार तपशिलमा उल्लिखित ठेक्कामा प्राप्त हुन आएका बोलपत्रहरु मध्ये तपसिल अनुसारका बोलपत्रदाताहरुको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक मु.अ.कर सहित रु
1.	NEE/NCB/ 06/082/83	Tallo Bhulbhule Basti Sanrakshyan Wada No 2	ThirdEye Construction, Dhading	44,74,347.57
2.	NEE/NCB/ 07/082/83	Naubisetar Khanchko Danda Koiralafant Katahare Mahadebsthan Sadak Nirman	Sochhanda Nirman Sewa, Dhading	17,19,698.92
3.	NEE/NCB/ 08/082/83	Mahakhola Syauli Bhangeri Road Upgrading Work	Sochhanda Nirman Sewa, Dhading	27,88,055.22

प्रमुख प्रशासकीय अधिकृत

Provincial Government
Ministry of Health
Health Directorate
Madan Bhandari Hospital and Trauma Centre
Urlabari , Morang, Koshi province

Invitation for Bids
No: MBHTC/MORANG/GOODS/NCB-7/2082/2083

Date of publication: 2082-09-06

1. Madan Bhandari Hospital and Trauma Centre, Mangalbare, Morang invites ***electronic*** bids from eligible bidders for the procurement of ***PROCUREMENT OF USG MACHINE*** under National competitive bidding-Single Stage single procedures.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madan Bhandari Hospital and Trauma Centre, Mangalbare, Morang, Tel No- 021-410053, email- mbhtc.np@gmail.com or may visit PPMO egp system www.bolpatra.gov.np/egp

S. N.	Contract No.	Name Of The Procurement	Cost Estimation (With Out Vat)	Bid Security	Bid Doc Fee
1.	Mbhtc/Morang/ Goods/ Ncb 7-082-083	Procurement Ofusg Machine.	35,10,325.48	99500.00	3000.00

अर्थ पत्रिका
नयाँ पत्रिका
आइतबार ६ पुस ०८२

■ ओपनिङ रेन्ज तोक्ने नेप्सेको पुरानो नीति

जोखिममा बुक बिल्डिङको लगानी

१८ वर्षे पुरानो नीतिका कारण सर्वसाधारणले खरिद गरेको आइपिओको मूल्यभन्दा नेप्सेले तोक्ने ओपनिङ रेन्ज कम हुने जोखिम

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपाल स्टक एक्सचेन्ज (नेप्से)को १८ वर्षे पुरानो नीतिका कारण बुक बिल्डिङमार्फत प्राथमिक सेयर (आइपिओ) खरिद गरेका लगानीकर्ता मारमा पर्ने देखिएको छ। पहिलो सेयर कारोबारका लागि नेटवर्थका आधारमा सीमा (ओपनिङ रेन्ज) तोक्ने नेप्सेको नीतिले बुक बिल्डिङअन्तर्गत प्राथमिक सेयर खरिद गरेका लगानीकर्ता प्रभावित हुने देखिएको हो।

नेप्सेले सूचीकृत भएको कम्पनीको नेटवर्थ जति छ, सोही विन्दुदेखि त्यसको तीन गुणा बढी विन्दुसम्मलाई पहिलो कारोबारका लागि रेन्ज तोक्ने गर्छ। तर, बुक बिल्डिङमार्फत निष्कासन भएको सेयरको मूल्य नेटवर्थको तीन गुणाभन्दा बढी हुन सक्छ। आफूले खरिद गरेको आइपिओको मूल्यभन्दा पनि ओपनिङ रेन्ज कम हुन सक्ने नीतिका कारण लगानीकर्ता मर्कामा पर्ने देखिएको हो। नेप्सको नीतिले बुक बिल्डिङमार्फत सेयर खरिद गर्ने लगानीकर्ताको लगानी भने जोखिममा पर्न सक्ने विज्ञहरू बताउँछन्।

नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरीले पहिलो कारोबारका लागि ओपनिङ रेन्ज तोक्ने विधि तथा नीतिबारे पुनर्विचार गर्न आवश्यक रहेको बताए। 'नेपालमा बुक बिल्डिङ विधिमा भएको मुख्य विवाद पनि यही हो,' उनले भने, 'बुक बिल्डिङमार्फत आएका कम्पनीलाई पहिलो सेयर कारोबारका लागि कसरी रेन्ज तोक्ने भन्ने विषयमा पुनर्विचार गर्नैपर्छ।' ठुला कम्पनीहरूलाई पुँजी बजारमा ल्याउन बुक बिल्डिङ विधिलाई प्रोत्साहन गर्नुपर्ने उनले बताए। तर, नेटवर्थका आधारमा ओपनिङ रेन्ज तोक्ने व्यवस्थाले उनीहरूलाई हतोत्साहित गर्ने उनको भनाइ छ।

अन्तर्राष्ट्रिय बजारको अभ्यासअनुसार निर्णय गर्नुपर्ने सुझाव छ। 'अन्तर्राष्ट्रिय बजारमा जुन मूल्यमा बिक्री गरेको हो, त्यही विन्दुलाई पहिलो कारोबारका लागि सीमा निर्धारण गरिदिने अभ्यास पनि छ। नेप्सेले अन्तर्राष्ट्रिय अभ्यासलाई समेत अध्ययन गरेर यसमा प्रोगेसिभ रूपमा निर्णय लिनुपर्छ,' उनले बताए।

नेप्सेका सूचना अधिकारी मुराहरि पराजुलीले यस विषयमा हाल थप निर्णय नभएको बताए। 'सञ्चालक समितिको निर्णयका आधारमा ०६४ देखि सूचीकृत हुने कम्पनीको पहिलो सेयर कारोबारका लागि नेटवर्थका आधारमा ओपनिङ रेन्ज तोक्दै आएका छौं। नेटवर्थबराबरको विन्दुदेखि त्यसको तीन गुणा बढीसम्मको विन्दुलाई ओपनिङ रेन्ज तोक्ने गरिएको छ,' उनले भने, 'अहिले बुक बिल्डिङमा निर्धारण भएको मूल्यभन्दा नेटवर्थका आधारमा नेप्सेले दिने ओपनिङ रेन्ज कम पर्न जाने अवस्था पनि देखियो। त्यो अवस्थामा अहिले यसबारे अन्तर्राष्ट्रिय अभ्यास अध्ययन भइरहे पनि के गर्ने भनेर कुनै निर्णय भइसकेको छैन।'

उनका अनुसार कतिपय देशमा कम्पनीले पहिला सोझै सेयर सूचीकृत गरेर सेयर बजारमार्फत नै सेयर बिक्री गर्ने गरेका छन्। कतिपय मुलुकमा भने जुन मूल्यमा आइपिओ बिक्री गरिन्छ, त्यही विन्दुलाई नै पहिलो कारोबारका लागि सीमा तोक्ने गरेको देखिएको उनको भनाइ छ।

■ बढ्दै छ विवाद र बहस

पहिला नेप्सेले सेयर निष्कासन गरेर सूचीकृत हुने कम्पनीको सेयरको पहिलो कारोबारका लागि सीमा नै तोक्ने गरेको थिएन। नेप्सेले कम्पनीको सेयर सूचीकृत गराएर कारोबारका लागि खुला छाडिदिने गरेको थियो। तर, त्यसमा निश्चित समूहले चलखेल गरेर पहिलो कारोबार नै अस्वाभाविक रूपमा उच्च मूल्यमा गर्ने प्रवृत्ति देखियो। त्यसपछि नेप्सेले ०६४ देखि पहिलो कारोबारका लागि सीमा तोक्दै आएको छ। सूचीकृत भएको कम्पनीको नेटवर्थ जति छ, सोही विन्दुदेखि त्यसको तीन गुणा बढी विन्दुसम्मलाई पहिलो कारोबारका लागि सीमा तोक्ने गरिन्छ। नेप्सेको सञ्चालक समितिबाट योअनुसार निर्णय गरिएको छ। पुँजी बजारको विकासक्रमसँगै अहिले बुक बिल्डिङ प्रविधिबाट आइपिओ ल्याउने अभ्यास छ। तर, समयअनुसार नेप्सेले नीति परिमार्जन गर्न नसक्दा लगानीकर्ता मर्कामा पर्ने देखिन्छ।

पुरानो नीतिले बुक बिल्डिङमा सेयर किन्ने लगानीकर्ता मर्कामा पर्ने देखिएको नेप्सेकै अधिकारीहरू स्वीकार्छन्। यसमा पुनर्विचार गर्नुपर्ने विषयमाथि नेप्सेको उच्च तहमा बहस भइरहेको छ। 'यसबारे छिट्टै सञ्चालक समितिले उपयुक्त निर्णय लिन सक्नेछ,' एक सञ्चालकले भने।

■ रिलायन्स स्पिनिङ मिल्समा पनि बिक्री मूल्यभन्दा ओपनिङ रेन्ज कम हुँदै

नेप्सेको पुरानो नीतिले रिलायन्स स्पिनिङ मिल्स पनि प्रभावित हुने देखिन्छ। यही सोमबारदेखि रिलायन्स स्पिनिङ मिल्सले पनि बुक बिल्डिङमार्फत प्रतिकित्ता ८२०.८० रुपैयाँमा आइपिओ निष्कासन गर्दै छ। कम्पनीले यसअघि मंसिर २२ देखि २५ गतेसम्म गरेर एक लाख १५ हजार पाँच सय ९६ कित्ता सेयर वैदेशिक रोजगारीमा रहेका नेपालीलाई बिक्री गरिसकेको छ। सोमबारदेखि सर्वसाधारणलाई सोही मूल्यमै नौ लाख २४ हजार सात सय ६८ कित्ता सेयर बिक्री गर्दिँदै छ।

तर, यो कम्पनीले नेप्सेमा सूचीकृत भएर पहिलो कारोबारका लागि पाउने ओपनिङ रेन्ज भने ८२०.८० रुपैयाँभन्दा पनि कम हुँदै छ। असार ०८२ सम्म कम्पनीको वास्तविक नेटवर्थ २५०.८० छ। त्योअनुसार नेप्सेले पहिलो कारोबारका लागि २५०.८० रुपैयाँदेखि ७५२.४ रुपैयाँसम्मको रेन्ज दिन सक्नेछ, जुन सर्वसाधारणले खरिद गरेको र गर्न लागेको मूल्यभन्दा कम हो। नेपालमा पहिलोपटक सर्वोत्तम सिमेन्टले फागुन ०८० मा बुक बिल्डिङमार्फत सर्वसाधारणलाई प्रतिकित्ता ३६०.९० रुपैयाँमा आइपिओ बिक्री गरेको थियो। त्यसवेला कम्पनीको नेटवर्थ १८५.३६ रुपैयाँ थियो। त्योअनुसार नेप्सेले कम्पनीलाई पहिलो कारोबारका लागि १८५.३६ देखि ५५६.८ रुपैयाँसम्मको सीमा थियो।

नेपाल धितोपत्र बोर्डका पूर्वकार्यकारी निर्देशक नीरज गिरी भन्छन्-



पहिलो कारोबारका लागि ओपनिङ रेन्ज तोक्ने विधि तथा नीतिबारे पुनर्विचार गर्न आवश्यक छ। नेटवर्थका आधारमा पहिलो कारोबारको रेन्ज तोक्दा बुक बिल्डिङमार्फत आइपिओ खरिद-बिक्री गरेकाहरू प्रभावित हुन सक्छन्।



तल्ला तहले खर्च गर्न नसकेको वित्तीय हस्तान्तरणको रकम संघले आफैं तान्ने

खर्च नभएको अनुदान विगतमा तल्ला तहले फिर्ता गर्नुपर्ने व्यवस्था रहेकामा संघीय सरकारले नियमावली फेरेर राष्ट्र बैंकमार्फत आफैंले रकम खिच्न सक्ने व्यवस्था गरेको हो

कृष्ण रिजाल/नयाँ पत्रिका

वित्तीय हस्तान्तरणमार्फत दिएको रकम प्रदेश र स्थानीय तहले खर्च गर्न नसके संघीय सरकार आफैंले खिच्न सक्ने व्यवस्था गरिएको छ। यसअघि तल्ला तहले खर्च गर्न नसकेको रकम आर्थिक वर्ष सकिएको एक महिनाभित्र संघीय सरकारको सञ्चित कोषमा पठाउनुपर्ने व्यवस्था थियो। तर, अब भने तल्ला तहको सञ्चित कोषमा गएको, तर खर्च नभएको रकम राष्ट्र बैंकमार्फत संघीय सरकार आफैंले तान्ने भएको हो।

सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली संशोधन गरी तल्ला तहले खर्च गर्न नसकेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा तान्ने व्यवस्था गरेको हो। विगतमा तल्ला तहले रकम फिर्ता गर्नुपर्ने व्यवस्था थियो। तर, सरकारले गत चैतमा ऐन संशोधन गर्दै खर्च नभएको वित्तीय हस्तान्तरणको रकम सोही आवभित्र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको थियो। ३ पुसमा नियमावली संशोधन गर्दै सरकारले राष्ट्र बैंकमार्फत सरकार आफैंले रकम तान्न सक्ने व्यवस्था गरेको हो।

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली (दोस्रो संशोधन) २०८२ ले तल्ला तहले खर्च गर्न नसकेको वित्तीय हस्तान्तरणको रकम अर्थ मन्त्रालयको परिपत्रका आधारमा महालेखा नियन्त्रक कार्यालयले राष्ट्र बैंकमार्फत संघीय सञ्चित कोषमा फिर्ता गराउन सक्ने व्यवस्था गरेको छ।

संशोधित व्यवस्थाअनुसार संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेमा महालेखा नियन्त्रक कार्यालयले विद्युतीय प्रणालीमा खर्च नभई बाँकी रहेको रकमको विवरण अर्थ मन्त्रालयमा पेस गर्नुपर्नेछ। प्रदेश वा स्थानीय तहको खाताबाट संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने भएमा अर्थ मन्त्रालयले सोहीबमोजिम निर्णय गरी महालेखा नियन्त्रक कार्यालयलाई लेखिपठाउन सक्नेछ। अर्थ मन्त्रालयबाट लेखिआएमा महालेखा नियन्त्रक कार्यालयले संघीय सञ्चित कोषमा रकम दाखिला गर्न राष्ट्र बैंकमा लेखिपठाउनुपर्नेछ। र, राष्ट्र बैंकले सम्बन्धित वाणिज्य बैंकबाट रकम प्राप्त गरी संघीय सञ्चित कोषमा जम्मा गरी सोको जानकारी महालेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने व्यवस्था गरिएको छ।

वित्तीय हस्तान्तरण भएको रकमको एकीकृत र यथार्थ विवरण समयमै तयार गर्न तथा आर्थिक एव वित्तीय अनुशासन कायम गर्न यस्तो व्यवस्था गरिएको महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रक तथा अन्तरसरकारी वित्त समन्वय शाखा प्रमुख यज्ञप्रसाद ढकालले बताए। आधाभन्दा बढी स्थानीय तहले खर्च गर्न नसकेको वित्तीय हस्तान्तरणको रकम समयमै फिर्ता नगर्ने गरेका कारण अनुशासनमा बाँध्ने तथा रकम खिच्न सहज बनाउने व्यवस्था गरिएको उनको भनाइ छ।

'एकातर्फ स्थानीय तहमा खर्च नभएको पैसा होल्ड भएर बस्ने, अर्कातर्फ संघीय सरकारलाई स्रोत परिचालनमा सकस हुने कतिपय अवस्था पनि देखिने गरेको छ, नगदको व्यवस्थापनका लागि पनि तल्ला तहले खर्च नगरेको रकम समयमै संघीय सञ्चित कोषमा ल्याउनुपर्ने हुन्छ,' उनले भने, 'संघले दिएको ससर्त, विशेष र समपूरक अनुदान रकम तोकिएको परियोजना तथा कार्यक्रममा खर्च गर्न सके पनि आधाभन्दा बढी स्थानीय तहले त्यस्तो रकम समयमै फिर्ता गर्दैनन्, त्यही भएर यसलाई स्पष्ट र सहज बनाइएको हो।'

गाउँपालिका राष्ट्रिय महासंघका उपाध्यक्ष लक्ष्मणबहादुर शाहीले खर्च नभएको ससर्त, विशेष र समपूरक अनुदान फिर्ता गर्नुपर्ने विषयमा कुनै द्विविधा नरहेको बताए। तर, यसको विधि र प्रक्रियामा भने प्रश्न उठ्ने उनले बताए।

'खर्च नभएको अनुदान फिर्ता गर्नैपर्छ नियमअनुसार, पालिकाहरूले फिर्ता गरिरहेका पनि छन्, एकाधमा समस्या होला त्यो फरक कुरा भयो,' उनले भने, 'तर, संघीय सरकारले प्रणालीभित्र छिरेर आफैं रकम खिच्ने व्यवस्था ठिक हो कि होइन ? यसरी सीधा संघीय सरकारले रकम खिच्न सक्ने व्यवस्था संविधानको मर्म र भावनाअनुसार हो, किन होइन ? यस्ता प्रश्नको उत्तरचाहिँ संघीय सरकारले दिनुपर्ने हुन्छ।' समान अस्तित्वका सरकारलाई एउटा मातहतको कार्यालयको जस्तो व्यवहार गर्न नमिल्ने उनले बताए।

विगतको व्यवस्था	नयाँ व्यवस्था
सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको वित्तीय हस्तान्तरणको रकम प्रदेश र स्थानीय तहले आर्थिक वर्ष सकिएको एक महिनाभित्रै संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने। रकम फिर्ता हुन नआएमा सोहीबराबरको रकम अर्थ मन्त्रालयले सम्बन्धित प्रदेश तथा स्थानीय तहलाई हस्तान्तरण गर्ने समानीकरण अनुदान वा राजस्व बाँडफाँटको रकमबाट कट्टा गर्ने।	संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेमा महालेखा नियन्त्रक कार्यालयले रकमको विवरण अर्थ मन्त्रालयमा पेस गर्नुपर्ने। फिर्ता गर्नुपर्ने भएमा मन्त्रालयले सोहीबमोजिम निर्णय गरी कार्यालयलाई लेखिपठाउने। कार्यालयले बैंकमा लेखिपठाउने। बैंकले सम्बन्धित वाणिज्य बैंकबाट रकम प्राप्त गरी संघीय सञ्चित कोषमा जम्मा गरी महालेखा नियन्त्रक कार्यालयलाई जानकारी दिने।



तीन सयभन्दा बढी पालिकाले ढिला फिर्ता गरे रकम

अघिल्लो आर्थिक वर्ष संघीय सरकारले वित्तीय हस्तान्तरणअन्तर्गत दुई खर्ब ३४ अर्ब ७७ करोड ६९ लाख रुपैयाँ ससर्त अनुदान, १२ अर्ब ९० करोड विशेष अनुदान र १३ अर्ब २० करोड समपूरक अनुदान बजेट विनियोजन गरेको थियो। तर, उक्त आवमा खर्च नभएको रकम आधाभन्दा बढी स्थानीय तहले समयमै संघीय सरकारको कोषमा दाखिला गरेनन्। एउटा स्थानीय तहले हालसम्म पनि खर्च नभएको अनुदान संघीय सञ्चित कोषमा दाखिला नगरेको अर्थ मन्त्रालयका एक अधिकारीले जानकारी दिए।

'स्थानीय तहलाई जे कामका लागि पैसा दिएको हो, उनीहरूले त्यो काम नगरेमा वा खर्च गर्न नसकेमा, खर्च नभएको रकम फिर्ता गर्नुपर्ने स्पष्ट व्यवस्था भए पनि कतिपय स्थानीय तहले अटेर गर्छन्,' ती अधिकारीले भने, 'पटक-पटक चिठी पठाउँदा पनि पैसा फिर्ता गर्दैनन्, उनीहरू संवैधानिक हिसाबले स्वयत्तता भए पनि, छुट्टै सरकार भए पनि पैसा लाने, तर हिसाब नदिने गर्न मिल्दैन।' तल्ला तहलाई अनुशासनमा बाँध्नसमेत ऐन र नियम संशोधन गरेर खर्च नभएको रकम खिच्ने व्यवस्था गरिएको उनले बताए।

एमडिएमएस भ्रष्टाचारको जालो च्यात्छौं : सञ्चारमन्त्री



काठमाडौं/ सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले 'मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम' (एमडिमएस) प्रणालीमा भ्रष्टाचार भएको बताएका छन्। उनले एमडिएमएस प्रणालीभित्र भ्रष्टाचारको जालो बेरिएको भन्दै जालो च्यातेरै छाड्ने बताएका हुन्।

नेपाल मोबाइल व्यवसायी संघ काठमाडौंको दोस्रो अधिवेशनको शनिबार काठमाडौंमा उद्घाटन गर्दै मन्त्री खरेलले यस्तो बताएका हुन्। उनले वर्तमान सरकार सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रणका साथै निर्धारित समयमै निर्वाचन सम्पन्न गर्ने वातावरण निर्माणमा केन्द्रित रहेको समेत बताए। व्यवसायीहरूले एमडिएमएस कार्यान्वयन अलमलमा रहेको भन्दै अन्योलता प्रकट गरेपछि मन्त्री खरेलले यसमा भ्रष्टाचारको जालो बेरिएको र त्यसलाई च्यात्ने बताएका हुन्।

उद्योगले उखु क्रसिङ सुरु गरेपछि किसानलाई भ्याई-नभ्याई

बेलौरी र दशरथ बस्तीमा चिनी उद्योग सञ्चालनमा आएसँगै उखुखेतीमा किसानको आकर्षण बढेको छ। यो किसानका लागि घरदैलोमै रोजगारीको अवसर बनेको छ।



कञ्चनपुरमा **मोहन विष्ट**

उद्योगले उखु क्रसिङ सुरु गरेसँगै यतिवेला कञ्चनपुरका उखु किसान खेतबारीमा व्यस्त देखिन थालेका छन्। कञ्चनपुरको बेलौरी- १०, शिवनगर र पुनर्वास नगरपालिका- २, दशरथ बस्तीका चिनी उद्योग, बेलडाँडीको केदार गुड उद्योगसहितका अन्य उद्योगले उखु क्रसिङ सुरु गरेसँगै उनीहरू व्यस्त बनेका हुन्। जिल्लाको दक्षिणी क्षेत्र बेलडाँडी, बेलौरी, पुनर्वास, लालझाडीसहितका किसानलाई यतिवेला उखु काट्न भ्याई-नभ्याई छ।

सरकारले चालू आर्थिक वर्ष ०८२/८३ देखि उखुको मूल्य वृद्धि गरेको छ। गत आवमा प्रतिक्विन्टल पाँच सय ८५ रुपैयाँ निर्धारण गरेको सरकारले यो वर्षदेखि ३५ रुपैयाँ बढाएर ६ सय २० पुऱ्याएको छ। साथै, प्रतिक्विन्टल ७० रुपैयाँ अनुदानसमेत पाउने भएपछि किसान उत्साहित छन्।

उखु उत्पादक किसान हकहित तथा संरक्षण समिति कञ्चनपुरका कोषाध्यक्ष चेतनकुमार राईले तुलनात्मक रूपमा उखुको मूल्यवृद्धि भएको बताए। 'विगतमा भन्दा उखुको मूल्य वृद्धि भएको छ,' उनले भने, 'यसमा हामी खुसी छौं, अब सरकारले अनुदान वितरणका कामकाजमा ढिलासुस्ती पनि गर्न हुन्न।' गत वर्ष अनुदानको रकम भुक्तानीका लागि जिल्लादेखि केन्द्रसम्मै आन्दोलन गर्नुपर्ने बाध्यता रहेको उनले दुखेसो पोखे।

नगदे बाली मानिने उखुखेती कञ्चनपुरका किसानका लागि घरदैलोमै रोजगारी बनेको छ। बेलौरी र दशरथ बस्तीमा चिनी उद्योग सञ्चालनमा आएसँगै उखुखेतीप्रति किसानको आकर्षण बढेको हो। कुनै वेला नजिकै उद्योग नहुँदा सस्तोमै भारतलाई उखु बेच्नुपर्ने बाध्यता थियो।

बेलडाँडी- ४, वैवाहका किसान दिलप्रसाद शर्माले उखुखेतीलाई स्वरोजगारकै रूपमा काम गरेको बताए। 'मेरो परिवारले २० वर्षदेखि उखुखेती गर्दै आएको थियो,' उनले भने, 'उतिवेला गाउँमा गुड उत्पादन गर्ने कोलु मात्रै थिए, अहिले दुई ठुला चिनी उद्योग सञ्चालनमा आएका छन्। यसले धेरै सहज बनाएको छ।' शर्माले कञ्चनपुरमा आठ बिघा र बर्दियामा समेत ६ बिघा जमिनमा उखुखेती गरेका छन्। उनले आफूले वार्षिक एक करोडको कारोबार गर्दै आएको पनि बताए।

त्यस्तै, पुनर्वास नगरपालिका- ९ का पूर्ववडाध्यक्षसमेत रहेका नारायणप्रसाद जैसीले नेपालको आर्थिक समृद्धिको आधार उखु भएको बताए। 'हामीले स्वदेशमा उखुखेती गरी चिनी निर्यात गरेर पनि बेच्नुपर्छ, तब मात्रै हाम्रो वैदेशिक व्यापार घाटा कम गर्न सकिन्छ।'

अढाई दशकदेखि उखुखेती गर्दै आएका पुनर्वासका जैसीले पाँच बिघामा उखुखेती गरेका छन्। 'विगतमा हामीले भारतमा पनि उखु बेच्दै आएका थियौं,' 'उनले भने, 'अहिले त स्वदेशमै पनि उखु क्रसिङ गर्ने उद्योग सञ्चालनमा आएका छन्, हामीलाई सहज भएको छ।'

बेलौरी नगरपालिका- १०, सडकघाटका प्रभावशाली उखु किसान चक्रबहादुर कडायत वार्षिक ६० लाख रुपैयाँसम्मको उखु बेच्दै आएको बताउँछन्। 'मैले ३२ बिघामा उखुखेती गरेको छु,' उनले भने, 'स्वदेशमा चिनी मिल नहुँदा भारतमा बेच्नुपर्ने बाध्यता थियो, अहिले दुई चिनी उद्योग सञ्चालनमा सहज भएको छ।'

कञ्चनजंघामा विदेशी पर्यटकको चहलपहल

ताप्लेजुङ/ ताप्लेजुङस्थित विश्वकै तेस्रो र नेपालको दोस्रो अग्लो हिमाल कञ्चनजंघा क्षेत्र पछिल्ला वर्षहरूमा विदेशी पर्यटकका लागि आकर्षक गन्तव्य बन्दै गएको छ।

केही वर्षअघिसम्म सीमित संख्यामा मात्रै पुग्ने पर्यटक पछिल्ला दिनमा क्रमशः बढ्दै गएको कञ्चनजंघा संरक्षण क्षेत्र कार्यालयको तथ्यांकले देखाउँछ। संरक्षण क्षेत्र कार्यालयका अनुसार गत वर्ष मंसिर मसान्तसम्म आठ सय ७७ जना विदेशी पर्यटकले कञ्चनजंघा क्षेत्रको भ्रमण गरेका थिए। यस वर्ष भने सोही अवधिमा नौ सय ४३ जना विदेशी पर्यटक पुगेका छन्।

कञ्चनजंघा संरक्षण क्षेत्र व्यवस्थापन परिषद्का पर्यटन सहायक टासी तेन्जिङ शेर्पाले मंसिरपछि पनि फाट्टफुट्ट रूपमा पर्यटक आउने क्रम जारी रहेको बताए। तर जाडो बढेसँगै कञ्चनजंघा आधारशिविर क्षेत्र अहिले सुनसान बन्दै गएको छ। लोनाक, खम्बाचेनलगायत आधारशिविर क्षेत्रमा बाक्लो हिउँ परेपछि स्थानीय होटेल व्यवसायी गाउँ फर्किसकेका छन्।

लोनाक आधारशिविरमा होटेल सञ्चालन गर्दै आएका व्यवसायी तेन्जिङ सेराप शेर्पाका अनुसार हिउँ परेपछि होटेल सञ्चालन गर्न कठिन हुने भएकाले मंसिरभित्रै बन्द गरेर फर्किनुपरेको हो।

Bagamati Province Government
Ministry Of Social Development
Social Development Office
Dhulikhel, Kavrepalanchowk

NOTICE OF INVITATION FOR ELECTRONICS BIDS

First Date of publication: 2082/09/06 (21/12/2025)

Social Development Office, Dhulikhel, Kavrepalanchowk invites **electronic bids** from eligible Nepalese bidders for the following works as mentioned in table below.Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system **www.bolpatra.gov.np/egp.**

S. N.	Contract ID	Name of Project	Cost of Bid document (NRs.)	Estimated Amount (Exclusive VAT)	Bid Security Amount (NRS.)/ Validity Period	Deadline for Bid Submission	Deadline for Bid Opening
1.	SDO/WORKS/ 14/082-083	Shree Kshemadevi Ma.wi., Barhabise-03, Sindhupalchok, Courtyard Construction	1000	1523573.33	45,000/-75 days	12:00 Hrs on 5th Jan, 2026	14:00 Hrs on 5th Jan 2026
2	SDO/WORKS/ 15/082-083	Shree Aananda Ma.wi., Jalbire, Balefi-01, Sindhupalchok, Hostel Building Construction	1000	1523729.91	45,000/-75 days		
3	SDO/WORKS/ 16/082-083	Dharmodaya Ma.Wi., Lisankhupakhar-01, Infrastructure Development	1000	1218917.39	35,000/-75 days		
4	SDO/WORKS/ 17/082-083	Dakshinkali Ma.Wi., Chautara Sangachokgadhi-03, Sindhupalchok, Infrastructure work	1000	1217893.53	35,000/-75 days		
5	SDO/WORKS/ 19/082-083	Shree Saraswati Samudayik School, Building Maintainance work	1000	1174812.44	30,000/-75 days		
6	SDO/WORKS/ 20/082-083	Baiteswar Ma.wi. Baiteswar-06, Dolakha, Khelmaidan Nirman	1000	1219172.88	30,000/-75 days		
7	SDO/WORKS/ 21/082-083	Shree Mahendra Pratap Ma.Wi.,Tripurasundari-03, Sindhupalchok (8 Classroom Building Construction)	3000	5875086.28	1,50,000/- 120 days	12:00 Hrs on 20th Jan, 2026	14:00 Hrs on 20th Jan 2026

सिद्धार्थ क्यापिटलको लगानीकर्ता सचेतना कार्यक्रम



काठमाडौं/ सिद्धार्थ क्यापिटल लिमिटेडले विश्व लगानीकर्ता सप्ताह २०२५ को अवसरमा देशभर विविध कार्यक्रम गरेको छ। कम्पनीले लगानीकर्ता शिक्षा, डिजिटल वित्त तथा कृत्रिम बुद्धिमत्ता (एआई), लगानीसम्बन्धी जोखिम र विद्युतीय माध्यमबाट हुने ठगी न्यूनीकरण गर्न देशका विभिन्न स्थानमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको हो।

यसै क्रममा क्यापिटलले काठमाडौंको पद्‌मोदय माध्यमिक विद्यालयका विद्यार्थी र काठमाडौं क्रिकेट एकेडेमी (केसिए)का प्रशिक्षार्थीलाई लक्षित गरी वित्तीय साक्षरता कार्यक्रम गरेको छ। साथै, विराटनगरको साउथ एसियन स्कुल अफ होटेल म्यानेजमेन्टका विद्यार्थी, नेपालगन्जको नेपाल मेडिकल एसोसिएसन डाक्टर तथा बुटवलको एक्सिस कलेजका विद्यार्थीमाझ लगानीसम्बन्धी कार्यक्रम गरेको हो।

मुक्तिनाथ कृषि कम्पनीको हकप्रद बिक्री प्रबन्धकमा नेपाल लाइफ क्यापिटल



काठमाडौं/ मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले हकप्रद सेयर निष्कासन गर्दै छ। कम्पनीले हाल कायम चुक्ता पुँजीको १:०.६ अनुपातमा प्रतिसेयर १०० रुपैयाँ अंकित दरमा १:०.६ अनुपातमा ४५ लाख ३६ हजार कित्ता हकप्रद सेयर निष्कासन गर्नेछ। यो सेयरको निष्कासक तथा बिक्री प्रबन्धकमा नेपाल लाइफ क्यापिटल लिमिटेडलाई नियुक्त भएको छ। यससम्बन्धी सम्झौतामा मुक्तिनाथका नायब प्रमुख कार्यकारी अधिकृत रामशरण तिमल्सिना र नेपाल लाइफका प्रमुख कार्यकारी अधिकृत मनीष घिमिरेले हस्ताक्षर गरेका हुन्।

सिजीको टी-२० वर्ल्डकपलक्षित योजना



काठमाडौं/ सिजी ब्रान्डले आइसिसी टी-२० वर्ल्डकपलक्षित योजना सार्वजनिक गरेको छ। कम्पनीले 'सिजीको साथमा, वर्ल्डकप टिकट हातमा : लेभल अप विथ सिजी' नारासहित नयाँ उपहार योजना ल्याएको हो। आगामी माघमा मुम्बई वानखेडेमा हुने क्रिकेटलाई लक्षित गर्दै ल्याइएको योजनाअन्तर्गत ग्राहकले सिजी ब्रान्डका सामान खरिद गर्दा हात खाली नजाने उपहार पाउनेछन्। साथै, बम्पर उपहारमा विजेताले दुईतर्फी हवाई टिकट, तारे होटेलमा बसाइ, खानपिन, सिटी टुर र नेपालको खेलको टिकट प्राप्त गर्ने कम्पनीले जनाएको छ।

त्यसैगरी, सिजीका विभिन्न उपकरण किन्दा विभिन्न उपहार पनि जित्न पाउनेछन्। माइक्रोवेभ ओभनको खरिदमा निःशुल्क कुकिङ किट, सिजी तथा मेरिडिया ४३ इन्चभन्दा माथिका टिभी किन्दा नौ महिनाको नेट टिभी सब्स्क्रिप्सन पाइने बताइएको छ। त्यसका साथै सिजीको फ्रन्ट लोड वासिङ मेसिनको खरिदमा तीन केजी एरियल सर्फ र टप लोड वासिङ मेसिन खरिद गर्दा सिजी ब्रान्डको इलेक्ट्रिक केटल प्राप्त गर्न सकिने कम्पनीको भनाइ छ। सिजीले देशभरका २१ आधुनिक सोरुम, ४० सेवाकेन्द्रमार्फत ग्राहकलाई सेवा दिँदै आइरहेको छ।

एनएमबिले ल्यायो कर्जा ट्र्याकिङ सुविधा



काठमाडौं/ एनएमबि बैंकले आफ्ना ग्राहकका लागि थप डिजिटल सुविधाको सुरुवात गरेको छ। बैंकले ग्राहकलाई व्यक्तिगत र साना तथा मझौला कर्जा आवेदनको जानकारी वास्तविक समयमा ट्र्याक गर्न सक्ने सुविधा उपलब्ध गराएको छ। यस सुविधा सुरुवातसँगै कर्जाका लागि आवेदन दिएका ग्राहक आवेदनको अवस्था बुझ्न बैंकको शाखासम्म धाइरहनुनपर्ने बैंकले जनाएको छ।

कर्जाका लागि आवश्यक कागजात पेस गरेपश्चात् ग्राहकले एउटा 'ट्र्याकिङ नम्बर' प्राप्त गर्नेछन्। सो नम्बर प्रयोग गरी बैंकको वेबसाइटमा रहेको डिजिटल बैंकिङ अप्सनमा गएर आफ्नो कर्जा प्रक्रिया कहाँ पुग्यो भनी जानकारी लिन सक्नेछन्। यो सुविधाले ग्राहकलाई थप सुविधा प्रदान हुने साथै कर्जा प्रक्रियामा पारदर्शिता पुग्ने कुरामा बैंकले विश्वास लिएको छ।

कुमारी बैंक र विनरक इन्टरनेसनलबिच उद्यमशीलता सुदृढीकरण सम्झौता



काठमाडौं/ कुमारी बैंक लिमिटेडले उद्यमशीलता विकास तथा वित्तीय पहुँच विस्तारका लागि विनरक इन्टरनेसनलसँग सम्झौता गरेको छ।

यसअन्तर्गत लक्षित समुदायको उद्यमशीलता विकास, वित्तीय साक्षरता विकास, उद्यमीहरूको प्राविधिक तथा व्यवस्थापकीय क्षमता सुदृढीकरण र दिगो व्यावसायिक योजना निर्माण गरिने बैंकले जनाएको छ।

बैंकले दिगो बैंकिङ, वित्तीय समावेशीकरण र स्थानीय उद्यम सुदृढीकरण तथा प्रवर्द्धन गर्दै आइरहेको छ। बैंकिङ विभागका प्रमुख अर्पण पौडेलले भने, 'यस सहकार्यमार्फत बैंकलक्षित समूहको वित्तीय समृद्धि अभिवृद्धि गर्नतर्फ निरन्तर प्रयत्नशील रहनेछ।'

घरबहालमा लिने सम्बन्धि सूचना

यस हाइड्रो ल्याब प्रा.ली. को कार्यालय बिस्तार गर्ने प्रयोजनको लागि पार्किङ सुविधा सहितको उपयुक्त घर बहालमा लिन आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ। भाडामा दिन इच्छुक घरधनी वा संस्थाले देहाय बमोजिमका आधारभूत मापदण्डहरू पुरा भएको घरको विवरण सहित मासिक भाडादर समेत उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १५ (प्रन्ध्र) दिन भित्र यस संस्थाको ई-मेल info@hydrolab.org मार्फत प्रस्ताव पेश गर्नु हुन अनुरोध छ। प्रस्तावमा सम्पर्क फोन नम्बर पनि उल्लेख गर्नुपर्नेछ।

आधारभूत मापदण्डहरू :

१. स्थान : पाटन कृष्णगल्ली देखि १ कि.मी. भित्र।
२. न्यूनतम ५ (पाँच) वटा कोठा भएको र ३/४ वटा गाडि तथा ५/७ वटा मोटरसाईकल पार्किङ्ग सुविधा भएको।

बीमालेखको बोनस दर सम्बन्धी सूचना

श्री नेपाल बीमा प्राधिकरणको मिति २०८२/०८/२८ को पत्रानुसार यस कम्पनीको आ.व. २०८१/८२ को आर्थिक स्थितिको लेखाजोखा र दायित्व मूल्यांकन सम्बन्धी बीमाङ्कीय प्रतिवेदन स्वीकृत भई आए अनुसार यस कम्पनीले मुनाफामा सरिक हुने गरी (बोनस दिने गरी) जारी गरेका तथा सुनिश्चित लाभ भएका निम्न जीवन बीमालेखहरूमा निम्न बमोजिमको बोनस दर नेपाल बीमा प्राधिकरणबाट अर्को व्यवस्था नभए सम्मको लागि कायम रहने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ।

बीमालेख	अवधि	सुनिश्चित लाभ प्रति हजार बिमाङ्क	चालु बीमालेख संख्या
जीवन आस्था (३४८)	५ वर्ष	८५	४९०७
जीवन आस्था (३४७)	३ वर्ष	८०	३३८

बीमालेख	अवधि	सुनिश्चित लाभ प्रति हजार बिमाङ्क	चालु बीमालेख संख्या
बाल उन्नति (३६३)	१५ देखि २५	६०	१४०३७
	८ देखि १४	५५	१७१८

बीमालेख	अवधि	बोनस प्रति हजार बिमाङ्क	चालु बीमालेख संख्या
जीवन विद्या (३५२), जीवन साथी (३५७), जीवन श्री (३५३)	१५ र सो भन्दा माथि	५२	२०७८६
	१० देखि १४	५१	५८९७
	५ देखि ९	५०	४७९
सावधिक (३३३)	४५ र सो भन्दा माथि	६५	२८
	३५ देखि ४४	६१	१३५
	२५ देखि ३४	६०	३६२४
	२० देखि २४	५५	२९४२०
	१५ देखि १९	५१	१८४७०४
	१० देखि १४	५०	१९३४६
	५ देखि ९	४९	२८१६
जीवन आनन्द (३४२)	२१ देखि २५	५५	४९५०
	१६ देखि २०	५३	६०६६७
	१० देखि १५	५१	११७५३८
	५ देखि ९	५०	१५५५
बाल सावधिक (३४९)	३० र सो भन्दा माथि	६४	१०
	२५ देखि २९	६३	१२१
	२० देखि २४	५३	१९४६३
	१५ देखि १९	५०	५५२६२
धन वृष्टि (३५८)	१५ वर्ष	५६	८२७५
	१० वर्ष	५३	१४१०२
धन फिर्ता (३३४, ३३५, ३३६, ३३७, ३३९, ३४३)	२५ वर्ष	६०	७१
	२० वर्ष	५७	८३०
	१५ वर्ष	५५	११७८४
बाल ममता (३४०) र बाल स्नेह (३४१)	१६ देखि २०	५७	१०५६१
	१५ सम्म	५५	५०३९
जीवन तरगं (३४५)	२० वर्ष	५३	१३५८७
	१५ वर्ष	५१	५५२७
	१० वर्ष	५०	१७८२
नयाँ जीवन तरगं (३६०)	२० वर्ष	५५	१६२३
	१५ वर्ष	५१	५६३
	१० वर्ष	५०	१३५
लघु सावधिक (३५४)	सबै	४१	२०५
जीवन बचत (३५९)	२५ र सो भन्दा माथि	६०	५६८
	२० देखि २४	५५	१४५
	१५ देखि १९	५२	१२९
	१० देखि १४	४७	२७२
	५ देखि ९	४१	३७५
जीवन लाभ (३६१)	२५ वर्ष	५७	४९
	२० वर्ष	५५	५०४
	१५ वर्ष	५३	९३१
	१० वर्ष	५१	१७६
बाल समृद्धि (३६२)	१६ देखि २०	५६	२४४२
	१५ सम्म	५५	७०८
जीवन उत्सव (३६४)	२५ देखि ३५	५३	३२
	१६ देखि २४	५२	३४४२
	१० देखि १५	५०	५०६

थप लोयल्टी

बीमालेख	बीमाशुल्क	बोनस प्रति हजार बिमाङ्क	चालु बीमालेख संख्या
जीवन सरल (३५०)	५००० सम्म	२४५	१८६९५
	५००१ देखि २००००	३००	१८०९८
	२०००१ देखि ५००००	३५५	७८७२
	५०००० भन्दा माथि	४००	१४५७

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

स्टार मल, चौथो तल्ला, पुतली सडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फयाक्स् नं.: ९७७-१-४०१२६१५
Email: liccorporate@licnepal.com.np

Notice for Invitation of Sealed Quotation for Canteen Operation

First Published date: 21th December, 2025

Nabil Bank Ltd. invites sealed quotations from the interested firms/companies for Canteen operation at HO buildings of Nabil Bank.

Terms and Conditions

1. Bidders must submit following documents:
   a) PAN/VAT Certificate.
   b) Firm/Company Registration (renewed).
   c) Tax Clearance certificate of last two years.
   d) Company profile with brief introduction of promoters and key management team.
   e) Letter of Experience from any 2 organization of past 3 years.
2. Bid Documents with detailed scope of works and Terms & Conditions can be purchased from the Administration department, 4th Floor Ghantaghar Building, Kathmandu, Nepal.
3. The sealed quotation should be submitted in an envelope addressing to Nabil Bank Ltd, with name of the bidder's firm and address. Sealed quotation should reach to the Bank's Head Office, Administration Department, Ghantaghar Building 4th floor, Kathmandu, Nepal, not later than **4:00 PM, 4th January 2026 (Poush 20, 2082).** Bid documents received after this deadline will not be accepted.
4. In case the last day of submission and opening of bid falls on government holiday, then submission and opening can be done as on the next working day.
5. The received Bids shall be opened at **Administration Department, Nabil Bank Ltd, Ghantaghar Building, Kathmandu, Nepal on 5th January, 2026 at 11:00 AM** in the presence/absence of the bidder's representatives.
6. The bank reserves the right to accept or reject in part or whole of any sealed quotation without assigning any reason whatsoever and will not be compelled to accept the lowest bid.

NABIL BANK®
Administration Department, Ghantaghar, Kathmandu, Phone No. 01-5971871

मैलुङ खोला जलविद्युत कम्पनी लिमिटेड

(कम्पनी ऐन २०६३ बमोजिम स्थापित संस्था)
काठमाडौं, नेपाल

बाह्रौ बार्षिक साधारण सभा सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति : २०८२/९/६

श्री आदरणीय शेयरधनी महानुभावज्यूहरू,

यस कम्पनीको सञ्चालक समितिको बैठकको निर्णयानुसार निम्न विषयहरू उपर छलफल तथा निर्णय गर्न यस मैलुङ खोला जल विद्युत कम्पनी लिमिटेडको बाह्रौ वार्षिक साधारणसभा देहायको मिति, समय र स्थानमा बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरूको उपस्थितिका लागि हार्दिक अनुरोध छ।

सभा हुने मिति, समय र स्थान :

मिति : २०८२/०९/२८ गते, सोमबार (तदअनुसार जनवरी १२, २०२६)
समय : दिउसो १२:३० बजे
स्थान : अनुपम फुडल्याण्ड एण्ड ब्याङ्क्वट,बत्तिसपुतली, काठमाडौं।

वार्षिक साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरू

(क) सामान्य प्रस्तावहरू

१. अध्यक्षज्यूको मन्तव्य तथा वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्त सम्मको वासलात र आ.व. २०८१/०८२ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा।
३. कम्पनी ऐन २०६३ को दफा १११ बमोजिम आ.व. २०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
४. सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्न २(दुई) जना सञ्चालकहरूको निर्वाचन गर्ने सम्बन्धमा।

(ख) विशेष प्रस्तावहरू

१. यस कम्पनीले विभिन्न बैंकहरूबाट लिएको कर्जाको भुक्तानी गर्नका लागी चुक्ता पूजीँको १:०.७० (१ शेयर बराबरको ०.७०) को अनुपातमा हकप्रद शेयर निश्कासन गर्ने सम्बन्धमा।
२. यस कम्पनीको जारी पुँजी बृद्धि गरी प्रवन्ध-पत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धमा।
३. हकप्रद शेयर जारी/दर्ता/सुचीकरण गर्ने लगायत सो संग सम्बन्धित कार्यहरूको क्रममा कम्पनी रजिष्ट्रारको कार्यालय नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लगायतका नियमनकारी निकायहरूबाट कुनै फेरबदल, संशोधन गर्न निर्देशन भएमा आवश्यक्ता अनुसार थपघट, परिमार्जन, संसोधन लगायत अन्य सुधार तथा सोही बमोजिम प्रवन्ध-पत्र तथा नियमावलीमा संसोधन गर्नका लागि संचालक समिति वा संचालक समितिले तोकेको व्यक्तिलाई अख्तियारी दिन स्वीकृत गर्ने सम्बधमा।

(ग) विविध

साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८२/०९/१७ गते एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८२/०९/१६ गते सम्म कारोबार भई, शेयर खरिद गरी आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनीहरू सो सभामा भाग लिन योग्य हुनेछन्।
२. वार्षिक साधारणसभा स्थलमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूको सुविधाको लागि हाजिर पुस्तिका सभा स्थलमा सभाहुने दिन विहान १० बजे देखि सभा संचालन रहेसम्म खुल्ला रहने छ।
३. सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण कागज तथा हिताग्राहि खाता खोलिएको प्रमाण सहित साथमा लिई आउनुहुन अनुरोध छ।
४. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सो सम्बन्धी निवेदन सभा हुनु भन्दा ४८ घण्टा अगावै यस संस्थाको रजिष्टर्ड कार्यालय उत्तरढोका, काठमाडौंमा दर्ता गराइ सक्नु पर्नेछ। यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति समेत यस संस्थाको शेयरधनी हुनु आवश्यक छ। प्रतिनिधि (प्रोक्सी) नियुक्त गरी सक्नु भएका शेयरधनी आफैं सभामा उपस्थित भइ हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वत: बदर हुनेछ।
५. प्रतिनिधि मुकरर गर्दा सम्पूर्ण प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ। एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि मुकरर गरेमा जुन प्रोक्सी यस संस्थाको रजिष्टर्ड कार्यालयमा पहिले प्राप्त भई दर्ता हुन्छ सो मात्र मान्य हुनेछ।
६.. प्रतिनिधि मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रोक्सी नियुक्त नगरी केही शेयर आफैले राखी सभामा स्वयं शेयरधनी उपस्थित भएमा उक्त मुकरर गरिएको स्वत: बदर हुनेछ।
७. प्रतिनिधि मुकरर गरिएको शेयरको प्रोक्सी वदर गरीपाँउ भनी शेयरधनीले निवेदन पेश गरेको अवस्थामा उक्त शेयरधनी स्वयं उपस्थित नभएमा समेत उक्त मुकरर गरिएको स्वत: बदर हुनेछ पछिल्लो प्रतिनिधि कायम हुनेछ।
८. नाबालक शेयरधनीको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा दर्ता व्यक्तिले भाग लिन वा प्रतिनिधि तोक्न सक्नु हुनेछ।
९. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले अध्यक्षले वा अध्यक्षबाट अख्तियारी पाएका व्यक्तिले जवाफ दिन सक्नेछन्।
१०. छलफलको विषय अन्तर्गत विविध शीर्षक सम्बन्धमा शेयरवाला महानुभावहरूले छलफल गर्न चाहानु भएको विषय वारेमा साधारणसभा हुनु भन्दा कम्तिमा ७ दिन अघि यस संस्थाको रजिष्टर्ड कार्यालय मार्फत यस संस्थाका अध्यक्षलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ। तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन।
११. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको सँक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालयमा उपलब्ध हुनेछ।

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

नोट : निर्वाचन तथा अन्य आवश्यक जानकारीको लागि यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौमा ०१-४५३२३७२ वा Website: www.mailungkhola.com.np बाट प्राप्त गर्न सक्नुहुनेछ।

मौला कालिका हाइड्रोपावर कम्पनी लि.
वार्षिक साधारण सभाको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०६

यस **मौला कालिका हाइड्रोपावर कम्पनी लि.** को मिति २०८२/०९/२८ गतेका दिन देवपुर, देवघाट गाउँपालिका, तनहुँ स्थित कम्पनीको साईट कार्यालयमा अपरान्ह ३:०० बजे हुने वार्षिक साधारण सभामा निम्न बमोजिमका विषयहरूमा छलफल हुने हुँदा उक्त दिनको साधारण सभामा उपस्थित हुन सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अनुरोध गरिन्छ। सम्पूर्ण शेयरधनीहरूलाई लिखित तथा मौखिक जानकारी समेत गरि सकिएकोमा यदि उक्त सूचना प्राप्त गर्न नसक्नु भएका शेयरधनीहरूले यसै सूचनालाई आधिकारिक सूचना मानी उल्लेखित मितिमा हुने वार्षिक साधारण सभामा उपस्थित हुन अनुरोध गरिन्छ।

छलफलको विषयहरू :

१. आ.व. ०८१/०८२ को अध्यक्षज्यूले पेश गर्नु हुने वार्षिक प्रतिवेदन अनुमोदन सम्बन्धमा।
२. आ.व. ०८१/०८२ को कम्पनीका तर्फबाट लेखा परीक्षकज्यूले पेश गर्नु हुने लेखा परीक्षण प्रतिवेदन अनुमोदन सम्बन्धमा।
३. आ.व. ०८२/०८३ का निम्ती लेखा परीक्षकको नियुक्ती र निजको पारिश्रमिक तोक्ने बारे।
४. परियोजना निर्माण सम्बन्धि गरिएको कार्य तथा भएको खर्चलाई अनुमोदन गर्ने सम्बन्धमा।
५. कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधन गर्ने विशेष प्रस्ताव सम्बन्धमा।
६. विविध।

आज्ञाले
प्रमुख कार्यकारी अधिकृत

सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय बिराटचोक, मोरङ्गको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति : २०८२/०९/०६ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक
प्रथम पटक प्रकाशित मिति : २०८१/०९/२३ गतेको आर्थिक राष्ट्रिय दैनिक

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी तथा सो को धितो जमानतकर्ताले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा, किस्ता तथा ब्याज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति २०८१/०३/१८ को आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएकोमा ऋणीले सो समेतको बेवास्ता गरेको र सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपसिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन एवं बैंकको आन्तरिक नियम अनुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने हुँदा इच्छुक महानुभावहरुलाई तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरी मिति २०८१/०९/२३ मा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित भएकोमा उक्त सूचनामा तोकिएको मितिभित्र बैंकको नियमानुसार प्राप्त हुनुपर्नेमा कुनैपनि गोप्य शिलबन्दी बोलपत्रहरु प्राप्त हुन नआएकोले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरि इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजहरुको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरण

१. मोरङ जिल्ला, सुन्दरहरैंचा न.पा. वडा नं. ९ स्थित रजिष्टर्ड कार्यालय रहि सुन्दरहरैंचा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय विराटचोक, मोरङ, १ नं. प्रदेश, नेपालमा मिति २०७७/०६/१२ मा करदाता संकेत नं. ०९-३२-०१०० तथा आन्तरिक राजश्व कार्यालय विराटनगर र करदाता सेवा कार्यालय विराटचोकमा मिति २०७५/०९/२५ मा स्थायी लेखा नम्बर (PAN) ६०९०२७१०५ अन्तर्गत दर्ता कायम भएको **टार्गेट फिटनेस जोन**।

प्रोप्राईटर : हरि प्रसाद पोखेल

ऋणी तथा ऋणी १ को व्यक्तिगत जमानीकर्ताको विवरण	ऋणी १ र २ को संयुक्त व्यक्तिगत जमानीकर्ताको विवरण
२. जदुनाथ पोखेलको नाति, केदार प्रसाद पोखेलको छोरा, मोरङ्ग जिल्ला, साविक इन्द्रपुर गा.वि.स. वडा नं. ९ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैंचा न.पा. वडा नं. ९ बस्ने **हरि प्रसाद पोखेल** (ना.प्र.नं. ६४३३०, जारी मिति २०५८/१०/२१, जि.प्र.का मोरङ्ग)।	केदार प्रसाद पोखेलको बुहारी, हरि प्रसाद पोखेलको पत्नि, मोरङ्ग जिल्ला, साविक जाँते गा.वि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, सुन्दरहरैंचा न.पा. वडा नं. ९ बस्ने **लक्ष्मी राई** (ना.प्र.नं. ११५७१/२५७, जारी मिति २०६०/०१/२५, जि.प्र.का. मोरङ्ग, उर्लाबारी)।

धितोको विवरण

१. टार्गेट फिटनेस जोनको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods and Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण।
२. **ऋणी १ र ऋणी २ को नाममा संयुक्त रुपमा धितो बन्धकी कायम रहेको** लक्ष्मी राई (ना.प्र.नं. ११५७१/२५७, जारी मिति २०६०/०१/२५, जि.प्र.का. मोरङ्ग, उर्लाबारी) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको मोरङ्ग जिल्ला, साविक लेटाङ्ग गा.वि.स. वडा नं. ५ क हाल मोरङ्ग जिल्ला, लेटाङ्ग न.पा. वडा नं. ९ स्थित कि.नं. १३०९ को क्षेत्रफल ०-४-९-३ (विगाहा) बमोजिमको घर/जग्गा एवं सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

शर्तहरु :

१. बोलपत्र फारम रु. १,०००/- (अक्षरेपी एक हजार मात्र) तिरी यस बैंकको सम्पूर्ण शाखा कार्यालयहरुबाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८२/०९/२० गते १६:०० बजे भित्र यस बैंकको शाखा कार्यालय बिराटचोक, मोरङ्गमा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०९/२१ गते १६:०० बजे यस बैंकको शाखा कार्यालय बिराटचोक, मोरङ्गमा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तिम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको १६:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र बुझाउने अन्तिम दिनको भोलीपल्ट बोलपत्र खोलिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन १६:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नु पर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखाबाट खाता नं. ४४०९००००१ मा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखितरुपमा पठाईनेछ र सो सूचना प्राप्त स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कबोल गरेको सम्पूर्ण रकम नगदै वा अन्य वित्तिय माध्यम मार्फत तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण कर शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुन आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको हात्तिसार, काठमाडौं स्थित केन्द्रिय कर्जा असुली विभाग तथा शाखा कार्यालय बिराटचोक, मोरङ्गमा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

Siddhartha Bank
शाखा कार्यालय : बिराटचोक, मोरङ्ग
फोन नं. ०२१-५४७५२३
Website : www.siddharthabank.com

एपिएफलाई हराउँदै इस्ट बंगाल च्याम्पियन

सुरुबाटै विदेशी खेलाडीको बलियो साथ पाएको कोलकाताको महारथि क्लब
इस्ट बंगालले नेपालको एपिएफ क्लबलाई दबाबमा राख्दै जित्यो उपाधि



उपाधि जितेपछि भारतको इस्ट बंगाल एफसी टोली ट्रफीको साथमा। तस्बिर : **संजित परियार**/नयाँ पत्रिका

रमेश सुवेदी/नयाँ पत्रिका

भारतको इस्ट बंगाल एफसी पहिलो साफ महिला क्लब च्याम्पियनसिपको च्याम्पियन भएको छ। शनिबार त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा घरेलु टोली शसस्त्र प्रहरी बलको एपिएफ एफसीलाई ३-० ले हराउँदै भारतको लिग च्याम्पियन इस्ट बंगाल पहिलो संस्करणको उपाधि जित्न सफल भयो।

एपिएफले सुरुका तीनै गोल व्यक्तिगत खेलाडीको गल्तीका कारण व्यहोरेको थियो। यसअघि राष्ट्रिय टोलीले १३ पटक फाइनल खेलेर पनि उपाधि जित्न नसकेको कथा एपिएफले पनि दोहोऱ्याएको छ। एपिएफ पहिलो क्लब च्याम्पियनसिपमै उपविजेतामा सीमित बन्यो।

बंगाललाई उपाधि जिताउन युगान्डाकी स्ट्राइकर फजिला इक्वापुतले दुई तथा सिल्किदेवी हमामले एक गोल गरिन्। पाँच राष्ट्र सहभागी लिगमा एपिएफ र इस्ट बंगाल अपराजित रहँदै फाइनलमा स्थान बनाएका हुन्। इस्ट बंगालले प्रतियोगिताको पाँचै खेलमा 'क्लिन सिट' राखेको छ। इस्ट बंगालले मैदानमा तीन विदेशी खेलाडी उतार्दा एपिएफ भने विदेशी खेलाडीविना खेलेको थियो। सुरुबाटै विदेशी खेलाडीको बलियो साथ पाएको कोलकाताको महारथि क्लब इस्ट बंगालले एपिएफलाई दबाबमा राख्यो। च्याम्पियन भएसँगै भारतको लिग च्याम्पियन इस्ट बंगालले १० हजार अमेरिकी डलर र उपविजेता एपिएफले पाँच हजार अमेरिकी डलर प्राप्त गरेका छन्।

दक्षिण एसियाली फुटबल महासंघ (साफ)ले पहिलोपटक आयोजना गरेको प्रतियोगितामा माल्दिभ्स र श्रीलंकाका कुनै पनि टोली सहभागी भएनन्। साफले यो क्षेत्रका महिला खेलाडीको स्तरवृद्धिका लागि प्रतियोगिता आयोजना गरेको हो। साफले प्रत्येक देशका लिग च्याम्पियनलाई यो प्रतियोगितामा सहभागिता गराउने निर्णय गरेको थियो। जसअन्तर्गत भारतबाट इस्ट बंगाल, नेपालबाट एपिएफ, भुटानबाट ट्रान्सपोर्ट युनाइटेड, पाकिस्तानबाट कराँची सिटी एफसी र बंगलादेशबाट नासरिन स्पोर्टस् एकेडेमी सहभागी भएका थिए। तालिकामा इस्ट बंगाल पहिलो र एपिएफ दोस्रो स्थानमा रहेर सीधै फाइनलमा स्थान बनाएका थिए। ९ गोल गरेकी फजिला नै प्रतियोगिताको सर्वाधिक गोलकर्ता बनिन्। बंगालकै इलाडबाम पान्थोई चानु सर्वोत्कृट गोलकिपर बनेकी छिन्। उनी खेलेको पाँचै खेलमा 'क्लिन सिट' राख्न सफल भइन्।

एपिएफले आफ्नै गल्तीले व्यहोऱ्यो तीन गोल

बलियो भारतीय प्रतिद्वन्द्वीविरुद्ध एपिएफ फितलो देखियो। बंगालले लगातार एपिएफविरुद्ध दबाब बनायो। दबाब खेप्न नसकेको एपिएफले तीनै गोल आफ्नै गल्तीमा व्यहोरेको थियो। इस्ट बंगालविरुद्ध दबाब सिर्जना गर्न सकेन। खेलको २२औँ मिनेटमा इस्ट बंगाललाई कप्तान फजिला इक्वापुटले अग्रता दिलाइन्। युगान्डा राष्ट्रिय टिमकी इक्वापुतले सरिता युम्नामको पासमा बललाई जाली चुमाइन्। एपिएफकी रक्षक मनमाया दमाईले देब्रे भागमा १८ यार्ड बक्सनजिकबाट हेडर 'क्लियर' गर्न नसकेको बललाई फजिलाले नियन्त्रणमा लिँदै गोल गरिन्। उनले रक्षक गीता रानासँगै गोलकिपर अञ्जना रानामगरलाई बिट गरिन्। योसँगै इस्ट बंगाल प्रतियोगितामा एपिएफको 'क्लिन सिट' तोड्ने एक मात्र टोली बन्यो। इक्पापुतको प्रतियोगितामा यो आठौँ गोल हो।

पहिलो गोलपछि एपिएफको हाफमा लगातार आक्रमण बुनेको इस्ट बंगालले ३५औँ मिनेटमा अग्रता दोब्बर बनायो। ३५औँ मिनेटमा सिल्कीदेवी हमामले अग्रता २-० को बनाइन्। आशालता देवीले राइटसाइडबाट गरेको क्रसलाई भारतीय अन्तर्राष्ट्रिय खेलाडी सिल्कीदेवी दर्शनीय टप कर्नर हेडर गोल गरिन्। दोस्रो हाफ सुरु भएको ४० सेकेन्डमै इक्वापुटले व्यक्तिगत दोस्रो गोल गरिन्। प्रतियोगितामा उनको नवौँ गोल हो। रक्षक गीता रानालाई बिट गराउँदै उनले बक्सबाहिरबाट हानेको प्रहार सीधै गोल भएको थियो। गोलकिपर अञ्जना रानामगर सिल्ली गोल व्यहोर्न पुगिन्। उनले इक्वापुटको प्रहार हातमै आउँदा फुत्काएपछि गोल भएको थियो।

सबै पक्षमा कमजोर देख्यौँ

● **जीवेशकुमार पाण्डे**, प्रशिक्षक, एपिएफ



हामीले प्रतियोगितामा पाँच खेल खेल्यौँ। जित्ने भनेर नै मैदानमा आएका थियौँ। फाइनल खेल सोचेको जस्तो खेल्न सकेनौँ। अन्य खेल भने रणनीतिअनुसार राम्रो भयो। पहिलोपटक आयोजना भएको यो प्रतियोगितामा हामीले राम्रो गर्‍यौँजस्तो लाग्यो। अबका अन्य प्रतियोगिताका लागि यो राम्रो तयारी हुन्छ। फाइनलमा भने हामी अग्रपंक्तिदेखि सबै पक्षमा कमजोर देख्यौँ। हामी स्टाफ पनि असफल भएका हौँ। अन्तर्राष्ट्रिय प्रतियोगितामा यो स्तरको खेलले राम्रो हुँदैन। विदेशीभन्दा नेपाली खेलाडीले अवसर पाउन भनेर बाहिरका खेलाडी ल्याएनौँ। बंगालको विदेशी खेलाडीले राम्रो खेले।

फाइनल खेल निकै राम्रो भयो

● **एन्थोनी सामसन आन्द्रेस**, प्रशिक्षक, इस्ट बंगाल



पहिलो साफ क्लब च्याम्पियनसिप उपाधि जितेका छौँ। फाइनल खेल निकै राम्रो भयो। हामीले राम्रो खेल खेल्यौँ। नेपालको टिम पनि राम्रो थियो। हामीले दोस्रो हाफमा भनै राम्रो खेल खेल्यौँ। हामीले अझै धेरै काम गर्नुपर्नेछ। यस्ता प्रतियोगिताबाट हामीले राष्ट्रिय टिम र अन्य प्रतियोगिताका लागि पनि राम्रो गर्न सक्छौँ। हाम्रो लक्ष्य एएफसी कपमै ध्यान हुनेछ। हामी यो नतिजाबाट धेरै खुसी छौँ।

एपिएफको प्रदर्शन

विपक्षी	नतिजा
नासरिन	०-४
ट्रान्सपोर्ट युनाइटेड	०-०
कराँची सिटी	०-१
इस्ट बंगाल	०-०
फाइनल	
इस्ट बंगाल	३-०

इस्ट बंगालको प्रदर्शन

विपक्षी	नतिजा
ट्रान्सपोर्ट युनाइटेड	०-४
कराँची सिटी	०-२
नासरिन	०-७
एपिएफ एफसी	०-०
फाइनल	
एपिएमफ एफसी	०-३

अस्ट्रेलियन लिगमा सावित्राको पहिलो गोल

नयाँ पत्रिका



नेपाल राष्ट्रिय फुटबल टोलीकी स्ट्राइकर सावित्रा भण्डारीले अस्ट्रेलियन 'ए' लिगमा पहिलो गोल गरेकी छिन्। शनिबार बिहान भएको खेलमा कप्तान सावित्रा सम्मिलित विलिङटन फिनिक्सले सानदार जित निकाल्ने क्रममा सिड्नी एफसीलाई ७-० ले हरायो।

लिगमा दोस्रो जित निकालेपछि विलिंटन ८ अंकसहित सातौँ स्थानमा उक्लिएको छ। हारपछि पनि ९ अंक रहेको सिड्नी छैटौँ स्थानमा छ। ८ खेलमा अपराजित रहेको मेलबर्न भिक्टोरी १५ अंकसहित तालिकाको शीर्ष स्थानमा छ। सावित्राले आफ्नो छैटौँ खेलमा पहिलो गोल गरेकी हुन्। प्रभावशाली प्रदर्शन गरेकी सावित्राले एक्लै दुई गोल गरिन्। ग्रेस जेलको नाममा पनि दुई गोल रह्यो। मानाई इलिओटले एक गोल थपिन्। ७ गोल हुँदा टोरी टुमेथ र सारा हुन्टरले आत्मघाती गोल गरेका हुन्।

दुई सिजन फ्रेन्च लिग खेलेपछि न्युजिल्यान्डको क्लबबाट खेलिरहेकी सावित्राले छैटौँ खेलमा गोलको खाता खोलेकी हुन्। न्युजिल्यान्डको विलिंटनले अस्ट्रेलियाको लिग खेल्दै आएको छ। टोलीले पहिलो हाफमा तीन तथा दोस्रो हाफमा चार गोल गरेको थियो।

इलिओटले तेस्रो मिनेटमै अग्रता दिलाएकी थिइन्। दस मिनेटपछि सानदार हेडरद्वारा सावित्राले टोलीको अग्रता २-० को बनाएकी हुन्। जेलले ३६औँ मिनेटमा गोल गर्दा पहिलो हाफमै टोलीले तेस्रो गोल गरेको थियो। जेलले ५४औँ मिनेटमा टोलीका लागि चौथो तथा व्यक्तिगत दोस्रो गोल गरिन्। ६९औँ मिनेटमा सावित्राले पनि व्यक्तिगत दोस्रो गोल गरेकी हुन्। ८०औँ मिनेटमा टुमेथ र ९०औँ मिनेटमा हुन्टरले गोल गरेपछि विलिंटन ७-० को फराकिलो जित निकाल्न सफल भएको थियो।



अन्जिलाको सानदार सुरुवात

नेपाल राष्ट्रिय टोलीकी कार्यवाहक कप्तान तथा गोलकिपर अन्जिला तुम्बापो सुब्बा सम्मिलित सेथु एफसीले भारतीय महिला लिगमा सानदार सुरुवात गरेको छ। शनिबार बिहान भएको लिगको पहिलो खेलमा सेथुले किकस्टार्सलाई २-१ ले हरायो। तेस्रोपटक सेथुबाट खेलिरहेकी अन्जिलालाई क्लबले कप्तान जिम्मेवारी दिएको छ। टोली पहिलोपटक लिग च्याम्पियन बन्ने योजनामा छ। अन्जिला यसपटक आइलिग खेल्ने एक्लो नेपाली खेलाडी हुन्।

जितपछि सेथुले पहिलो खेलबाटै तीन अंक हासिल गरेको छ। आइलिग गतसिजन इस्ट बंगालले जितेको थियो। अब, दोस्रो खेलमा सेथुले चारदिनपछि इस्ट बंगालसँग खेल्नेछ। यसअघि सेथुले कमब्याक जित निकालेको हो। खेलमा पहिलो गोल किक स्टार्सकी बेबी सानादेवीले १२औँ मिनेटमा गरिन्। त्यसपछि खेलको २०औँ मिनेटमा काभियाले सेथुका लागि बराबरी गोल फर्काएकी हुन्। ५०औँ मिनेटमा मालाभिका प्रसादले विजयी गोल गरिन्।

खेल संक्षेप

मातृभूमिको दुवै टिम फाइनलमा

काठमाडौं/ आयोजक मातृभूमिको 'ए' र 'बी' टिम दोस्रो मातृभूमि कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको फाइनलमा प्रवेश गरेका छन्। शनिबार मातृभूमि 'ए'ले इनोभेटिभलाई ४८-३९ ले पराजित गऱ्यो। विजेताका सक्षम महर्जन र आभाष रावतले समान १४ अंक जोडे। अर्को सेमिफाइनलमा मातृभूमि 'बी'ले काठमाडौं वर्ल्ड स्कुललाई ५५-५२ ले हरायो। महिलातर्फ बौद्ध चिल्ड्रेन हेभेन स्कुल र चेल्सी वर्ल्ड स्कुल उपाधिका लागि भिड्ने भएका छन्। बौद्ध चिल्ड्रेनले काष्ठमण्डप विद्यालयलाई ४५-१५ ले सहजै पाखा लगायो। बौद्ध चिल्ड्रेनकी जस्मिन गुरुङले १७ स्कोर गरिन्। चेल्सीले मातृभूमिलाई ३२-२४ ले पन्छायो। चेल्सीकी तेन्जिङ कुसाङ शेर्पाले २० अंक जोडिन्। फाइनल आइतबार हुनेछ।

मिस्टर महानगर शारीरिक सुगठन हुने

काठमाडौं/ काठमाडौं महानगरपालिका वडा २२ को आयोजनामा दोस्रो मिस्टर महानगर शारीरिक सुगठन च्याम्पियनसिप आगामी जेठ २९ र ३० गते हुने भएको छ। नेपाल शारीरिक सुगठन तथा फिटनेस महासंघको सहकार्य तथा काठमाडौं जिल्ला शारीरिक सुगठन तथा फिटनेस संघको प्राविधिक सहयोगमा हुने प्रतियोगितामा पुरुषतर्फ कुल नौ विधामा प्रतिस्पर्धा हुने आयोजक वडा २२ का अध्यक्ष चिनिकाजी महर्जनले शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए। जसअन्तर्गत ६ तौलसमूह, दुई स्पोर्ट फिजिक्स र एक ओभरअल विधामा प्रतिस्पर्धा हुनेछ। त्यस्तै, महिलातर्फ स्पोर्ट फिजिक्सअन्तर्गत खुला प्रतिस्पर्धा गराइनेछ।

रुविन र इभानालाई स्वर्ण

काठमाडौं/ ललितपुर महानगरपालिका- ८ का रुविन महर्जन र शिवशताक्षी- ८ की इभाना थापाले पाँचौँ अल नेपाल अन्तरवडा राष्ट्रिय टेबलटेनिस प्रतियोगितामा स्वर्ण पदक जितेका छन्। शनिबार खुला पुरुषमा रुविन र महिलामा इभाना च्याम्पियन बनेका हुन्। लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको पुरुष फाइनलमा रुविनले ललितपुर- १६ का संयोग कपालीलाई ३-२ को रोमाञ्चक सेटमा हराए। महिलाको उपाधि भिडन्तमा इभानाले संखुवासभा ४ की वियंका राईलाई पनि ३-२ कै सेटमा हराइन्। उनले ७-११, ११-६, ११-४, १-११, ११-९ र ११-६ को जित निकालिन्।

एटियू रेफ्री एजुकेसन कोर्समा शिवाकोटी

काठमाडौं/ नेपालका अन्तर्राष्ट्रिय निर्णायक बब्लु शिवाकोटी विश्व तेक्वान्दोले सञ्चालन गरेको एटियू रेफ्री एजुकेसन कोर्समा सहभागी भएका छन्। विश्व तेक्वान्दोले सञ्चालन गरेको चारदिने कोर्समा नेपालबाट सिवाकोटी छनोट भएका थिए। शिवाकोटी ग्योरोगी र पुम्सेको अन्तर्राष्ट्रिय निर्णायकसमेत हुन्। विश्व तेक्वान्दोले परिवर्तन गरेका नयाँ नियमका बारेमा जानकारी गराउन एसियन तेक्वान्दो युनियन (एटियू)ले एसियाका सबै देशबाट प्रतिनिधित्व हुने गरी रेफ्री छनोट गरेर यही डिसेम्बर १७ देखि २० तारिखसम्म दक्षिण कोरियाको राजधानी सियोलस्थित कोरिया नेसनल स्पोर्टस् एकेडेमीमा चार दिनसम्म प्रशिक्षण सञ्चालन गरिरहेको छ। कोर्समा सहभागी हुन सिवाकोटी गत मंगलबार नै दक्षिण कोरिया गएका थिए। कोर्समा एसियाका ४० राष्ट्रका सयजना रेफ्री सहभागी भएका छन्।

आइओएफटिसी टिम च्याम्पियन

काठमाडौं/ नेप्लिज तेक्वान्दो एकेडेमी १५औँ इन्टरनेसनल ओपन फ्रेन्डसिप तेक्वान्दो च्याम्पियन्सिप (आइओएफटिसी)मा टिम च्याम्पियन बनेको छ। शनिबार त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलुकद परिषद्को कभर्डहलमा भएको प्रतियोगितामा नेप्लिज तेक्वान्दो एकेडेमीले सर्वाधिक ४५ स्वर्ण, ३२ रजत र ३१ कांस्य पदक जित्यो। कोटेश्वर तेक्वान्दो डोजाङ दोस्रो र चन्द्रागिरि तेक्वान्दो डोजाङ तेस्रो स्थानमा रहे। कोटेश्वरले ३१ स्वर्ण, २० रजत र १५ कांस्य पदक हासिल गऱ्यो। तेस्रो हुने चन्द्रागिरिले नौ स्वर्ण, सात रजत र तीन कांस्य पदक प्राप्त गऱ्यो। यसैगरी, चौथो हुने अमेरिकाले आठ स्वर्ण र दुई रजत पदक जितेको थियो। च्याम्पियन नेप्लिज तेक्वान्दोले च्याम्पियन ट्रफीसहित ५० हजार रुपैयाँ प्राप्त गऱ्यो। कोटेश्वर ३७ हजार पाँच सय र चन्द्रागिरि २५ हजार रुपैयाँको हकदार बने।

■ रोकियो चेल्सी



एजेन्सी/ इंग्लिस प्रिमियर लिग फुटबलमा न्युक्यासल युनाइटेड र चेल्सीले २-२ गोलको बराबरी खेलेका छन्। शनिबार राति पहिलो हाफमै दुई गोलको अग्रता लिए पनि न्युक्यासलले जोगाउन सकेन। दोस्रो हाफमा चेल्सीले २ गोल फर्काउँदै अंक खोसेको थियो। बराबरीपछि चेल्सी १७ खेलबाट २९ अंकसहित चौथो स्थानमा यथावत् छ। न्युक्यासल २३ अंकसहित ११औँ स्थानमा रह्यो। न्युक्यासलका लागि निक बोल्टमाडले दुवै गोल गरेका थिए।

चेल्सीका रिस जेम्स र जोआओ पेड्रोले एक-एक गोल गरेका हुन्। खेलको चौथो मिनेटमा नै वोल्टमाडले गोल गर्दै न्युक्यासललाई अग्रता दिलाएका थिए। २०औँ मिनेटमा उनैले अग्रता दोब्बर बनाए। ४९औँ मिनेटमा जेम्सले अग्रता २-१ मा झारेका हुन्। ६६औँ मिनेटमा पेड्रोले गोल गर्दै खेल बराबरीमा ल्याए।

ज्ञान संस्कार टिम च्याम्पियन

नयाँ पत्रिका

आयोजक ज्ञान संस्कार इन्टरनेसनल स्कुल, सामाखुसी चोक, काठमाडौंले तेस्रो ज्ञान संस्कार अन्तरविद्यालय राष्ट्रिय स्केट प्रतियोगिताको उपाधि जितेको छ। शनिबार नेपाल स्केटिङ तथा स्केट बोर्डिङ संघको समन्वयमा भएको प्रतियोगितामा श्री शिवा नर्सिङ शिक्षालय दोस्रो तथा अलकापुरी स्कुल तेस्रो भएका छन्। समापन कार्यक्रममा बोल्दै ज्ञान संस्कारकी प्रधानाध्यापक निलम बानियाँ बडूले सहभागी सबै विद्यालय, खेलाडी तथा अभिभावकप्रति धन्यवाद व्यक्त गरिन्।



प्रधानाध्यापक बडूले प्रतियोगिताले विद्यालयस्तरमा स्केटिङ खेलको प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै प्रतियोगिताले विद्यार्थीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरका खेलकुदमा अगाडि बढ्न प्रेरणा दिने विश्वास व्यक्त गरिन्। स्केट बोर्डिङ संघका अध्यक्ष अच्युत खनालले खेलकुदमार्फत अनुशासन, स्वास्थ्य र प्रतिस्पर्धी भावना विकास हुने धारणा व्यक्त गरे। आयोजक ज्ञान संस्कारकै हातामा भएको एकदिने प्रतियोगितामा काठमाडौं उपत्यकाका ३० भन्दा बढी विद्यालयबाट २०० बढी खेलाडी सहभागी थिए।

■ एसेज सिरिज

अस्ट्रेलिया जिततर्फ अग्रसर

एजेन्सी

एसेज सिरिजमा घरेलु टोली अस्ट्रेलिया भ्रमणकारी टोली इंग्ल्यान्डविरुद्ध जिततर्फ अग्रसर भएको छ। चौथो दिनको स्टम्पसम्म ६ विकेट गुमाएको इंग्ल्यान्डले मात्र २०७ रन जोडेको छ। पाँचौँ दिन एडिलेडमा इंग्ल्यान्डलाई खेल जित्न २२८ रन आवश्यक छ। टोलीसँग मात्र ४ विकेट बाँकी रहेको छ।

> चौथो दिनको स्टम्पसम्म ६ विकेट गुमाएको इंग्ल्यान्डले मात्र २०७ रन जोडेको छ, चौथो दिन एडिलेडमा इंग्ल्यान्डलाई खेल जित्न २२८ रन आवश्यक

सिरिजमा सानदार प्रदर्शन गरिरहेको अस्ट्रेलियाले इंग्ल्यान्डमा ४३५ रनको विशाल लक्ष्य दिएको थियो। घरेलु टोली अस्ट्रेलिया सिरिज 'क्लिन स्विप' गर्ने योजनामा छ। पहिलो र दोस्रो टेस्ट नै अस्ट्रेलियाले ८ विकेटले जितिसकेको छ। तेस्रो दिनको समाप्तीमा जेमी स्मिथ २ तथा विल ज्याक्स ११ रन बनाएर क्रिजमा छन्। उनीलाई यो अवस्थाबाट टिमलाई जिततर्फ बढाउन निकै चुनौती छ। ओपनर ज्याक क्रेलीले सर्वाधिक ८५ रन बनाए। उनले १५१ बलमा ८ चौका हिर्काएका थिए। जोय रुट ३९ रन बनाउँदा ह्यारी ब्रुकले ३० रनको योगदान गरेका हुन्। ओली पपले १७ रन मात्रै जोडेर पेभिलियन फर्किएपछि अस्ट्रेलिया दबाबमा आएको थियो। यसअघि ओपनर बेन डककेट पनि मात्र ४ रन बनाएर आउट भएका थिए। अस्ट्रेलियाका प्याट कमिन्स र नाथ लायनले समान तीन विकेट लिएका छन्। कमिन्सले १० ओभरमा तीन मेडन राख्दा २४ रन खर्चिए। लायनले १८ ओभरमा समान तीन मेडनसहित ६४ रन खर्चिएका छन्। १० ओभरमै बलिङ गरेका मिचेल स्टार्क, स्कट बोलान्ड र ट्राभिस हेड विकेटविहीन छन्।

हेडको शतकीय इनिङ्स

यसअघि अस्ट्रेलियाको दोस्रो इनिङ्समा ओपनर ट्राभिस हेडले १७० रन बनाएका थिए। उनले २१९ बलमा १६ चौका र २ छक्का हिर्काएका हुन्। एलेक्स क्यारीले ६ चौकासहित ७२ रन बनाए। उस्मान खवाजाले ४० रनको योगदान गरेपछि टोलीले विशाल लक्ष्य दिएको थियो। इंग्ल्यान्डका जस टोंगुइले ४, ब्रेडन कार्सीले ३ विकेट हात पारेका थिए।

यसअघि टस जितेर ब्याटिङ गरेको अस्ट्रेलियाका लागि एलेक्स क्यारीले शतकीय इनिङ्स खेले। उनले १४३ बलमा ८ चौका र १ छक्कासहित १०६ रन बनाएका थिए। मिचल स्टार्कले नवौँ नम्बरमा आएर ५४ तथा उस्मान खवाजाले ८२ रनको योगदान गरेपछि अस्ट्रेलिया ३७१ रनमा अलआउट भएको थियो।

इंग्ल्यान्डको लागि जोफ्रा अर्चलले सर्वाधिक ५ विकेट लिएका थिए। उनले २०.२ ओभरमा ५ मेडन राख्दा ५३ रन खर्चिएका थिए। कार्सी र विल ज्याकले समान २ विकेट लिएका थिए।

प्रत्युत्तरमा इंग्ल्यान्डका लागि कप्तान बेन स्टोक्सले सर्वाधिक ८३ रन बनाए। दसौँ नम्बर क्रिजमा आएका अर्चरले ५१ रनको योगदान गरे। यसअघि ह्यारी ब्रुकले ४५ रन बनाएका थिए। अस्ट्रेलियाका कमिन्स र बोलान्डले समान तीन विकेट लिएका थिए।



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com